




# नेपाल समाचारपत्र

नेपाली मनको नेपाली पत्रिका

NEPAL SAMACHARPATRA

नेपाल समाचारपत्र दैनिक, कामना, साधनाका ग्राहक बन्नु परेमा, पत्रिका समयमा नआएमा, कुनै गुनासो भएमा सम्पर्क गर्नुहोला।

कामना न्यूज पब्लिकेसन्स्
कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं
सम्पर्क : ०१-४२६११७९
एक्सटेन्सन: ११३ (९ बजेदेखि ६ बजेसम्म)

बुधवार, असार २७, २०७५ | Wednesday, July 11, 2018 | www.newsofnepal.com | नेसं ११३८ तछलागा १३ | वर्ष २४, अंक १८२ | पृष्ठ १२ | मूल्य रू १०/–









काठमाडौंको सुन्दरीजलमा बन्दै गरेको मेलम्ची खानेपानीको प्रशोधन केन्द्र र पानीपोखरीहरू । दुई दशकदेखि चर्चामा रहेको मेलम्ची खानेपानीको निर्माण आयोजना पटक–पटक रोकिँदै आए पनि अहिले कामलाई तीव्रता दिइएको छ ।
तस्वीर : अनिल आङदेम्बे/काठमाडौं

# जोखिममा बीपी राजमार्ग

मधुसूदन रायमाझी, काठमाडौं

राजधानी काठमाडौं जोड्ने वैकल्पिक राजमार्गका रूपमा रहेको बीपी राजमार्ग पनि जोखिममा परेको छ। स्थानीय तहमा बिनामापदण्ड सडक निर्माण गर्दा बीपी राजमार्ग जोखिमा परेको हो। वर्षाको समयमा अनियन्त्रितरूपमा निर्माण भएको ग्रामीण सडकको कारण ठाउँठाउँमा सडक अवरुद्ध हुने क्रम बढेको छ। मुग्लिनमा जाम हुँदा बीपी राजमार्ग हुँदै सवारी साधनहरू सञ्चालन हुने गरेका छन्।

तर ग्रामीण सडक निर्माणको शिकार बीपी राजमार्ग बन्न पुगेको छ। काभ्रेको रोशी खोला, सिन्धुलीको सुनकोशी नदीको किनारैकिनार सिन्धुलीगढी हुँदै बर्दिवास जोडिएको बीपी राजमार्गअन्तर्गत काभ्रे र सिन्धुलीको दर्जनौं स्थानमा वर्षाको समयमा ढुंगा माटोसहितको खहरे आउँदा सवारी आवतजावत अवरुद्ध हुने गरेको छ।

स्थानीय तहमा सरकार गठन भएसँगै सबैभन्दा बढी लगानी सडक निर्माणमा भएको कारण पनि पछिल्लो वर्षमा बीपी राजमार्गमा माथिल्लो भागबाट लेदो आएर पुर्ने र सडक अवरुद्ध हुने गरेको सुनकोशी गाउँपालिकाका स्थानीय पदम श्रेष्ठ बताउनुहुन्छ। सडक निर्माणको देलोका कारण कालोपत्रे भत्किने गरेको छ। साँघुरो सडकमा पहिरो खस्दा सडक अवरुद्ध हुँदा घन्टौं ट्राफिक जाम हुने गरेको छ। बीपी राजमार्गअन्तर्गत पर्ने खहरे खोला र नयाँ सडक निर्माण गरिएको स्थानबाट सडकमा ढुंगा माटो थुप्रिने गर्दा सर्वसाधारण यात्रुलाई सास्ती हुने गरेको छ। राजमार्गको एक दर्जनभन्दा बढी स्थानमा खहरेले दु:ख दिने गरेको छ। वर्षाको समयमा पानी पर्नासाथ खहरे बढ्ने र साना सवारी साधान सञ्चालनमा कठिनाइ हुने गरेको सवारी चालक कृष्ण थापामगर बताउनुहुन्छ।

स्थानीय तहको सरकार गठन भएपछि गाउँगाउँमा विकास निर्माण भनेकै सडक निर्माण हो। स्थानीय तहले अधिकांश बजेट सडक निर्माण र स्तरोन्नतिको काममा खर्चिएका छन्। सडक निर्माणको नाममा मापदण्ड विपरीत खनिएको सडकको कारण जोखिम पनि उत्तिकै बढ्दै गएको छ। गाउँघरमा खनिएका सडकको कारण मुख्य राजमार्गलाई समेत असर गरेको भन्दै स्थानीयले चिन्तासमेत व्यक्त गर्न थालेका छन्।

नयाँ सडक निर्माण गर्दा नालाको व्यवस्था नहुनु, मापदण्ड विपरीत नै सडक निर्माण गर्दा अहिले सामान्य पानी पर्दासमेत मुख्य राजमार्ग अवरुद्ध हुने गरेको छ। बीपी राजमार्ग पनि यसबाट अछुतो हुन सकेको छैन। बीपी राजमार्गको दर्जनौं स्थानमा माथिबाट आएको भेलको कारण अहिले सडक अस्तव्यस्त बन्ने गरेको छ। बीपी राजमार्गको धुलिखेल-नेपालथोक खण्डको तीन स्थानमा भने वर्षाको समयमो सडक अवरुद्ध हुने गरेको छ।

- पुल नहुँदा सडक नै अवरुद्ध हुन थाल्यो
- सडकमा लेदो जम्दा कालोपत्रे भत्किने क्रम बढ्यो
- दर्जनौं स्थानमा जोखिम

सडक विभागले वर्षाको समयमा उर्लिने खहरेमा पुल निर्माण गर्ने प्रक्रिया अगाडि बढाएको छ। बीपी राजमार्गको नेपालथोक-धुलिखेल सडक खण्डको माम्तीमा पक्की पुलको अवधारणा अगाडि सारेको छ।

(क्रमश: पृष्ठ ९ मा)

कक्षा ११ को छात्रवृत्ति

# कहिले हट्छ अन्योल ?

## फारम भर्न समस्या

ईश्वरराज ढकाल, काठमाडौं

कक्षा ११ को छात्रवृत्ति विद्यालय तहबाटै छनोट गर्ने भएपछि विद्यार्थी अलमलमा परेका छन्। राष्ट्रिय परीक्षा बोर्डको सिफारिसमा संस्थागत विद्यालयले छात्रवृत्ति दिनुपर्ने व्यवस्था खारेज भएपछि छात्रवृत्तिका लागि आवेदन दिन तयार भएका सयौं विद्यार्थीलाई समस्या परेको छ।

कुन विद्यालयमा कसरी निवेदन दिने भन्ने विषयमा अहिलेसम्म विद्यार्थीलाई जानकारी नै छैन। विद्यार्थीले विद्यालयमा आवेदन दर्ता गर्दा विद्यालयहरूले जानकारी नै नभएको बताउने गरेका छन्। अधिकांश विद्यालयले परीक्षा बोर्डले सिफारिस गरेको आधारमा छात्रवृत्ति दिने जनाउँदै आएका छन्।

अभिभावक संघ नेपालका पूर्वअध्यक्ष सुप्रभात भण्डारीले छात्रवृत्तिमा पढ्ने विद्यार्थीका लागि समस्या बढेको बताउनुभयो। उहाँले कहाँ र कसरी निवेदन दिने भन्ने विषयमा हालसम्म जानकारी नभएको बताउनुभयो। स्थानीय निकायलाई अधिकार दिएको भए ती निकायले सरोकारवालालाई जानकारी दिनुपर्ने उहाँको भारणा छ। शिक्षा विभागले स्थानीय निकायमा निवेदन दिएर छात्रवृत्ति लिनुपर्ने सूचना जारी गरे पनि त्यसको कार्यान्वयन हुन नसकेको उहाँको भनाइ थियो।

सबै स्थानीय निकायले आफ्नै ढंगबाट छात्रवृत्ति दिने तयारी गरेपछि समस्या बढ्दै गएको हो। ललितपुर महानगरपालिकाले संस्थागत विद्यालयबाट अध्ययन गरेका विद्यार्थीलाई ५० र सामुदायिक विद्यालयबाट अध्ययन गरेका विद्यार्थीलाई ५० प्रतिशत छात्रवृत्ति दिने निर्णय गरेको छ। अधिकांश स्थानीय निकायले स्थानीयबासीका छोराछोरीलाई मात्र छात्रवृत्ति दिने योजना बनाएका छन्। छात्रवृत्तिमा अध्ययन गर्न चाहने विद्यार्थीले अब आफूले पढ्न चाहेको विद्यालयमा भर्ना भई सोही विद्यालयमा छात्रवृत्ति फारम भर्नुपर्ने व्यवस्था गरेको छ।

काठमाडौं महानगरपालिका शिक्षा विभागले कामपाका ३२ वटै वडालाई वडास्तरीय विद्यालयबाटै छात्रवृत्ति उपलब्ध गराउन पत्राचार गरेको छ। कामपा शिक्षा विभाग प्रमुख प्रह्लाद अर्यालले राष्ट्रिय परीक्षा बोर्डमार्फत छात्रवृत्ति दिने व्यवस्था अन्त्य भएको जानकारी दिनुभयो। सामुदायिक विद्यालयमा अध्ययन गरेका विद्यार्थीलाई कक्षा ११ मा अध्ययन गर्न छात्रवृत्ति दिने व्यवस्था थियो।

(क्रमश: पृष्ठ ९ मा)

# गुफामा फसेका सबैको उद्धार

बैंकक, (एजेन्सी)

उत्तरी थाइल्यान्डको टेम लुङ गुफामा फसेका बाँकी ४ बच्चा र उनका प्रशिक्षकलाई पनि सुरक्षित निकालिएको छ। यससँगै गुफामा फसेका १२ केटा र उनीहरूका फुटबल प्रशिक्षकलाई बचाउने लामो र जोखिमपूर्ण उद्धार अभियान सफलतापूर्वक सम्पन्न भएको छ। ती केटाहरू ११ देखि १७ वर्षका छन्।

थाइल्यान्ड नौसैनिक सिल्सले सबै १२ बच्चा र उनका प्रशिक्षकलाई सुरक्षित निकालिसकेको पुष्टि गरेको छ। यद्यपि उद्धार टोलीका एक चिकित्सकसहित ४ गोताखोर अझै गुफाबाट बाहिर निस्कन बाँकी रहेको बताइएको छ। सोमबार साँझसम्ममा ८ बच्चालाई पहिल्यै सुरक्षित बाहिर निकालिसकेको थियो।

(विस्तृत समाचार पृष्ठ ८ मा)

# कर्मचारी दरबन्दी निर्धारण अन्तिम चरणमा

नेपाल समाचारपत्र
काठमाडौं

निजामती कर्मचारीको दरबन्दी ८६ हजार छ। कार्यबोझ तथा सांगठनिक र व्यवस्थापन सर्वेक्षणका आधारमा केन्द्रलाई ४५ हजारको हाराहारीमा कर्मचारी आवश्यक रहने मन्त्रालयको प्रारम्भिक अनुमान ।

संघ, प्रदेशमा कर्मचारीको दरबन्दी निर्धारण गर्ने सरकारको तयारी अन्तिम चरणमा पुगेको छ।

संघीय संरचनाअनुरूप कर्मचारी समायोजन कार्यलाई अघि बढाउन सामान्य प्रशासन मन्त्रालयले संघ, प्रदेशमा कर्मचारीको दरबन्दी निर्धारण गर्न लागेको हो। संघ, प्रदेशमा रहने दरबन्दी निर्धारण कार्यलाई अन्तिम स्वरूप दिएपछि हाल कर्मचारीको अन्तरिम समायोजनमा भएको सकसको स्थिति क्रमश: सहजमा हुँदै जाने मन्त्रालयको विश्लेषण रहेको छ।

'दरबन्दी निर्धारण कार्य अन्तिम चरणमा पुगेको छ। संघ, प्रदेशमा कति कर्मचारी रहने हो, त्यसको अन्तिम टुंगो एक दुई दिनमा लाग्नेछ।' -मन्त्रालयका प्रवक्ता सुरेश अधिकारीले *नेपाल समाचारपत्र*सँग भन्नुभयो।

प्रवक्ता अधिकारीका अनुसार संघमा करिब ४५ हजारको हाराहारीमा कर्मचारी आवश्यक रहनेछन्। स्वास्थ्य सेवासमेत गरेर केन्द्र सरकारमा हाल करिब १ लाख १७ हजार कर्मचारी रहेका छन्। त्यसमध्ये निजामती कर्मचारीको दरबन्दी करिब ८६ हजार छ। कार्यबोझ तथा सांगठनिक तथा व्यवस्थापन सर्वेक्षणका आधारमा केन्द्रलाई ४५ हजारको हाराहारीमा कर्मचारी आवश्यक रहने मन्त्रालयको प्रारम्भिक अनुमान रहेको छ। केही कार्यालयहरूको सर्वेक्षणको प्रतिवदेन आउन बाँकी छ। ती कार्यालयहरूको प्रतिवेदन आएपछि दरबन्दीको संख्या सार्वजनिक गर्ने मन्त्रालयको तयारी रहेको छ।

त्यसै गरी सातवटै प्रदेशमा रहने मन्त्रालय र प्रदेशअन्तर्गत रहने निर्देशनालय र कार्यालयमा गरी १६ हजारको हाराहारीमा कर्मचारी रहनेछ। अहिले प्रदेशमा दक्षता कम र अनुभव नभएका कर्मचारीहरू मात्र पठाइरहेकोमा प्रदेशका मुख्य मन्त्रीहरू संघ सरकारसमक्ष असन्तुष्टि रहेको पाइएको छ।

स्थानीय तहको दरबन्दी भने यसअघि नै मन्त्रिपरिषद्ले टुंगो लगाइसकेको छ। गत चैत १४ गते बसेको मन्त्रिपरिषद्को बैठकले ५७ हजार ३ सय ५४ कर्मचारीलाई स्थानीय तहमा पठाउने निर्णय गरेको थियो। स्थानीय तहमा भइरहेको कर्मचारी अभावलाई ध्यानमा राखेर काजमा धमाधम कर्मचारी स्थानीय तह पठाइरहेको पनि मन्त्रालयका प्रवक्ता अधिकारीले *नेपाल समाचारपत्र*लाई जानकारी दिनुभयो।

# 'असारे भ्रमण' जर्जियामा

प्रशान्त वली, काठमाडौं

चालू आर्थिक वर्ष सकिन लाग्दा सर्वोच्च अदालत र मेलमिलाप परिषद्को टोली विदेश हुइँकिएको छ। सर्वोच्चका न्यायाधीश आनन्दमोहन भट्टराईको नेतृत्वमा ९ सदस्यीय टोली जर्जिया गएको हो।

उक्त टोलीमा उच्च अदालतका न्यायाधीश केशव जोशी, सर्वोच्चका मुख्य रजिस्ट्रार राजन भट्टराई, सहरजिस्ट्रार नारायण पन्थी, जिल्ला न्यायाधीश अर्जुन अधिकारी, शाखा अधिकृत सुवर्णप्रसाद खनाल, परिषद्का मातृका निरौला, सरिता श्रेष्ठ, गीता शर्मा रहनुभएको छ।

कानुन न्याय तथा संसदीय मामिलामन्त्री शेरबहादुर तामाङले यसबारे आफूलाई जानकारी नभएको *नेपाल समाचारपत्र*लाई जानकारी दिनुभयो। उहाँले भन्नुभयो- 'सरकारको पूर्वस्वीकृत लिनुपर्ने हो। हामीलाई जानकारी छैन। उहाँहरू आएपछि कुरा हुन्छ।'

उक्त टोली परिषद्को वार्षिक कार्यक्रमबाट स्वीकृत ४० लाख रुपियाँ बजेटमा टेकेर असार २८ गतेसम्मका लागि जर्जिया गएको हो। उक्त भ्रमणका क्रममा प्लेन टिकटबाहेक १३ लाख रुपियाँ खर्च हुनसक्ने समाचार स्रोत बताउँछ।

सर्वोच्च अदालतका प्रवक्ता भद्रकाली पोखरेलले उक्त टोली मेलमिलापसम्बन्धी पूर्वनिर्धारित कार्यक्रममा सहभागी हुन जर्जिया गएको *नेपाल समाचारपत्र*सँग दाबी गर्नुभयो। उहाँले भन्नुभयो- 'कति खर्च हुन्छ ठ्याक्कै जानकारी भएन।'

न्यायाधीश भट्टराई मेलमिलाप परिषद्मा आबद्ध भएकाले उहाँको नेतृत्वमा टोली भ्रमण गएको बताइएको छ। सर्वोच्चका सञ्चारविज्ञ किशोर पौडेलले *नेपाल समाचारपत्र*सँग भन्नुभयो- 'असारे बजेट सक्नकै लागि टोली जर्जिया गएको होइन। पूर्वनिर्धारित कार्यक्रम हो।'

# डा. केसीको स्वास्थ्य झन् खस्कँदो

काठमाडौं, (नेस)

११ दिनदेखि जुम्लामा अनशनरत प्राडा गोविन्द केसीको स्वास्थ्य अवस्था झन् खस्कँदै गएको छ।

डा. केसीको छातीको बीच भागमा दुखाइ बढेको, कमजोरी भएको, चक्कर, वाकवाकी लाग्ने, पेट दुख्ने, मांसपेशी बाउँडिने, पिसाबमा किटोन बढी ५ प्लस, सेतो रक्तकोशिका क्रमिक रूपमा घट्दै गएको, रगतमा चिनीको मात्रा घट्दै गएको, रगतमा म्याग्नेसियमको मात्रा घट्दै गएको र मुटुको चाल तलमाथि भइरहेको उपचारमा संलग्न डा. प्रवीणकुमार गिरी, डा. धिरज गुरुङ र डा. सिद्धार्थ खातीले मंगलबार जारी गर्नुभएको रिपोर्टमा उल्लेख छ।

आज बुधबार बिहान उहाँको शरीरको सम्पूर्ण अवस्थाको परीक्षण गर्ने उल्लेख गरिएको छ। नेपाल चिकित्सक संघका अध्यक्ष डा. मुक्तिराम श्रेष्ठले मंगलबार केसीको स्वास्थ्यसम्बन्धी माग तत्काल सम्बोधन नभए इमर्जेन्सीबाहेकका सबै सेवा बन्द गराउन आफूहरू बाध्य हुने चेतावनी दिनुभएको छ। संघले ३ दिनदेखि हातमा कालोपट्टी बाँधेर विरोध प्रदर्शन गर्दै आएको छ। अध्यक्ष श्रेष्ठले डा. केसीको मागलाई राजनीतिक आवरणबाट हेर्न नहुने धारणा राख्नुभयो। प्राडा केदारभक्त माथेमा आयोगको मर्मअनुरूप नै चिकित्सा शिक्षा विधेयक पारित हुनुपर्ने केसीको अडान छ।




# रियलले रोनाल्डोलाई छाड्ने पक्का

लन्डन एजेन्सी

रियल मेड्रिडले क्रिस्टियानो रोनाल्डोलाई युभेन्टसमा आबद्ध गराउन मन्जुरी दिएको छ। मंगलबार क्लबले जनाएअनुसार १० करोड ५० लाख पाउन्डमा दुई क्लबबीच सम्झौता भइरहेको छ। यसले ३३ वर्षीय स्ट्राइकरको बेर्नाबिउमा १० वर्षको यात्रा समाप्त पनि हुनेछ।

क्लबको वक्तव्यमा उल्लेख गरेको छ- 'रियल मेड्रिडका लागि क्रिस्टियानो रोनाल्डो सधैंका लागि महान् खेलाडी रहनेछन्। विश्व फुटबल र हाम्रा क्लबको इतिहासमा उनी चम्किला खेलाडी हुन्।'

रियल मेड्रिड तपाइँको घरझैं हो। यो सम्झौतापछि इटाली क्लबको ७ करोड ५३ लाख पाउन्डको रेकर्डलाई छायामा पार्नेछ। गोन्जालो हिग्वेनलाई उक्त रकम युभेन्टसले तिरेको थियो।

रियलले रोनाल्डोलाई छाडेर नेयमारलाई अनुबन्ध गर्न चाहेको पनि क्लबले जनाएको छ। उनीहरू ब्राजिली फरवार्डसँग सम्झौताका लागि सम्पर्क गरिरहेका छन्। रियलले गत सिजनमा च्याम्पियन्स लिग उपाधि जितेसँगै मेनेजर जिनेदिन जिदानले पद छाडेका थिए। उनको पदमा युलेन लोपेटेगुईले लिएका छन्। तर, उनी यही पद लिएको बहानामा स्पेनी राष्ट्रिय टिमबाट विश्वकप शुरू



हुनु एक दिनअघि बर्खास्त भएका थिए।

हिजै युभेन्टस यानी द ओल्ड लेडीका अध्यक्ष एन्ड्रिया एग्नेलीले निजी विमानमा यात्रा गरेर रोनाल्डोलाई भेट्न लागेको खबरले पनि त्यो सम्भावनालाई बल दिएको हो। ग्रिसमा छुट्टी मनाइरहेका रोनाल्डोको होटलमा एग्नेलीले भेट्ने कार्यक्रम रहेको एजेन्सीले मंगलबार जनायो। पोर्चुगिज स्टारलाई ८ करोड ८० लाख पाउन्डमा आबद्ध गराउने कोशिसमा छ, युभेन्टस।

४२ वर्षीय अध्यक्ष एग्नेली पिसा अन्तर्राष्ट्रिय विमानस्थलमा देखिएको र उनले स्टाफ सदस्यहरूसँग त्यहीं फोटो पनि खिचाएका थिए। रियल मेड्रिडसँग सानदार ९ सिजन खेलेका रोनाल्डो बेर्नबेउ छाड्न चाहेको गत सिजनदेखि हल्ला चल्दै आएको थियो। २००९ मा म्यानचेस्टर युनाइटेडबाट उनलाई विश्व रेकर्ड रकममा रियलले अनुबन्ध गरेको थियो। उनले ४ च्याम्पियन्स लिग र २ ला लिगा उपाधि जितेका छन्।

रोनाल्डोले ४ बेलन डीअर उपाधि (वर्षको सर्वश्रेष्ठ खेलाडी) जितेका छन्। उनले युभेन्टसको प्रस्ताव स्वीकार गरेमा आउँदो सिजनदेखि इटालियन सिरी 'ए' मा खेलिरहेका हुन्छन्। जहाँ युभेन्टसले लगातार ७ पटक सिरी 'ए' उपाधि जितेको छ। तर, च्याम्पियन्स लिग उपाधि भने १९९६ मा जितेको इटालियन क्लबले २०१५ र २०१७ मा फाइनल हारेको थियो। दुवै फाइनलमा रियलसँग टोली हारेको थियो।



## सेमिफाइनलका खेल

| असार २६ गते | | |
|---|---|---|
| फ्रान्स | | बेल्जियम |
| **असार २७ गते** | | |
| इंग्ल्यान्ड | | क्रोएसिया |

## आर्थर बार्सिलोनामा अनुबन्धित

मेड्रिड, (एजेन्सी)




स्पेनिस फुटबलको चर्चित क्लब बार्सिलोनाले आर्थर हेनरिक रामोस डी ओलिभेरालाई क्लबमा अनुबन्धित गरेको छ।

बार्सिलोनाले ब्राजिलियन क्लब ग्रिमियोबाट मिडिफिल्डर आर्थरलाई भित्र्याएको हो। बार्सिलोनाले आर्थरलाई २७.५ मिलियन पाउन्डमा अनुबन्ध गरेको बताइएको छ। आर्थरलाई ६ वर्षका लागि अनुबन्ध गरेको पुष्टि गर्दै बार्सिलोनाको रिलिज क्लज ३ सय ५० मिलियन पाउन्ड तोकेको छ।

उनी तत्कालै बार्सिलोनाको टिममा सामेल हुने बताइएको छ। बार्सिलोनाको टिममा उनीसँग अर्का ब्राजिलियन खेलाडी फिलिपे कौटिन्हो पनि हुने छन्। २१ वर्षीय आर्थरले अहिलेसम्म राष्ट्रिय टोलीमा स्थान बनाएका छैनन्। यद्यपि उनले जुनियर टिमबाट भने खेलिसकेका छन्। ग्रिमियोबाट उनले कोपा डो ब्रसिल र कोपा लिबर्टाडार भने जितेका छन्।

## विश्वकप २०१८ का गोलकर्ता



**६**
ह्यारी केन (इंग्ल्यान्ड)

**४**
रोमेलु लुकाकु (बेल्जियम)
क्रिस्टियानो रोनाल्डो (पोर्चुगल)

**३**
डेनिस चेरिसेभ (रूस)
क्लियन एमबाप्पे (फ्रान्स)
एडिसन काभानी (उरूग्वे)
आर्टेम डजुबा (रूस)
डिएगो कोस्टा (स्पेन)
येरि मिना (कोलम्बिया)
एन्टोइने ग्रिजम्यान (फ्रान्स)

**२**
इडेन हाजार्ड (बेल्जियम)
वाहबी खाज्री (ट्युनिसिया)
लुइस सुआरेज (उरूग्वे)
सर्जियो अग्वेरो (अर्जेन्टिना)
मोहम्मद सलाह (इजिप्ट)
जोन स्टोन्स (इंग्ल्यान्ड)
लुका मोड्रिच (क्रोएसिया)
अहमद मुसा (नाइजेरिया)
एन्ड्रेज ग्रानक्विस्ट (स्वीडेन)
माइल जेदिनाक (अस्ट्रेलिया)
सन हिउँग मिन (दक्षिण कोरिया)
फिलिपे कौटिन्हो (ब्राजिल)
नेयमार (ब्राजिल)




# फ्रान्समा भएको विश्वकपमा स्विजरल्यान्डको चमत्कार

(स्रोत : साधना, पूर्णाङ्क : ५५, विश्वकप विशेषांक १९९८)

सन् १९३८ म मा फ्रान्सको राजधानी पेरिसमा सम्पन्न दोस्रो विश्वकप फुटबल प्रतियोगिताको रिप्ले गरिएको प्रारम्भिक खेलमा कसैले नपत्याएको स्विजरल्यान्डले जर्मनी (पूर्व र पश्चिम जर्मनी नटुक्रिएको बेला) लाई २ गोलको विरुद्ध ४ गोलले पराजित गरी हलचल मच्चाएको थियो।

विश्वकप शुरू हुनुपूर्व शनिबार दिनको २ बजे जुरिचमा जर्मनीलाई ३ गोलको विरुद्ध ६ गोलले पराजित गर्ने इंग्ल्यान्डलाई जुरिचको हार्डटर्म रंगशालामा १६ हजार ३ सय ७७ दर्शक माझ नाटकीय ढंगले स्विजरल्यान्डले इंग्ल्यान्डलाई २-१ गोलले पराजित गर्न सफल भएको थियो।

सन् १९३८ को ६ फेब्रुअरीमा विश्वकप शुरू हुनुपूर्व स्विजरल्यान्डले ६ वटा अन्तर्राष्ट्रिय म्याच खेलेको थियो। इंग्ल्यान्डलाई पराजित गरेको भोलिपल्टै स्विजरल्यान्डले विश्वकपको पहिलो लिग खेलेको थियो। त्यसपछि जर्मनीविरुद्ध विश्वकप म्याच खेल्नुपूर्व स्विजरल्यान्डले ८ दिनमा ४ म्याच खेलेको थियो। अस्ट्रियाले राजनैतिक दबाब दिएर जर्मनी टोलीमा अस्ट्रियाका खेलाडी समावेश गरिएपछि जर्मनीको खेल निकै खस्किन पुगेको थियो।

सन् १९३७ मा प्रोफेसर ओट्टो नर्जका सहायक सेप हर्वर्गलाई जर्मन टोलीको प्रशिक्षक बनाइएको थियो। नर्जलाई पदमुक्त गरेपछि सो स्थानमा आफूलाई राखेको समाचारपत्रहरूको माध्यमबाट थाहा पाएको बताउने हर्वर्गरको सामु अस्ट्रियाका नयाँ खेलाडीहरूलाई आफ्नो टोलीमा समायोजन गर्ने र नयाँ रणनीति तयार गरी आफ्नो टोलीको पुरानो प्रतिष्ठा कायम राख्ने ठूलो जिम्मेवारी चुनौतीको रूपमा खडा भएको थियो। जसले गर्दा उनी कैयन रात निदाउन सकेका थिएनन्।

४ जुन १९३८ मा जर्मनी र स्विजरल्यान्डबीचको प्रारम्भिक विश्वकप म्याच हेर्न करिब ४० हजार दर्शक उपस्थित भएका थिए। तीमध्ये केही स्वीस दर्शक पनि थिए। अत्यन्त गर्मी वातावरणमा भएको सो खेल निर्धारित समयसम्म १-१ गोलको स्थितिमा रहेको थियो। थप समयको खेलमा पनि दुवै पक्षबाट गोल हुन नसकेको सो म्याचमा बेल्जियमका रेफ्रीले जर्मनीका खेलाडी पेस्सरलाई रातो कार्ड देखाएका थिए। त्यसको ५ दिनपछि हुने रिप्ले म्याचका लागि जर्मनी टोलीले ठूलो तयारी गरेको थियो। तर, सो समय स्वीस टोलीले भने पेरिसमा तास खेल्दै र माछा मार्दै रमाइलो गरी दिन बिताएको थियो।

निकै निर्धक्क रहेको स्वीस टोलीको समर्थनमा भोकिस्छ वियोवाच्तर नामक समाचारपत्रले 'स्वीसविरुद्ध ६ करोड जर्मनी जनता भिड्दै छन्' भन्ने शीर्षकमा लेख छापेको थियो। स्वीस टोलीले रि-म्याचका लागि आफ्नो टोलीमा कुनै हेरफेर गरेन। तर, हर्वर्गरले आफ्नो टोलीमा ६ जना नयाँ खेलाडी ल्याए तर अझै टोलीमा ५ जना खेलाडी अस्ट्रियाकै थिए।

स्वीस प्रशिक्षक कार्ल राजानले आफ्नो नयाँ योजना थाहा नपाउन् भन्ने उद्देश्यले हर्वर्गरले रिप्ले म्याच शुरू हुनु केही समय अगाडि मात्र रंगशालामा नयाँ खेलाडीको नाम घोषणा गरेका थिए।

रि-म्याच शुरू हुँदा २० मिनेटभित्रै जर्मनीले २-० ले नेतृत्व गरेको थियो। स्वीस टोलीका लोर्स्चरबाट आत्मघाती गोल भएको थियो। खेलको ६३औं मिनेटमा विकेलले गरेको गोलबाट स्वीस टोलीले खेललाई बराबरीको स्थितिमा पुऱ्यायो। जर्ज एबी घाइते भई खेल मैदानबाट बाहिरिएपछि स्वीस टोलीले मात्र १० जना खेलाडी लिएर खेल्न बाध्य भएको थियो।

खेल सकिन १५ मिनेट बाँकी छँदा ३ मिनेटभित्र ट्रेल्लो एवेग्गलेनले जर्मनीविरुद्ध लगातार २ गोल गरी स्वीसलाई विजयी बनाएका थिए। खेलपछि म्याचका टिप्पणीकारहरूले सो म्याचको मध्यान्तरपछिको खेलमा खेल मैदान एउटै टोली स्वीस टोली मात्र देखिएको भनी समीक्षा गरेका थिए। सो विश्वकपमा स्विजरल्यान्ड क्वार्टरफाइनलसम्म पुगेको थियो। सो प्रतियोगितामा प्रत्येक स्वीस खेलाडीलाई बोनसबापत १ सय ७५ फ्रान्क प्रदान गरिएको थियो।

*लेखक : विधा श्रेष्ठ*

# ईपीएसमा विश्वकप हाजिरी जवाफ

काठमाडौं, (नेस)

एनके सिंह मेमोरियल ईपीएस स्कुलको आयोजना तथा नेपाल फुटबल संघको तत्त्वावधानमा (एन्फा) को सहकार्यमा विश्वकप फुटबल २०१८ लाई लक्षित गरी 'एनके सिंह अन्तर विद्यालयस्तरीय हाजिरी जवाफ प्रतियोगिता २०७५' शुरू भएको छ।

विश्वकप फुटबलको जानकारी विद्यालयका बालबालिका समक्ष पुऱ्याउने लक्ष्यका साथ उक्त हाजिरी जवाफ प्रतियोगिता आयोजना गरिएको हो। मंगलबार प्रतियोगिताको उद्घाटन अखिल नेपाल फुटबल संघका अध्यक्ष कर्मा छिरिङ शेर्पाले गर्नुभएको थियो। उक्त प्रतियोगिता काठमाडौंको मीनभवनस्थित एनके सिंह मेमरियल ईपीएस स्कुलमा जारी छ। फाइनल असार ३२ गते हुने उक्त प्रतियोगितामा करिब २० वटा विद्यालयको सहभागिता रहको आयोजकले जानकारी गराएको छ। जसमध्ये उपत्यकाबाट १८ तथा दमक र रूपन्देहीबाट समान एक-एक स्कुलले प्रतिस्पर्धा गर्दै छन्। २० वटा स्कुललाई ४ समूहमा विभाजित गरी प्रतियोगिता सञ्चालन गरिएको छ।



अखिल नेपाल फुटबल संघका अध्यक्ष कर्मा छिरिङ शेर्पालाई स्वागत गर्दै ईपीएस स्कुलकी प्रिन्सिपल प्रमिला सिंह।



# कौटिन्होलाई पीएसजीको प्रस्ताव

पेरिस, (एजेन्सी)

ब्राजिलियन राष्ट्रिय टिम र बार्सिलोनाका स्टार फिलिपे कौटिन्हो भित्र्याउन पेरिस सेन्ट जर्मेन (पीएसजी) ले २ सय ७० मिलियन युरोको प्रस्ताव राखेको बताइएको छ।

एक स्पेनिस पत्रिकाका अनुसार कौटिन्होलाई पीएसजीमा स्थानान्तरणका लागि उक्त रकमको प्रस्ताव आएको लेखिएको छ। गत सिजन बार्सिलोनाबाट कीर्तिमानी मूल्य २ सय २२ मिलियन युरोमा नेयमार किनेको पीएसजीले कौटिन्होमाथि सो रकम खर्चन तयार भएको जनाइएको छ। बार्सिलोनाले भने कौटिन्होको रिलिज क्लज ४ सय मिलियन तोकेको छ।




# इंग्ल्यान्डलाई स्तब्ध पार्ने धुनमा क्रोएसिया



मस्को, (एजेन्सी)

विश्व फुटबलका एक से एक खेलाडीले इंग्लिस घरेलु फुटबल संरचना प्रिमियर लिगमा खेल्ने गर्छन्। जारी विश्वकप सेमिफाइनल चरणसम्म पुग्दा प्राय:जसो प्रिमियर लिगका नै छन्। त्यसमाथि २८ वर्षपछि पहिलोपटक विश्वकपको सेमिफाइनल पुगेको इंग्लिस टोली प्रिमियर लिग खेलाडीले सुसज्जितसमेत छ। यस्तोमा २० वर्षपछि पहिलोपटक सेमिफाइनल पुगेको जाट्को डालिचको क्रोएसिया गेरेथ साउथगेटको इंग्ल्यान्डलाई स्तब्ध पारेर फाइनल पुग्ने धुनमा रहेको छ। यी दुईले बुधबार राति मस्कोमा अवस्थित लुज्निकी स्टेडियममा दोस्रो फाइनल खेल्दै छन्।

क्वार्टरफाइनलअन्तर्गत रुसविरुद्धको खेलमा दोस्रो गोल गरेका क्रोएसियाका डोमागोज भिडा भने फिफाको चेतावनीमा परेका छन्। भिडाले 'भिडा युक्रेन' भन्दै गोलको उत्सव मनाएका थिए। जसका कारण फिफाले राजनीतिक नारा लगाएकोमा उनलाई चेतावनी दिइएको हो। उनीमाथि फिफाले जरिवाना तोक्ने सम्भावना भए पनि इंग्ल्यान्डविरुद्धको खेलमा भने उनले सेन्टर ब्याक सम्हाल्ने छन्।

त्यस्तै अघिल्लो खेलमा घाइते भएका लेफ्ट ब्याक इभान स्ट्रिनिचले प्रशिक्षणमा ७५ मिनेट सजिलै खेलेकाले इंग्ल्यान्डविरुद्ध उनी टिम अटाउने छन्। यस्तै सोही खेलमा तिघ्रामा समस्या देखिएको गोलरक्षक ड्यानिजेल सुबासिच र अतिरिक्त समयसम्म खेलेका सिमे भर्साल्ज्को भने बुधबार फिटनेस प्रशिक्षणपछि मात्र खेल्ने वा नखेल्ने टुंगो लाग्नेछ।

रुसविरुद्ध १ सय २० मिनेट खेलेका क्रोएसियन टोलीलाई भने थकानले सताउन सक्नेछ। विशेषत: जारी विश्वकपको सबै म्याच खेल्दै आएका क्रोएसियाका मेरुदण्ड लुका मोड्रिच र इभान पेरिसिचको प्रदर्शनमा थकान बाधक बन्न सक्छ।

यता स्विडेनविरुद्धको खेलमा सामान्य चोट लागेका एस्ली योन्गसहित डेले अली, ह्यारी केन र किली वाकर पूर्णरूपमा फिट छन्। तर, कोलोम्बियाविरुद्धको खेलमा चोट बेहोरेका इंग्लिस फरवार्ड जेमी भार्डी भने पूर्णरूपले फिट हुन सकेका छैनन्। म्यानचेस्टर सिटीका फाबियन डेल्फ पनि टिममा फर्केका छन्। उनी गत साता आफ्नी श्रीमती सुत्केरी हुने भएपछि उनी इंग्ल्यान्ड फर्केका थिए। पिता भएसँगै उनी पुन: रुस फर्केका हुन्। स्विडेनविरुद्धको खेलमा झैं रणनीति अपनाउने देखिएकाले इंग्लिस टिमले सेमीफाइनलमा खासै परिवर्तन नगर्ने सम्भावना रहेको छ।

पछिल्लोपटक एन्फिल्डमा भएको विश्वकप अभ्यास खेलमा ब्राजिलसँग पराजय भोगेयता क्रोएसियाले लगातार ४ म्याचमा जितको नतिजा निकालेको छ। रुसमा भएको म्याचको कुरा गर्दा समूह चरणका ३ वटै खेलमा क्रोएसियाले जित हासिल गरेको थियो। नाइजेरियालाई २-० ले, अर्जेन्टिनालाई ३-० ले तथा आइसल्यान्डलाई २-१ ले हराएर समूह विजेताका रूपमा अन्तिम १६ मा स्थान पक्का गरेको थियो।

यस्तै गोलरक्षक ड्यानिजेल सुबासिचले उत्कृष्ट प्रदर्शन गरेपछि अन्तिम १६ मा डेनमार्कलाई र क्वार्टरफाइनलमा आयोजक रुसलाई टाइब्रेकरमा हराउँदै क्रोएसियाले २० वर्षपछि पहिलोपटक अन्तिम चारको यात्रा तय गरेको हो। यस क्रममा क्रोएसियाले खेलेको हरेक खेलमा गोल गरेको छ।

यता इंग्ल्यान्ड भने पछिल्ला १५ म्याचमा एकपटक मात्र पराजित भएको छ। जारी विश्वकपअन्तर्गत समूह चरणको अन्तिम खेलमा इंग्ल्यान्ड बेल्जियमसँग १-० ले हारेको थियो। समूह चरणको पहिलो खेलमा ट्युनिसियाविरुद्ध इन्ज्युरी समयमा ह्यारी केनको हेड गोलमार्फत इंग्ल्यान्डले २-१ को जित निकालेको थियो। यस्तै पानामालाई ६-१ ले हराउँदा केनले ह्याट्रिक पूरा गरेका थिए। त्यसपछि समूहको अन्तिम खेलमा बेल्जियमसँग १-० ले पराजित हुँदै समूह उपविजेताको रूपमा इंग्ल्यान्डले कोलम्बियासँग भेट पक्का गरेको थियो। जसमा गोलरक्षक पिक्फोर्ड नायक बनेपछि इंग्ल्यान्डले क्वार्टरफाइनलमा स्विडेनको सामना गरेको थियो। स्विडेनलाई पनि २-० ले हराउँदै सन् १९६६ को च्याम्पियन इंग्ल्यान्डले २८ वर्षपछि पहिलोपटक सेमिफाइनलमा आफूलाई उभ्याउन सफल भएको छ।

सेमिफाइनलमा ३-१-४-२ को रणनीति अपनाउन सक्ने इंग्ल्यान्डविरुद्ध क्रोएसिया ४-२-३-१ रणनीतिसहित मैदानमा उत्रने सम्भावना रहेको छ। जसअनुसार इंग्लिस आक्रमणको बागडौर सम्हाल्ने फरवार्ड ह्यारी केन र रहिम स्टर्लिङलाई किरान ट्रिपिएर, जेसे लिन्गार्ड, डेले अली र एस्ले योङसम्मिलित अट्याकिङ मिडफिल्डरहरूले साथ दिनेछन्।

जसलाई निस्तेज पार्न क्रोएसियाली गोलरक्षक ड्यानिजेल सुबासिचसहित डिफेन्डरहरू सिमे भर्साल्ज्को, डेजन लोभ्रेन, डोमागोज भिडा र इभान स्टिनिचलाई सहज हुने छैन।



क्रोएसियाको उक्त रक्षापंक्तिलाई सहयोग र आक्रमणमा ओभरल्याप तथा बल उपलब्ध गर्न डिफेन्सिभ मिडफिल्डरद्वय लुका मोड्रिच र इभान राकिटिचले पनि साथ दिनेछन्।

जसको सहयोगमा क्रोएसियाली अट्याकिङ मिडफिल्डरहरू आन्टे रेबिच, आन्द्रेज क्रमारिच, इभान पेरिसिच र फरवार्ड मारियो मान्डजुकिचलाई इंग्लिस रक्षापंक्तिमाथि आक्रमण गर्न सहज बन्नेछ। यता क्रोएसियाको आक्रमणलाई हरसम्भव विफल पार्न इंग्लिस गोलरक्षक जोर्डन पिक्फोर्डसहित डिफेन्डरहरू किलि वाकर, जोन स्टोन्स र ह्यारी मागुइरे चुस्त देखिनेछन्। जसलाई अवस्थाअनुसार अग्रपंक्ति र रक्षापंक्तिलाई साथ दिन पोख्त डिफेन्सिभ मिडफिल्डर जोर्डन हेन्डरसनले पनि सहयोग गर्नेछन्। इंग्ल्यान्डको मुख्य हतियार स्ट्राइकर तथा कप्तान ह्यारी केन, रहिम स्टर्लिङ र राइट विङ्गर ब्याक किरान ट्रिपिएर बन्नेछन्। यस्तै क्रोएसिया भने मुख्यत: सेन्ट्रल मिडफिल्डरद्वय लुका मोड्रिच र इभान राकिटिचसहित स्ट्राइकर मान्डजुकिचको प्रदर्शनमा निर्भर हुनेछ।

### Vs
### हेड टु हेड

यी दुईले एक-अर्काबीच ७ पटक खेलेका छन्। जसमा इंग्ल्यान्डको वजन भारी देखिन्छ। इंग्ल्यान्डले ४ पटक जित हासिल गर्दा १ खेल बराबरीमा टुंग्याएको छ। यस्तै क्रोएसियाले भने दुईपटक मात्र जित हासिल गरेको छ। यस क्रममा इंग्ल्यान्डले १८ गोल गर्दा क्रोएसियाले १० गोल मात्र फर्काएको छ।




## टि ट् स वि ट् स

# रुसमाथि गम्भीर आरोप

मस्को, (एजेन्सी)

विश्वकपमा सानदार प्रदर्शन गरेको आयोजक रुसमाथि एउटा गम्भीर आरोप लागेको छ। जर्मन अखबार वाइल्डले जनाएअनुसार रुसी खेलाडीहरूले एमोनिया सुँघेर क्षमता बढाएको जनायो। सो अखबारले दाबी गरेको छ कि स्पेनमाथिको ऐतिहासिक जित र क्रोएसियासँग हार्दा उनीहरूले एमोनिया सुँघेका थिए। यसले फोक्सोको क्षमता बढाउने गर्छ। यो रुसी टिम डाक्टरले यकिन गरेपछि जर्मन अखबारमा सो खबर छापेको थियो।

टिमका डाक्टार एडुआर्ड बेजुग्लोभले रुसी खेलाडीले खेलअगाडि एमोनिया सुँघेको स्वीकार गरेका थिए। उनले भने- 'यो साधारण हो कपासको टुक्रा यसमा डुबाउने र यसको श्वास लिने हो। दशकौंदेखि हजारौं खेलकर्मीले यसको प्रयोग गरेका छन्।'

एमोनिया अन्तर्राष्ट्रिय एन्टी डोपिङमा प्रतिबन्धित तत्त्व होइन। तर, यसले खेलाडीको प्रदर्शनमा वृद्धि गर्छ। यसले श्वास-प्रश्वासको गति बढाउने र रगतमा अक्सिजन वहनका लागि पनि धेरै मद्दत गर्छ।





## मिस्टर कन्ट्रोभर्सी भिडा

जारी विश्वकपका अन्य गोलकर्ता जस्तो उत्कर्षमा नरहे पनि आयोजक रसियाविरुद्ध गोल गरेका भिडाको प्रदर्शन उच्चकोटीको रहेको छ। उक्त गोलपछि भने उनको चर्चा एकाएक चुलिएको छ। गोलपछि खुसीयाली मनाउने क्रममा राजनीतिक नारा लगाएकाले उनलाई फिफाले चेतावनी दिएको छ। सम्भवत: उनीमाथि जरिवाना तोक्न सक्नेछ। रसियाविरुद्ध सेन्टर ब्याकमा उत्कृष्ट रक्षकको उदाहरण प्रस्तुत गरेका भिडाले गोलसमेत गर्न भ्याएका थिए। बुधबार इंग्ल्यान्डविरुद्धको खेलमा पनि उनले आफ्नो लयलाई निरन्तरता दिन सकें इंग्लिस टोलीलाई म्याच निकै कठिन बन्न सक्छ।


## प्लेयर्स टु वाच

# लुका मोड्रिच

(क्रोएसिया)

क्रोएसियाली टिमको मेरुदण्ड हुन कप्तान लुका मोड्रिच। जारी विश्वकपमा उनको सराहनीय प्रदर्शनका कारण क्रोएसियाले सेमिफाइनलसम्मको यात्रा तय गरेको छ। जारी विश्वकपमा उनले आफ्नो नाममा २ गोलसमेत गरिसकेका छन्। यो संख्या अझै बढ्न सक्ने छन्। उनी सेन्ट्रल मिडफिल्डर हुन्, तर डिफेन्सिभ र अट्याकिङ मिडफिल्डरको भूमिका निभाउनसमेत उनी पोख्त छन्।

उनी आक्रमणमा उत्रन ओभरल्याप गर्न तथा विपक्षीको काउन्टर अट्याक विफल पार्न डिफेन्सिभ लाइन सम्हाल्न सक्ने खुबी भएका खेलाडी हुन्। समूह चरण, अन्तिम १६ र क्वार्टरफाइनलमा गरी पछिल्ला ५ वटै खेलमा क्रोएसियाले जितको नतिजा निकाल्दा मिडफिल्डमा उनको भूमिका तारिफयोग्य बनेको थियो। सन् २०१२ देखि रियल मेड्रिडमा आबद्ध ३२ वर्षीय मोड्रिचले रियलबाट १ सय ६६ खेलमा ९ गोलसमेत गरेका छन्। सन् २००६ देखि क्रोएसियाको राष्ट्रिय टोलीमा अटाउँदै आएका मोड्रिचले १ सय १० खेलमा १४ गोल गरेका छन्।



# विचार

> प्रेमपूर्वक या श्रद्धाले खुवाइएको कन्दमूल, घृणा गरी या करले खुवाइएको चौरासी व्यञ्जनभन्दा बढी स्वादिष्ट र मीठो हुन्छ।
> — सन्तु श्रेष्ठ

> नयाँ वस्तुहरूसँग परिचित हुनु र त्यसलाई नयाँ ढंगले प्रस्तुत गर्नु लेखकहरूको प्रभावी शक्ति हो।
> — डा.जोनसन

## सम्पादकीय

नेपाल समाचारपत्र

# सिन्डिकेट बिउँताउने काम रोक

सरकार लामो समयको गृहकार्यपछि यातायात क्षेत्रमा देखिएको सिन्डिकेट हटाउन सफल भयो । सरकारले सिन्डिकेट हटाउन गरेको निर्णयको विरुद्ध यातायात व्यवसायीले आन्दोलनको घोषणा गरे । तर सरकारले आफ्नो अडानबाट पछि नहट्दा यातायात व्यवसायीहरू घुँडा टेक्न बाध्य भएका थिए । सरकारलाई नै घुँडा टेकाउने गरी घोषणा भएको आन्दोलन एक दिन पनि टिक्न सकेन । अन्ततः कागज गरेर नै सार्वजनिक यातायात व्यवसायीहरूले सरकारको नियम मान्ने सहमत पनि भए । जनस्तरबाट यस कार्यको राम्रो सराहना भयो ।

'रात रह्यो अग्राख पलायो' भनेझैं यातायात क्षेत्रको सिन्डिकेट तोड्नको लागि तत्कालीन अवस्थामा भूमिका खेलेका यातायात व्यवस्था विभागका महानिर्देशक रूपनारायण भट्टराईलाई सिन्डकेटधारी यातायात व्यवसायीहरूको दबाबमा भौतिक पूर्वाधार तथा यातायातमन्त्री रघुवीर महासेठले हटाउने निर्णयमा पुगेका थिए । यातायात क्षेत्रमा देखिएको विकृति र विसंगति हटाउनको लागि भूमिका खेल्नुको सट्टा मन्त्री महासेठले यातायात व्यवसायीको पक्षमा वकालत गर्नुको साथै काम नगर्ने ठेकेदार बचाऊ गरेपछि सर्वत्र आलोचना हुँदै आएको छ । मन्त्रीको क्रियाकलापको कारण पुनः सिन्डिकेट फर्किने हो कि भन्ने आशंका कायमै रहेका बेला नीति निर्माण तहमा पुनः सिन्डिकेट कायमै राख्ने विषयले महत्व पाएको छ ।

सरकारले सार्वजनिक यातायातमा वर्षौंदेखि जरा गाडेर बसेको सिन्डिकेट तोड्नुलाई आफ्नो सफलताको रूपमा लिएको छ । तर सिन्डिकेट अन्त्यपछि सार्वजनिक यातायातको व्यवस्थापनमा सरकार चुक्दा पनि अन्यौलको अवस्था सृजना भएको छ । जसको कारण साउन १ देखि फेरि भद्रगोलको अवस्था सिर्जना हुने खतरासमेत बढेको छ । गत वैशाख ५ मा बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयअनुसार साउन १ गतेदेखि देशभरका यातायात समितिहरू स्वतः भंग हुनेछन् । साथै समितिहरूले पाएका रुट इजाजत पनि खारेज हुनेछन् । नयाँ रुट इजाजत दिन कम्पनीका रूपमा दर्ता भएको हुनुपर्छ । तर कम्पनीमा आउने समितिहरूको संख्या निकै न्यून रहेको छ । सरकारले गर्नुपर्ने थुप्रै काम गर्न सकेको छैन । जसको कारण अन्यौलता देखिएपछि पुनः समितिहरूलाई नै निरन्तरता दिने हो कि भन्ने आशंका पनि जन्मिएको छ । नागरिकहरूको दैनिकीसँग जोडिएको सार्वजनिक यातायात क्षेत्रमा देखिएको सिन्डिकेट हटाउने निर्णय सकारात्मक भए पनि व्यावहारिकरूपमा लागू गर्ने विषयमा सरकारले देखाएको बेवास्ताको कारण अझै पुनः सिन्डिकेट कायमै रहने हो कि भन्ने गम्भीर प्रश्न उठेको छ । त्यसैले यस विषयमा सरकार गम्भीर हुनु जरुरी छ ।

**लेखकहरूलाई अनुरोध**

१२०० शब्दसम्मका उत्कृष्ट लेख-रचना एवम् छोटा पाठक-पत्रहरू निम्न ठेगानामा पठाउनुहुन अनुरोध गरिन्छ।
email : samacharpatrac@gmail.com, lekh_rachana@yahoo.com

# उत्तर हामीले कहाँ खोज्ने ?



मुक्तिबन्धु

> योग र अध्यात्मको गुरु बनिआएको मुलुक भारत नेपालको योगदानप्रति कृतज्ञ बन्न किन सकिरहेको छैन ? 'जुन व्यवहार अरूले आफूमाथि गर्दा नराम्रो र नमिठो लाग्छ, त्यस्ता व्यवहार अरूमाथि आफू पनि नगर्नू' भन्ने आध्यात्मिक सोच-समझ र नैतिक आदर्शले आप्लावित भारत छिमेकी मुलुक नेपालमाथि नमिठो र नराम्रो व्यवहार गर्दा लज्जाबोध किन गर्दैन ? त्याग, योग, विद्वता र अनुभवका धनी भारतीय राजनेता तथा प्रधानमन्त्रीका भाषण र शासन-प्रशासनबीच यत्रो खाडल किन विद्यमान रहन्छ ? यसको उत्तर हामी नेपालीले कहाँ खोज्ने ?

भारत हाम्रो दक्षिणी छिमेकी मुलुक। शताब्दीयौंसम्म पराधीनताको पीडा यातना झेलेपछि वीर भगतसिंह, चन्द्रशेखर आजाद, रामप्रसाद विस्मिल, नेताजी सुभाषचन्द्र बोसलगायतका थुप्रै बलिदानी युवाहरूको सहादत र महात्मा गान्धीको अहिंसात्मक सत्याग्रहबाट आजभन्दा सात दशकअघि मात्र स्वाधीन हुन सकेको नयाँ मुलुक। नोटमै महात्मा गान्धी छापेर नरलोकसमक्ष महान् आदर्श प्रस्तुत गर्दै आएको विश्वको सबैभन्दा ठूलो लोकतान्त्रिक मुलुक। स्वामी विवेकानन्द, रामानन्द, सन्त कबीर, महर्षि अरविन्द, विश्वकवि रवीन्द्रनाथ ठाकुर, महापण्डित राहुल सांकृत्यायन, पण्डित श्रीराम शर्मा आचार्यजस्ता तपोनिष्ठ महिमाशाली महापुरुषहरूको चैतन्यआलोकमा उज्यालिँदै आएको भावसंवेदनाले भरिपूर्ण मुलुक। 'आत्मनः प्रतिकूलानि परेषां न समाचरेत् अर्थात् जुन व्यवहार अरूले आफूमाथि गर्दा नराम्रो नमीठो लाग्छ, त्यस्तो व्यवहार अरूमाथि आफू पनि नगर्नू' भन्ने आध्यात्मिक सोच-समझ र नैतिक आदर्शले आप्लावित हुँदै त्यसै आदर्शको शङ्ख फुकिआएको मुलुक। यस्ता मुलुकको हितप्रवर्द्धक र हितचिन्तक छिमेकी हुन पाउनुलाई गौरव ठान्दै आएका सोझासीधा हामी नेपाली।

छिमेकी मुलुक भारतको स्वाधीनता, स्वतन्त्रता र सुखसमृद्धिका लागि बेलायतको शासन हटाएर भारतलाई स्वाधीन बनाउन महात्मा गान्धीलगायतका राजनेताहरूको नेतृत्वमा परिचालित विभिन्न सङ्घर्ष र संग्रामहरूमा हामी नेपालीहरू पनि भारतका नेता तथा जनतासँगै काँधमा काँध मिलाएर सहभागी भएका हौं। यो भारत र भरतीय जनताका लागि नेपाली जनताको योगदान होइन र ?

भारतको स्वाधीनता प्राप्तिपछि हामी नेपालीहरू नेपालमा प्रजातान्त्रिक शासन व्यवस्था स्थापना गर्नका लागि जहाँनिया राणाशासनविरुद्ध लड्दै थियौं, सन् १९५० मा भारतका ताजा लोकतन्त्रका प्रधानमन्त्री जवाहरलाल नेतृत्वको सरकारले नेपालका तानाशाह श्री ३ मोहनशमशेर राणासँग असमान सन्धि सम्झौता गरिभ्यायो। २००७ मा तिनै भारतेली प्रधानमन्त्री जवाहरलाल नेहरूकै नेतृत्वमा कथित राजा, राणा, कांग्रेस त्रिपक्षीय सम्झौताको नाटक मन्चन गर्न पनि भ्याइयो। १० वर्षको उराठ लाग्दो अलमलपछि २०१५ सालको पुछारतिर भएको आमनिर्वाचनमा नेपालमा नेपाली काङग्रेस विजयी भएको थियो। विश्वेश्वरप्रसाद कोइराला नेपालका जननिर्वाचित प्रधानमन्त्री बनिनुभएको थियो। ०१६ सालमा बीपी प्रधानमन्त्रीत्वको नेपाली कांग्रेस सरकारले भारतका उल्लिखित दुवै अपमानलाई बिर्सदै अथवा दाज्युको अंकमाल ठानेर हार्दिकताकै रूपमा ग्रहण गर्दै हाम्रो आफ्नै जमिनमा हामी आफैंले कुलो खनेर हाम्रो आफ्नो जमिन सिंचाइ गर्नसमेत रोकिने गरी छिमेकी मुलुक भारतका हितमा तिनै भारतीय प्रम जवाहरलाल नेहरूसँग असमान सम्झौता गऱ्यो र हामी नेपालीको प्राणजस्ता सदावहार महानदी कोशी र गण्डकी अर्पण गऱ्यो। नेपाली पानीले भारतका बन्जर जमिनहरू शश्यश्यामला भए। हराभरा भए। कति भारतीयहरूको जीवनस्तर ह्वात्तै बढ्यो। उनीहरू धनी भए। हामी गरिब नै रह्यौं। हामीले हाम्रै महाकविका कविताजस्तै आफूलाई मेटाएर अरूलाई दियौं र पनि हामी हाँसेकै थियौं। यसलाई पनि हामीले योगदान नै ठानेका हौं।

नेपाली काङ्ग्रेसले आफ्नो स्थापनाकालदेखि नै भारतलाई भरपर्दो अश्वत्थ वृक्ष ठान्यो र चुनाव चिन्हका रूपमा समेत प्रतीकात्मक रूपमा त्यसै रुखलाई अपनायो। ०१५ सालको चुनाव प्रचारका पोस्टरहरूमा आफ्नो चुनावचिन्ह रुखमुनि स्पष्टीकरणका रूपमा संस्कृतको एउटा श्लोक पनि राखिएको थियो- 'सेवितव्यो महावृक्षः फलच्छायासमन्वितः। यदि दैवात् फलं नास्ति छाया केन निवार्यते। अर्थात् फल र छहारीसहितको ठूलो वृक्षको छहारीमा रहनु राम्रो हो। यस्तो वृक्षले फल त दिन्छ दिन्छ, कथम् फल दिएन भने पनि छहारी त कसैले पन्छाउन सक्दैन।' यहाँ नेपाली काङ्ग्रेसले विम्बन गर्न चाहेको महावृक्ष छिमेकी भारत नै थियो। नेपाली काङ्ग्रेस अहिलेसम्म पनि त्यसै रुखमा छ।

नेपाली काङ्ग्रेसको महावृक्ष भारतले नेपाललाई सौहार्दपूर्णरूपमा सहयोग र सद्भावनाको प्रतिफल त कहिल्यै दिएन नै, छहारीका ठाउँमा पनि रुखो सेपसिबाय केही दिएन। ०१७ सालमा आफ्नो विशेष हितचिन्तक त्यसै नेपाली काङ्ग्रेसलाई सत्ताबाट विस्थापन गर्न राजालाई सघायो र लिपुलेकमा च्यापु अड्याउन आइपुग्यो। भारतको कृतघ्न प्रतिक्रिया र बिखालु सेपकै कारण नेपालले विगत ७० वर्षमा कृषि र उद्योगका क्षेत्रमा कुनै प्रगति गर्न पाएन। भारतकै अवरोधकारी व्यवहारका कारण अनुद्योग र अनुत्पादकताबाट उम्केर उद्योग र समृद्धिका बाटोमा छलाङ हान्ने नेपालीको रूपान्तरणकारी प्रगतिका सपना अद्यावधि साकार हुन पाएका छैनन्। यति हुँदा पनि नेपालले भारतसँग अद्यावधि आफ्नो योगदानको मूल्याङ्कन मागेको छैन।

मानिसहरू ठान्छन्- नेपालप्रति भारतको अनेकौं योगदानहरू छन्। यथार्थमा भारतका लागि नेपालको योगदान त्यसभन्दा बढी नै छन्। राजनीतिक, आर्थिक योगदानका साथै सांस्कृतिक योगदान पनि छन्। जस्तै- अदिकवि वाल्मीकि, वेदका संहिताकार र पुराणकर्ता व्यास, वेदका रचनाकार विश्वामित्र, याज्ञवल्क्यलगायतका ऋषि-महर्षिहरू नेपाली थिए। महात्मा बुद्ध नेपाली थिए। यिनैबाट प्रणीत विविध ग्रन्थहरूका आधारमा भारतले आफ्नो संस्कृति ठम्याउँदै आएको छ। पछिल्लो समय खण्डको कुरा गर्ने हो भने पनि भारतको गङ्गोत्रीमा गङ्गामन्दिर, बदरीपहाडमा बदरीनाथ मन्दिर, वाराणसीका घाटक्षेत्रमा कतिपय मन्दिर, विभिन्न तीर्थहरूमा धर्मशालाहरू नेपाल र नेपालीका श्रम, सीप र आर्थिक अनुदानले बनेका छन्। वाराणसीमै संस्कृत महाविद्यालय भवन, छात्रावास, पुस्तकालय भवन, एकाधिक धर्मशाला नेपालीका अनुदानबाट बनेका छन्। बनारस हिन्दु विश्वविद्यालयको निर्माण र सञ्चालनमा पनि नेपालीले यथासक्य तन, मन, धन खर्च गरेका हुन्। भारतका तमाम मठ, मन्दिर, सरसरोवर र नदीघाटहरूमा नेपालीहरूले शताब्दीयौंदेखि आजसम्म आस्था विश्वासका साथ यात्रा गर्दै दानदक्षिणा टक्र्याउँदै आएका छन्। भारतमा धार्मिक पर्यटकहरूको सर्वाधिक सङ्ख्या पनि नेपालीकै रहिआएको छ।

भारतप्रति नेपालीहरूको रक्षात्मक र उत्पादक योगदान पनि कम छैन। नेपालीले भारतका ठूला-साना शहरका गल्ली-गल्लीमा लाठा बोकेर 'जागते रहो !' भन्दै रातारातभर गस्ती गरेर त्यहाँका साहुमहाजनको सम्पत्ति रक्षा गर्दै आएका छन्। भारतभित्र भारतीयका वैभवशाली घर, पसल, साम्पत्तिक संस्थानहरू र औद्योगिक संस्थानहरूमा रातदिन खटेर पहरा दिने नेपाली नै छन्। नेपालीले भारतका कृषि, बन, उद्योग कलकारखाना र सडक निर्माणलगायतका हरेक श्रमक्षेत्रमा श्रम गरेका छन्, पसिना बगाएका छन् र भारतको विकास तथा समृद्धिमा चाँद तारा थप्दै आएका छन्। भारतको उत्पादन वृद्धिमा नेपालीको पनि प्रशस्त योगदान रहँदै आएको छ। अहिले भारतलाई सर्वाधिक रेमिट्यान्स पठाउने मुलुक पनि नेपाल नै हो।

आज पनि भारतको रक्षाक्षेत्रमा सर्वाधिक भरपर्दो सेना नेपालका गोर्खालीकै छ। अङ्ग्रेजी शासन समाप्तिपछिका विगत ७० वर्षमा यस सेनाले भारतको सुरक्षाक्षेत्रमा महत्वपूर्ण योगदान गर्दै आएको छ। छिमेकीसँगका हरेक युद्धका संवेदनशील स्थान र क्षणहरूमा यही सेना अग्रणी बनेर छाती थाप्दै पैंठेजोरी खेल्न पुगेको छ। त्याग, तपस्या र रगतदानसहितको यो योगदान लर्तरो योगदान होइन।

यसरी विभिन्न क्षेत्रमा खटेर योगदान दिएबापत छिमेकी मुलुक भारतबाट नेपालीले के पाएका छन् त ? भारतका विभिन्न क्षेत्रमा काम गर्ने नेपाली कामदारहरूले भारतेली मालिकहरूबाट अप्रत्यासित कुटपिट, श्रमशोषण, अपमान, असुरक्षा र तिरष्कार पाएका छन्। सहानुभूति र संवेदनाको सर्वथा अभाव पाएका छन्। त्यहाँका बैंकहरूमा खाता खोल्नेसम्मको सुविधाको पनि अभाव पाएका छन्। भारतबाट नेपालमा टेलिफोन गर्दा महँगो शुल्क तिर्न पाएका छन्। नेपाली कामदारहरू भारतमा दिनदहाडै लुटिन, कुटिन र मारिन पनि पाएका छन्। आजभन्दा २४ वर्षअघि कामका सिलसिलामा भारतको पन्जाव पुगेका डोटीका एक युवा एक वर्षभित्रै घर आएर मालिककै आदेशमुताबिक मालिककै लागि एकजोर चिनियाँ कपडा लिएर काममा फर्कंदा भारतीय प्रहरीले पक्रेर २३ वर्षसम्म जेलमा सडाएको घटना विवरण हामीले केही दिनअघि अखबारहरूमा पढ्यौं। भारतमा नेपालीमाथि गरिने यी यस्ता अनेकौं घटनामध्येका एउटा घटनाको विवरण थियो यो। भारतमा श्रम गर्ने नेपालीहरू प्रतिवर्ष दशैंमा घर फर्कंदा सीमाक्षेत्रमा त्यहाँका प्रहरीसमेतको मिलेमतोमा लुटिएका छन्, कुटिएका छन्। भारतलाई दिएको योगदानको कृतज्ञताबापत नेपालीले पाएको त यिनै यस्तै व्यवहार छन्। हैन र ?

भारतले पनि नेपाललाई थुप्रै योगदान दिएको छ। आँकडामा त धेरै अनुदान दिएको छ तर यथार्थमा भारतले नेपाललाई अनुदानभन्दा कैयौं गुना बढी पीडादान दिएको छ। भारतले नेपालका कति नदीको पानी एकलौटी प्रयोग गरेको छ भने कति नदी विभिन्न सम्झौतामार्फत वर्षौंदेखि ओगटेर नेपालको विकास र प्रगतिमा भयङ्कर हानि पुऱ्याइरहेको छ। अत्यावश्यक सडक निर्माणका योजनाहरू वर्षौंदेखि अल्झाएर जनजीविनलाई पीडित बनाएको छ। सीमाक्षेत्रमा मनोमानी पर्खाल ठड्याएर र सडक बनाएर प्रतिवर्ष हजारौं एकड नेपाली जमिन गाउँबस्तीसमेत जलमग्न बनाउँदै आएको छ। अरू त अरू भारतले नेपालका भूकम्पपीडितलाई बाँडेको सपना पनि थप यातना मात्र साबित भएको छ।

नेपाल भारतवेष्ठित छ। अरू मुलुकसँग व्यापार व्यवसाय गर्ने बाटो भारतले छेकेको छ। नेपालमा उद्योग इलम उम्रन भारते दिएको छैन। उम्रेका कतिपय उद्योग पनि भारतले नै उखेलेर धराशायी बनाइदिएको छ। नेपाललाई भारत निर्भर बनाइराख्ने मिसनमा भारत विगत ७० वर्षदेखि यथावत् क्रियाशील रहिआएको छ। यो यस्तो स्थितिमा नेपालमाथि भारतले समय-समयमा नाकाबन्दी पनि लाद्ने गरेको छ। सन् ०७२ मा पनि नेपालमाथि भारतले महिनौंसम्म व्यापक नाकाबन्दी लगायो।

जवाहरलाल नेहरूदेखि लिएर दामोदर नरेन्द्र भाइ मोदीसम्मका भारतीय राजनेता तथा प्रधानमन्त्रीहरू छिमेकीसँग पञ्चशीलका आधारमा व्यवहार गर्ने कुरा गर्दै आएका छन्। त्याग, तपस्या र सौहार्दका कुरा गर्दै आएका छन्। मित्रता र सहयोगका कुरा गर्दै आएका छन्। ऋषिमनका कुरा गर्दै आएका छन्। सँगसँगै भारतबाट नेपालको भौगोलिक सीमा मिच्ने काम पनि लगातार गरिँदै आएको छ। अहिलेसम्ममा ६०६ वर्गकिलोमिटर नेपाली भूमि भारतले मिचिसकेको छ। नेपालको सीमाक्षेत्रमा भारतीय सुरक्षाका जवानहरू सीमास्तम्भ उखेलेर फ्याँक्दै, लाठी घुमाउँदै र राइफल सोझ्याउँदै, नेपाली भूमिमा प्रैवेश गर्दै, नेपालीमाथि लाठी गोली बर्साउँदै आएका छन्। यसै वर्ष पनि भारतीय जवानका गोलीबाट सीमाक्षेत्रका एक नेपाली किसान मारिए।

योग र अध्यात्मको गुरु बनिआएको मुलुक भारत नेपालको योगदानप्रति कृतज्ञ बन्न किन सकिरहेको छैन ? 'जुन व्यवहार अरूले आफूमाथि गर्दा नराम्रो र नमिठो लाग्छ, त्यस्ता व्यवहार अरूमाथि आफू पनि नगर्नू' भन्ने आध्यात्मिक सोच-समझ र नैतिक आदर्शले आप्लावित भारत छिमेकी मुलुक नेपालमाथि नमिठो र नराम्रो व्यवहार गर्दा लज्जाबोध किन गर्दैन ? त्याग, योग, विद्वता र अनुभवका धनी भारतीय राजनेता तथा प्रधानमन्त्रीका भाषण र शासन-प्रशासनबीच यत्रो खाडल किन विद्यमान रहन्छ ? यसको उत्तर हामी नेपालीले कहाँ खोज्ने ?

## पाठक पत्र

### स्वरोजगार बनाउने कि ?

लामो समयपछि स्थानीय निकायले जनप्रतिनिधि पाए पनि गाउँमा रोजगारका अवसरहरू सिर्जना हुन अहिलेसम्म सकेको अवस्था छैन। घरेलु उद्योग सञ्चालन गरेर गुजारा चलाउँदै आएका ग्रामीण क्षेत्रका जनताले अहिले स्थानीय निकायको सहयोगमा उद्योगहरू सञ्चालन गर्न अझै पाएका छैनन्। गाउँघरमै रोजगारका अवसर भए पनि त्यसलाई व्यवसायीकरण गर्न नसक्दा विदेश पलायन हुने प्रचलन झन् झन् बढ्दै गएको

छ। अहिले गाउँघरमा सञ्चालित उद्योगलाई व्यावसायिकसँगै आधुनिकीकरण गर्न जरुरी देखिएको छ। जनशक्तिलाई उत्पादनसँग जोडेर स्वाधीन गाउँपालिका बनाउने लक्ष्यका साथ सबै गाउँपालिकाका जनप्रतिनिधि खटिनु आवश्यक छ। उद्यम विकास कार्यक्रमले रोजगार सिर्जना गर्नुका साथै आर्थिक गतिविधि बढ्ने निश्चित छ। स्थानीय स्रोत-साधनको उपयोगबाट उद्यम चलाउने योजनाले गाउँ-गाउँमा उद्यमी तयार हुन्छन् भने स्थानीय आवश्यकताको समेत पूर्ति गर्ने काम गर्छ। स्थानीय रूपमा उत्पादन गरेर मात्रै हुँदैन, त्यसलाई बजारीकरण गर्नको लागि स्थानीय निकायले महत्वपूर्ण भूमिका खेल्नुपर्छ। सबै जनप्रतिनिधिले स्थानीय उत्पादनलाई औद्योगीकरण गरेर सबैलाई व्यावसायिक बनाउन जरुरी देखिन्छ।

*- हरि सुवेदी, सर्लाही।*

### भाइरलबाट बचौं

बर्सादको मौसम शुरू भइसकेको छ। समयमा बाढीपहिरोजस्ता विपत्तिसँगै राजधानी काठमाडौंलगायत देशका विभिन्न जिल्लामा टाइफाइड र हैजाका बिरामी बढ्छन्। यो वर्ष पनि बिरामी बढेको समाचार आउन थालेको छ। वर्षाको भेलले पानीको मुहान प्रदूषित हुन गई दूषित पानी र खानाका कारण ज्वरो र टाइफाइडका बिरामी बढेका हुन्। यस वर्षको वर्षायामको शुरूआतमै हैजाका बिरामी ह्वात्तै बढ्न थालेका छन्। वर्षात्का बेला सरुवा रोगका बिरामी अझै बढ्न सक्ने भएकाले उच्च सतर्कता अपनाएर स्वच्छ पानी र खानेकुरामा विशेष ख्याल राख्नुपर्ने चिकित्सकहरूले सुझाव दिइरहेका छन्।

राजधानीका शिक्षण, वीर र पाटन अस्पतालमा टाइफाइडका बिरामी बढेपछि चिकित्सकहरूले चिन्ता व्यक्त गरेका छन्। दूषित पानीका कारण हेपाटाइटिस ए, सी र ई तथा झाडापखालाका बिरामी बढ्दै गएका छन् भने निरन्तर वर्षाका कारण पानी, कीट र हावाजन्य रोगको जोखिम पनि उत्तिकै बढाएको छ। वर्षायाममा पानीका मुहान दूषित हुने हुँदा पानी उमालेर मात्र पिउन चिकित्सकले सुझाव दिइरहेका छन्। राजधानीमा केही दिनअघि विभिन्न कम्पनीबाट उत्पादित जारको पानी परीक्षणमा 'कोलिफर्म' नामक दिसामा पाइने जीवाणु भेटिएको थियो।

सरुवा रोग विशेषज्ञहरूले सीधै मुहानबाट ल्याइएको पानी मात्र नभई खरिद गरिने जारको पानीसमेत उमालेर प्रयोग गर्न सुझाएका छन्। यसले के पुष्टि गर्छ भने हामीकहाँ जारको पानी पनि ढुक्क भएर पिउने अवस्था छैन। प्रशोधित पानी उत्पादक कम्पनीहरूले जारको पानी शुद्धीकरण नगरी बिक्री वितरण गर्ने गरिएको पाइएकाले जोखिम झनै बढाएको छ। दूषित पानीको सेवन र सरसरफाइको कमीले भाइरस र ब्याक्टेरिया संक्रमणबाट टाइफाइडका बिरामी बढ्ने गरेका छन्। विशेष गरी वर्षादको बेला पानी उमालेर पिउने बानी गर्ने हो भने सरुवा रोगको संक्रमणबाट जोगिन सकिन्छ।

टाइफाइड, हैजा, आउँ, झाडापखाला र रुखाखोकीजस्ता सरुवा रोग दूषित पानी, हावा र खानाको माध्यमबाट सर्ने गर्छ। एक व्यक्तिबाट अर्को व्यक्तिमा छिटो सर्ने रोग भएकाले यसको समयमा उपचार हुन नसके बिरामीको ज्यानसमेत जान सक्छ। ब्याक्टेरियाबाट सर्ने सरुवा रोगबाट बच्न सर्वप्रथम पिउने पानीमै ध्यान दिनुपर्छ। सरसफाइका साथै सफा शौचालयको प्रयोग गर्ने, ताजा खानेकुराको सेवन गर्ने, साबुनपानीले हात धुने, वातावरण सफा राख्नेजस्ता आधारभूत कुराहरूमा ध्यान दिन सके हैजा र झाडापखालाबाट बच्न सकिन्छ।

वर्षादका बेला पानीको मुहान दूषित हुँदा कतिपयले बाध्यतावश दूषित पानी पिइरहेका हुन्छन्। सामान्य सावधानीबाट हैजा र टाइफाइडजस्ता रोगको जोखिमबाट बच्न सकिने भएकाले यसबारे बेलैमा सतर्क हुनुपर्छ। वर्षायाममा जताततै पानी जम्मा हुने कारण कीटाणुको प्रकोप बढी हुन्छ। जसले डेँगु, मलेरिया, आँखा पाक्ने रोग, टाइफाइड, भाइरल ज्वरो, निमोनिया, हैजा, पखालालगायत रोग निम्त्याउँछ। वर्षायाममा हुने उच्च आर्द्रताले शरीरको रोगसँग लड्ने र पाचन क्षमतासमेत घटाउने भएकाले यस्तो अवस्थामा विभिन्न संक्रमणले आक्रमण गर्छ। यसको एकमात्र उपाय भनेको खानपिन र जीवनशैलीमा विशेष ध्यान दिनु नै हो।

वर्षामा एकैसाथ विभिन्न रोगको महामारी फैलन सक्ने जोखिम रहन्छ। अहिले उपत्यकादेखि विभिन्न प्रदेशका अस्पतालमा टाइफाइड, हैजा, डेँगु, झाडापखाला, औलो, जन्डिसजस्ता रोग देखा परेका छन्। यस्ता रोगबाट बच्न सफा खाना, शुद्ध पानी, पर्याप्त सरसफाइ, वातारणीय सरसफाइ नै एकमात्र उपाय हो। चितवनलगायतका जिल्लामा डेँगुको त्रास कायमै रहेकाले लामखुट्टेको लार्भा नष्ट गर्ने, कुखुरा तथा पशुपक्षीको खोर सरसफाइ गर्ने, बाढी तथा डुबान क्षेत्रमा सरुवा रोगको प्रकोप बढ्न नदिन उच्च सतर्कता अपनाउने गर्नु जरुरी देखिएको छ।

*- जीवनकुमार उपाध्याय, चितवन, हाल : काठमाडौं।*


### अर्को जनआन्दोलन हुने छनक

जनआन्दोलन २०६२/२०६३ पछि राजतन्त्र हटाइयो, गणतन्त्रको उद्घोष गरियो। अब त जनताका इच्छा-चाहना पूरा होलान्, शान्ति-सुव्यवस्था होला, गरिबका पनि दिन आउलान् भन्ने लागेको थियो। सबैलाई समान न्याय होला, सानालाई ऐन ठूलालाई चैनको अन्त्य होला भन्ने लागेको थियो। त्यसैले अधिकांश नागरिकमा उत्साह-उमंग जागेको थियो। तर यत्तिका वर्ष बित्दा पनि जनताका आशा निराशामा बदलिए। जनता झनै असुरक्षित र पीडित हुन लागेको आभास भएको छ।

अहिले पीडिते न्यायको भीख माग्दा पनि नपाइने भएको छ। न्यायालय पनि निरीहजस्तै भएको देखिन्छ। सरकारमा संलग्न राजनीतिक दलको मान्छेले जति नै ठूलो कसुर गरे पनि उसले उन्मुक्ति पाउने गरेको छ। सरकारमा हुनेहरूले जे गरे पनि नागरिक निरीह बनेर टुलुटुलु हेरिरहनुपर्ने भएको छ। सरकारमा रहनेहरू आफूहरूलाई फाइदा हुने किसिमका नीति नियम बनाउन लागिपर्छन्, उनीहरूलाई सामान्य नागरिकको के वास्ता ? विगतको आन्दोलन जनताका लागि नभएर तिनै नेताहरूका लागि गरिएको जस्तो भएको छ। त्यसैले यस्तै भइरहने हो भने अब अर्को जनआन्दोलन हुने समय धेरै नजिक आइसकेको छ। यदि अर्को जनआन्दोलन भयो भने मुलुक र यी नेताहरूको हालत के होला ?

*- अनुशीलन शर्मा, रामेछाप, हाल : धुलिखेल*

## सामाजिक सञ्जाल



एउटा कुरो भनिराखौं कि मलाई सरकारको समर्थन र विरोध गर्दै बस्ने फुर्सद छैन। तर म सरकारको, सबै सरकारको आलोचक हुं। जब जनताले तिरेको करबाट चल्ने सरकार जनभावना विपरीत कार्य गर्छ, म त्यसको आलोचना गर्छु। त्यो मेरो कर्तव्य हो र रहनेछ।

**Suresh Dhakal**
**@suracedhakal**



हुने देशका डाक्टरहरू चिकित्सा क्षेत्रमा खोज-अनुसन्धान गर्छन्, नयाँ-नयाँ औषधि-उपचार पत्ता लगाउँछन् र चिकित्सा विज्ञानतर्फको नोबेल पुरस्कार जित्छन्। हाम्रो देशका डाक्टर कथा, कविता, निबन्ध, उपन्यास लेख्छन्, राज( नीतिक टिप्पणी गर्छन्, रेल अनुसन्धान गर्छन्। यिनलाई अब कुन पुरस्कार दिने ?

**Mahadev Bharati**
**@MahadevBharati**

{ यहाँ भएको अनियमितताबारे अख्तियार लाई पनि चासो छ। अख्तियारले सोधेको सोध्यै गरेको छ। सञ्चालक समितिले पनि कारबाही गर्न निर्देशन दिएको छ।

# गुठी संस्थानमा जति अनियमितता गरे पनि छुट

**नेपाल समाचारपत्र**

काठमाडौं

कमाउ अड्डाको रूपमा परिचित गुठी संस्थानमा अनियमित काम कारबाहीले छुट पाउने गरेको छ। अनियमितता गर्नेलाई कारबाही गर्नु भन्ने सम्बन्धित निकायको निर्देशनलाई समेत गुठी संस्थानले लत्याउँदै आएको छ। हालै सरकारले नियुक्ति बदर गरेका प्रशासक नारायण चौधरीले सञ्चालक समितिको निर्देशनलाई समेत अटेर गर्ने गरेको पनि पाइएको छ।

गुठीको तैनाथी जग्गालाई रैतानी गर्ने बारेमा उपप्रशासक दीपकबहादुर पाण्डेले अनुचित कार्य गरेपछि विभागीय कारबाही गर्न सञ्चालक समितिले गरेको निर्णय ४ वर्षसम्म कार्यान्वयन नहुनु गुठी संस्थानमा जति अनियमितता गरे पनि छुट हुने उदाहरण बनेको छ। कास्कीको पीपल देउमाडी ठूलाकोटस्थित भैरव गुठीको जग्गाको विषयमा निर्णय गर्दा उपप्रशासक पाण्डेले अनियमितता गरेको बारे अख्तियारमा समेत उजुरी परेको थियो।

गुठी संस्थानमा अनियमितता गर्नेले सधैं छुट पाइरहने समाचार नियमित प्रकाशित भइरहेको बेला उपप्रशासक पाण्डेले गरेको अनियमितताबारे विभागीय कार बाही गर्नू भनी सञ्चालक समितिले प्रशासकलाई निर्देशन दिएको कुरा कार्यान्वयन नभएको सार्वजनिक भएको छ।

२०७१ साउन १६ गते शुक्रबार बसेको सञ्चालक समितिको बैठकले प्रशासक नारायण चौधरीलाई दिएको निर्देशन अहिलेसम्म कार्यान्वयन भएको छैन। यसबारे संस्थानका प्रवक्ता सरोज थपलिया भन्नुहुन्छ- 'यहाँ भएको अनियमितताबारे अख्तियारलाई पनि चासो छ। अख्तियारले सोधेको सोध्यै गरेको छ।' सञ्चालक समितिले पनि कारबाही गर्न निर्देशन दिएको छ। तर वर्षौं बित्दा पनि प्रक्रिया नटुङ्गिएको प्रवक्ता थपलिया बताउनुहुन्छ।

भैरव गुठीको तैनाथी जग्गालाई रैतानी गर्ने निर्णयबारे अख्तियारले तत्कालीन अवस्थामा निर्णय बदर गर्नु, कानुनी सल्लाहकारलाई हटाउनु, सञ्चालक समितिलाई समेत गुमराहमा राखेर निर्णय गराउने उपप्रशासक पाण्डेलाई विभागीय कारबाही गर्नू भनेको थियो। यसको पक्ष विपक्षमा अदालती प्रक्रियामा जाँदासमेत उपप्रशासक पाण्डेले अनियमितता गरेको जनाइएको थियो। अख्तियारको तत्कालीन निर्णयअनुसार कानुनी सल्लाहकार हटिसकेका थिए भने त्यो निर्णय बदर भएको थियो। तर, उपप्रशासक पाण्डेलाई कारबाही गर्ने कुरामा भने मन्त्रालयले समेत चासो देखाएको थिएन।

गुठी संस्थानको अनियमितताबारे नियमित समाचार प्रकाशित हुन थालेपछि तालुक अड्डा भूमिसुधार मन्त्रालयले पनि यसबारेमा चासो देखाउन थालेको छ। सञ्चालक समितिको निर्णय ४ वर्षसम्म कार्यान्वयन नभएकोबारे प्रशासक नारायण चौधरीलाई जिज्ञासा राख्न खोज्दा उहाँलाई सम्पर्क हुन सकेन। प्रवक्ता थपलियाका अनुसार तत्कालीन अवस्थामा अख्तियारको निर्णयविरुद्ध उपप्रशासक पाण्डे विशेष अदालतमा पनि गएका थिए। अदालतले पनि अख्तियारको निर्णयलाई सदर गरिदिएको थियो।

## संक्षेप समाचार

### शर्मा आमन्त्रित सदस्यमा मनोनित

काठमाडौं, (नेस)

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले किरणराज शर्मालाई केन्द्रीय कार्यसमितिको आमन्त्रित सदस्यमा मनोनित गर्नुभएको छ।

कांग्रेस केन्द्रीय कार्यालयका मुख्य सचिव कृष्णप्रसाद पौडेलका अनुसार बागलुङका शर्मालाई मंगलबार सभापति देउवाले विधान नियमावलीअनुसार केन्द्रीय कार्यसमितिको आमन्त्रित सदस्यमा मनोनित गर्नुभएको हो।

### १ लाख घूससहित इन्जिनियर समातिए

काठमाडौं, (नेस)

बाँकेको डुडुवा गाउँपालिकामा कार्यरत इन्जिनियर तेजराज खड्का १ लाख घूससहित समातिएका छन्। उनलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय कोहलपुरबाट खटेको टोलीले पक्राउ गरेको हो।

माटो पटान तथा ग्राबेल सडक निर्माण कार्यको कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने प्रयोजनका लागि सेवाग्राहीसँग घूस रकम माग गरिरहेको भन्ने उजुरी एवं सूचनाका आधारमा उनलाई घूससहित समातिएको अख्तियारले जनाएको छ।

### फरार प्रतिवादी पक्राउ

काठमाडौं, (नेस)

जबरजस्ती करणी मुद्दाका फरार प्रतिवादी आङतेम्बा शेर्पालाई कपन काठमाडौंबाट केन्द्रीय अनुसन्धान ब्युरोको प्रहरी टोलीले मंगलबार पक्राउ गरेको छ।

२०५४ पुस १८ गते साविक मकालु गाविस-८ बस्ने महिलालाई शेर्पासमेत ३ जनाले जबरजस्ती करणी गरेको मुद्दामा संखुवासभा जिल्ला अदालतको २०६१ चैत १० गतेको फैसलाले शेर्पालाई ५ वर्ष कैद ठहर गरेको थियो। शेर्पालाई काठमाडौं जिल्ला अदालतमा पेस गरिएकोमा कैद भुक्तानको लागि केन्द्रीय कारागार सुन्धारा पठाइएको सो ब्युरोले जनाएको छ।

### सट्टाबाजी खेल खेलाउने ३ समातिए

काठमाडौं, (नेस)

विश्वकप फुटबल प्रतियोगितामा विभिन्न फुटबल टिमको हारजितमा विभिन्न व्यक्तिसँग नगद लाभ लिने दिने गरी अवैधरूपमा सट्टाबाजी खेल खेलाउने कार्यमा संलग्न ३ जनालाई प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेमा मनाङका मुखिया लामा, स्याङजाका सुवास गुरुङ र काठमाडौं महानगरपालिका-१६ पकनाजोलका मुखिया गुरुङ रहेका छन्।

### सालकको खपटासहित पक्राउ

काठमाडौं, (नेसं)

नुवाकोट ककनी गाउँपालिका-२ घर भएका ३० वर्षीय राजन घिमिरे र २७ वर्षीय मानबहादुर थापालाई १ सय ५ ग्राम सालकको खपटासहित सोमबार प्रहरीले पक्राउ गरेको छ।

काठमाडौं महानगरपालिका-१६ नयाँबजारमा बा७९प १७०७ नम्बरको मोटरसाइकल जाँच गर्ने क्रममा चालक घिमिरे र मोटरसाइकलमा सवार थापाले पानी वर्षादीको खोलभित्र सेतो कपडामा लुकाई छिपाई ल्याएको उक्त सालकको खपटा फेला पारी उनीहरूलाई प्रहरीले नियन्त्रणमा लिएको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### ट्रिपरले ठक्कर दिँदा एकको मृत्यु, एक घाइते

भक्तपुर, (नेस)

काठमाडौंको जडिबुटीमा भएको सवारी दुर्घटनामा १ जनाको ज्यान गएको छ। भक्तपुरबाट कोटेश्वरतर्फ जाँदै गरेको बा४ख ८७२५ नम्बरको ट्रिपरले बा८५प ७१६ नंको मोटरसाइकललाई पछाडिबाट ठक्कर दिँदा झापा बिर्तामोड घर भई हाल भक्तपुर नगरपालिका-१ दूधपाटी बस्ने १८ वर्षीय रोयल सुवेदीको मृत्यु भएको प्रहरीले जनाएको छ।

दुर्घटनामा घाइते भएका सुवेदीको शिक्षण अस्पतालमा उपचारका क्रममा मृत्यु भएको प्रहरीको भनाइ छ। दुर्घटनामा घाइते मोटरसाइकल चालक १८ वर्षीय अमन ढुङ्गेलको ट्रमा सेन्टरमा उपचार भइरहेको प्रहरीले जानकारी दिएको छ। ढुङ्गेलको टाउकोमा चोट लाग्नाका साथै बायाँ खुट्टा भाँचिएको छ। दुर्घटनामा संलग्न सवारीसाधन र ट्रिपर चालक धादिङ थाक्रे-६ का २७ वर्षीय हरिशरण राईलाई प्रहरीले नियन्त्रणमा लिएर अनुसन्धान गरिरहेको जनाएको छ।

## गुणस्तरीय सेवा दिन सक्ने कर्मचारी आजको आवश्यकता

काठमाडौं, (नेस)

वडा सचिवहरूलाई प्रविधि सञ्चालनसम्बन्धी ३० दिने तालिम दिइएको छ। एमएस अफिस प्याकेज २०१३ का कार्यक्रममा वर्ड, एक्सल र पावर प्वाइन्ट इन्स्टल गर्न, सञ्चालन गर्नदेखि सेवा व्यवस्थापनमा आवश्यक पर्ने सूचना प्रविधिको उच्चतम उपयोग गर्ने ज्ञान तथा सीप प्रदान गरिएको तालिमपश्चात् सकेसम्म नागरिकको मोबाइलमा महानगरका सेवा पुर्‍याउने उद्देश्यले तालिम सञ्चालन गरिएको हो।

महानगरका प्रमुख प्रशासकीय अधिकृत यादवप्रसाद कोइरालाले छोटो समयमा गुणस्तरीय सेवा दिन सक्ने कर्मचारी आजको आवश्यकता भएकाले त्यसैअनुरुप परिवर्तन गर्न आग्रह गर्नुभयो। सेवा व्यवस्थापनको सामयिक सुधारका लागि मानव संशाधन विकास महाशाखाले विषयगत तालिम र क्षमता विकासका कार्यक्रम सञ्चालन गरिरहेको छ।

कार्यक्रममा बोल्दै तालिम संयोजक एवं मानव संशाधन महाशाखा प्रमुख नमराज ढकालले कर्मचारीलाई प्रविधि समयको माग भएकाले समय अनुकूल बनाएर परिवर्तित व्यवस्था अनुकूल बनाउँदै क्षमता विकासका कार्यक्रममा प्रविधिको प्रयोगलाई प्राथमिकतामा राखिएको बताउनुभयो।

कार्यक्रममा सहभागीकातर्फबाट बोल्दै वडा नं. ७ की सचिव कविता राई र ३१ का सचिव सुरेश साहुले कर्मचारीलाई प्रविधिका आधारभूतदेखि विशिष्ट ज्ञान दिन र ज्ञान प्रयोग गर्ने कार्यालयीय वातावरण तयार गर्न आग्रह गर्नुभयो। 'प्रविधि र सेवा दुवै परिवर्तनशील छन्। यिनीहरूको विकास र व्यवस्थापनमा अभ्यस्त हुनुपर्छ। यसका लागि सामयिक क्षमता विकासका कार्यक्रम जरुरी छन्' -उहाँको भनाइ थियो। तालिमको प्राविधिक सहयोगी संस्था एफ टेकका विजय सत्यालले काठमाडौंलाई स्मार्ट सिटीका रूपमा विकास गर्न डिजिटल लिटिरेसी आवश्यक रहेकोले सो कामको शुरुआत कर्मचारीबाट हुनु सुखद् पक्ष भएको बताउनुभयो।

## बेहाल नगरकोट सडकको अनुगमन

भक्तपुर, (नेस)

कमलविनायक-खरिपाटी-नगरकोट जाने मुख्य सडक निर्माण कार्यमा ढिलाई भएको गुनासो बढेपछि जनप्रतिनिधिहरू र सम्बन्धित सरोकारवाला निकायले उक्त सडकखण्डको अनुगमन गरेका छन्। शैलुङ्ग कन्स्ट्रक्सनले निर्माण कार्यको जिम्मा लिएको ४ वर्ष पूरा भइसक्दा पनि निर्माण सम्पन्न नभएपछि प्रतिनिधिसभा सांसद महेश बस्नेतको नेतृत्वमा जिल्ला समन्वय समिति भक्तपुरका प्रमुख नवराज गेलाल, भक्तपुरका प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद भट्ट, चाँगुनारायण नगरपालिकाका प्रमुख सोम मिश्र, उपप्रमुख बिना बास्तोला, वडा अध्यक्षहरूसहितको टोलीले निर्माण कार्यको अनुगमन गरेको हो।

टोलीमा निर्माण व्यवसायी, कन्सल्टेन्टसमेतको उपस्थिति रहेको थियो। अनुगमनपछि प्रतिनिधिसभा सांसद महेश बस्नेतले निर्माण व्यवसायीको लापरबाहीका कारण निर्माण कार्यमा ढिलाई भएको वा गुणस्तरीय कार्य नगरेको पाइए कारबाही गर्न सम्बन्धित निकायमा आग्रह गरिने बताउनुभयो। निर्माणका क्रममा स्थानीय जनताबाट अवरोध भएको भए के र कस्ता विषयमा समस्या देखिएको हो त्यस्ता कुरामा बसेर छलफल गरी समस्याको समाधान गर्न सकिने उहाँले बताउनुभयो।

अनुगमनका क्रममा जिसस प्रमुख नवराज गेलाल र नगरपालिका प्रमुख सोम मिश्रले निर्माण व्यवसायीको लापरबाहीका कारण निर्माणमा ढिलासुस्ती भएको बताउनुभयो। प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद भट्टले निर्माण कार्यका दोषीलाई राजनीतिक संरक्षण गर्न नहुने बताउनुभयो।

## राप्रपा बैठक जारी

काठमाडौं, (नेस)

राष्ट्रिय प्रजातन्त्र पार्टीको केन्द्रीय पदाधिकारी तथा प्रदेश अध्यक्षहरूको संयुक्त बैठक जारी रहेको छ। पार्टी कार्यालय धुम्बाराहीमा मंगलबारदेखि शुरू भएको बैठमा प्रदेश कार्यसमितिको कार्यक्षेत्र तथा अधिकार, प्रदेशमा संगठनात्मक अवस्थाको समीक्षा तथा संगठन सुदृढीकरण कार्ययोजनाको बारेमा छलफल भइरहेको छ। पार्टी प्रवक्ता भुवन पाठकले जानकारी दिएअनुसार बैठकमा प्रदेशमा जनपरिचालनसम्बन्धी कार्यक्रम, हिन्दुराष्ट्र पुनःस्थापना राष्ट्रिय जनजागरण अभियान, राष्ट्रिय स्वाभिमान यात्रा र भ्रष्टाचारविरुद्ध भण्डाफोर कार्यक्रमलगायतका विषयमा पनि विस्तृत छलफल भइरहेको छ।

## २५ शान्तिवादी गिरफ्तार

काठमाडौं, (नेस)

मानवअधिकार तथा शान्ति समाजले प्रधानमन्त्री कार्यालय सिंहदरबारअगाडि आयोजना गरेको धर्नाबाट प्रहरीले २५ जना शान्तिवादीलाई गिरफ्तार गरेको छ।

मंगलबार दिउँसो धर्ना प्रारम्भ हुनासाथ प्रहरीले कृष्ण पहाडी, डा. गंगाधर अधिकारी, होमकान्त चौलागाईं, कृष्ण कँडेल, रेनुका पौडेल, उत्तम पुडासैनी, बलबहादुर गाहा मगर, बटुकृष्ण ढुंगेल, चन्द्रमणि बञ्जारा, प्रताप पौडेल, जयराम पुडासैनी, बाबुराम न्यौपाने, जगन्नाथ पुडासैनी, बीपी पौडेल गिरफ्तार गरी महानगरीय प्रहरी वृत्त सिंहदरबारमा राखेको छ।

त्यसैगरी सनत आचार्य, रामचन्द्र खतिवडा, रेजीना राई, सुकदेव अधिकारी, ईश्वर पुडासैनी, भगवान् पुडासैनी, गोकुल पुडासैनी, सुरजकुमार बोहरा, टंकप्रसाद गैरे, मुरारीप्रसाद फुयाल, ईश्वरीप्रसाद नेपालसहित २५ जनालाई गिरफ्तार गरी महानगरीय प्रहरी वृत्त सिंहदरबारमा राखेको छ।

धर्नामा 'स्वतन्त्रताविरोधी निर्णय खारेज गर, स्वेच्छाचारी गतिविधि बन्द गर, शिक्षामा माफिया चलखेल अन्त्य गर, स्वास्थ्यमा माफिया चलखेल अन्त्य गर, सत्याग्रहीको जीवन रक्षा गर, अपराधीलाई संरक्षण बन्द गर'लगायतका प्लेकार्ड प्रदर्शन गरिएको थियो।


नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग
**सस्पेन्सन बृज डिभिजन**
पुल्चोक, ललितपुर

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकासित मिति : २०७५/३/२७

यस डिभिजनको मिति २०७५/२/१६ को आर्थिक अभियान दैनिक तथा e-procurement portal https://bolpatra.gov.np/egp/ मा प्रकाशित सूचना अनुसार तपसिलका झो.पु. मर्मत/संरक्षण कार्यका लागि दाखिला भएका बोलपत्रहरुमध्ये तपसिल वमोजिमका ठेक्का नं. का लागि तपसिल वमोजिमका बोलपत्रहरु न्यूनतम मूल्यांकित र सारभूतरुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरीद ऐन २०६३ (संशोधन २०७३ समेत) को दफा २७ र दफा ४७ को प्रयोजनार्थ सम्बन्धीत सबैको जानकारीको लागि बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ ।

तपसील

| ठेक्का नं. | बोलपत्रदाताको नाम | कामको नाम | कबोल अंक (रु) |
|---|---|---|---|
| MM:NCB-01/074/75 | हरीतारा कन्स्ट्रक्सन प्रा.लि., रोल्पा । | दामदुवाली झो.पु. संरक्षण कार्य, सल्यान | रु १६,९९,७९८.६०/- (सोह्र लाख उनान्सय हजार सात सय अन्ठानब्बे र पैसा साठी मात्र) |
| MM:NCB-02/074/75 | परिष्कार निर्माण सेवा, नुवाकोट । | ध्ये खोला झो.पु. पहुँच मार्ग निर्माण कार्य, मुस्ताङ | रु २५,९९,८३१.४० (पच्चीस लाख उनान्सय हजार आठ सय एकतीस र पैसा चालिस मात्र ) |

योजना प्रमुख



सिनेमा कर्नर











**अग्नि यातायात प्रा. लि.**
दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-५२२५०३३
मो. नं. ९८४१५७९६९७ ( शम्भु )

**माउन्ट मकालु यातायात सेवा**
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ०१-५२२५१७२, ५२२५२५२, ५२२५१२३


### आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : मध्यान्नसम्म तनाव, त्यसपछि खाद्यसामग्री प्राप्ति, कार्य सफल।
**वृष** : भाग्योदय, धनलाभ तर दिउँसोदेखि मन चञ्चल, क्षति।
**मिथुन** : शुरुमा झगडा, खर्च भए पनि मध्याह्नदेखि लाभ, सुख-शान्ति।
**कर्कट** : द्रव्यलाभ, मिष्ठान्न भोजन, तर मध्याह्नबाट राम्रो छैन।
**सिंह** : समय शुभ छ, आँटेको काम पूरा हुने, धनलाभ, विद्या प्राप्ति।
**कन्या** : राज्यभय, असफलता दिउँसोदेखि भने कार्यसिद्धि, सुख-सन्तोष।
**तुला** : अस्वस्थता, व्यापारमा असफलता, मान-सम्मानमा बाधा, खर्च।
**वृश्चिक** : शुरुमा मान, धनलाभ तर मध्याह्नदेखि कष्ट, कार्यबाधा।
**धनु** : पढाइ, जागिर, मुद्दामामिलामा विजय, धनलाभ, मान-सम्मान।
**मकर** : शुरुमा पेट गडबड भए पनि दिउँसोबाट आर्थिक लाभ, विजय।
**कुम्भ** : दिनचर्या अस्तव्यस्त, झमेला, तनावले शारीरिक अस्वस्थता।
**मीन** : बिहान लाभ, प्रसन्नता तर दिउँसोबाट अस्वस्थता, तनाव।



# प्रदेश-३

एसएलसी परीक्षा दिएर पूर्वीचितवनको जयमंगलामा हजुरबुबा भेट्न आएको समयमा अपहरणपछि रत्ननगरको बकुलहरमा उनको हत्या भएको थियो।

# कानुन कार्यान्वयनको अभाव

## सडकमै उग्राउँछन् पशुचौपाया

**रोशन पराजुली, हेटौंडा**

हेटौंडा-५, सानोपोखराकी अम्बिका चौलागाईं अमलेखगन्जको एक फ्याक्ट्रीमा काम गर्नुहुन्छ। उहाँ स्कुटरमा दैनिक हेटौंडा-अमलेखगन्ज ओहोरदोहोर गर्नुहुन्छ।

चुरियामाईको बाटोमा छाडा छाडिएको गाईवस्तुले आफूलाई दैनिकजसो अप्ठ्यारोमा पार्ने गरेको उहाँले बताउनुभयो। सडकमै निर्वाधरूपमा बाख्रा तथा गाईवस्तुहरू हिँड्दा गाडीहरू गाईवस्तुलाई छल्दै आफूतर्फबाट नै आउने गरेको उहाँले गुनासो पोख्नुभयो। 'ट्रक र टि्रपरहरू नै बाटोको छेउमा आउने गर्छन्,' चौलागाईंले भन्नुभयो- 'स्कुटरमा जोगिएर हिँड्नै गाह्रो।'

सामान बोक्ने गाडीका चालक हेटौंडा-१२, पदमपोखरीका श्याम नेपालको पनि हालत उस्तै छ। नेपाल हेटौंडा-चितवन ओहोरदोहोर गर्नुहुन्छ। नेपालले भन्नुभयो- 'कहिलेकाहिं खसीबाख्राहरू पत्तै नपाई अगाडि आइपुग्छन्।' गाडीको ब्रेक लगाउँदा आफूलाई चोट लाग्ने गरेको नेपालले बताउनुभयो।

हेटौंडा-१८, हर्नामाडीदेखि दैनिक मोटरसाइकलमा हेटौंडा आउने भोला लामाले चौघडानजिक पुतलीबजार सडकमा सधैंजसो बिस्कुन वा परालको थुप्रोले सडक ढाक्ने गरेको गुनासो गर्नुभयो। आफ्नो फाइदाका लागि बिस्कुन सुकाएर अरूको ज्यान धरापमा पार्ने गरिएको उहाँको गुनासो छ। लामाले भन्नुभयो- 'मैले दुर्घटना भोगेको छु, चोटपटक त लाग्यो नै मोटरसाइकलमा समेत क्षति भयो।'

दिनप्रतिदिन बढ्दो सवारीको चाप, साँघुरो सडक। त्यसमाथि घरपालुवा जनावर खुलारूपमा सडकमा छोडिँदा र बिस्कुन सुकाउँदा दुर्घटनाको जोखिम त बढेको छ नै, यात्रुलाई खतरा हुने गरेको छ।

पूर्वपश्चिम राजमार्गमा चरिचरणका लागि खुलारूपमा छाडिने गाई, बाख्रालगायत पशुचौपायाका कारण दुर्घटनाको जोखिम बढेको जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुरले जनाएको छ। यात्रुलाई चोटपटक लाग्ने गरेको प्रहरीले जनाएको छ।

खुलारूपमा पशु चौपाया सडकमा छाडिनु कानुनविपरीत भए पनि कानुन कार्यान्वयन अभावमा पशुचौपाया खुलारूपमा सडकमा छाडिने गरिएको छ। सम्बन्धित पक्ष यस विषयमा गम्भीर बन्न सकेका छैनन्।

मकवानपुरको चुरियामाईदेखि मनहरिसम्म पूर्वपश्चिम सडकमा हरेक दिन पशुचौपाया सडकमै परेड खेल्छन्, सडकमै उग्राउँछन्। अनि, सडकमै सुत्ने गरेका छन्। सडकमा पशुचौपायाका कारण सामान्य गतिमा रहेका सवारीसाधन पनि दुर्घटनामा पर्नसक्ने जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब निरीक्षक सन्तोष पोखरेलले बताउनुभयो। पशुधनीले जंगलमा चरिचरणका लागि पशु छाडिदिने र बेवास्ता गर्ने गरेका कारण सडकमा दुर्घटना हुने पोखरेलको भनाइ छ।

प्रहरी नायब निरीक्षक पोखरेलले सडकमा पशुचौपायालाई कुनै सवारीले ठक्कर दिए क्षतिपूर्ति तिराउने पशुधनीहरू सडकमा पशु चौपायाका कारण भएको दुर्घटनाबारे बोल्न नचाहने गरेको तीतो सत्य पोख्नुभयो।

# 'जिससको क्रियाशीलता आवश्यक'

**नेपाल समाचारपत्र**

दोलखा

जिल्ला समन्वय समिति दोलखाले ३ नम्बर प्रदेशका ४ जिल्लाका समन्वय समितिका पदाधिकारी तथा समन्वय अधिकारीको सहभागितामा बालअधिकार तथा बालसंरक्षणको क्षेत्रमा जिल्ला समन्वय समितिको भूमिका विषयक कार्यशाला गोष्ठी सञ्चालन गरेको छ।

गोष्ठीको उद्घाटन गर्नुहुँदै प्रदेश-३ का सदस्य पशुपति चौलागाईंले प्राविधिकरूपमा जिल्ला समन्वय समितिसँग बजेट र कार्यक्रम नभए पनि संवैधानिक र व्यवहारिक हिसाबले सबैभन्दा धेरै अधिकार रहेको बताउनुभयो। उहाँले मूल कानुनको हिसाबले संविधानले सैद्धान्तिक अवधारणा प्रस्तुत गर्ने उल्लेख गर्नुहुँदै व्यवहारिक समन्वयकारी भूमिका र क्रियाशीलताको कारण सबै क्षेत्र र निकायबाट खोज्ने वातावरण बनाउने काम जिल्ला समन्वय समिति स्वयंको हुने बताउनुभयो। 'जिल्ला समन्वय समितिले जति क्रियाशीलता देखायो त्यति नै यसको महत्त्व र खोजी शुरू हुन्छ' -प्रदेश सदस्य चौलागाईंले भन्नुभयो।

प्रदेश सांसद चौलागाईंले संघीय कानुनले प्रदान गरेको बालअधिकार, प्रदेश तथा स्थानीय कानुनमा बालअधिकारको पक्षमा कानुन निर्माण तथा बाल संरक्षणको लागि जिल्ला समन्वय समितिले संघीय सरकार, प्रदेश सरकार र स्थानीय तह तथा गैरसरकारी निकायसँग समन्वयका लागि प्रभावकारी काम गर्नुपर्ने बताउनुभयो।

भीमेश्वर नगरपालिकाका प्रमुख भरत केसीले स्थानीय तहमा निर्वाचित जनप्रतिनिधि हरेक हिसाबले सक्षम रहेको उल्लेख गर्नुहुँदै मिडियाहरूले अनाश्यकरूपमा खेद्ने काम गरिरहेको गुनासो गर्नुभयो।

बालबालिका शान्ति क्षेत्र नेपाल, प्लान इन्टरनेसनल नेपाल, ग्रामीण विकास टुकी संघ दोलखा र सिविन नेपालको सहयोगमा सञ्चालित कार्यशाला गोष्ठीमा स्थानीय तह पुन:संरचना आयोगका संयोजक बालानन्द पौडेल, जिल्ला समन्वय समिति दोलखाका प्रमुख डबल पाण्डे, केन्द्रीय बाल कल्याण समितिका कार्यकारी निर्देशक तारा धिताल र सिविन नेपालका अध्यक्ष माधव प्रधानले मन्तव्य व्यक्त गर्नुभएको थियो। २ दिनसम्म सञ्चालन हुने कार्यशाला गोष्ठीमा दोलखा, रामेछाप, सिन्धुपाल्चोक र सिन्धुलीका समन्वय समितिका प्रमुख, उपप्रमुख, सदस्य र समन्वय अधिकारीको सहभागिता रहेको छ।

# 'समय लागे पनि मुद्दामा बाह्य दबाब छैन'

**नेपाल समाचारपत्र**

चितवन

गोरखा फुजेलका कृष्णप्रसाद अधिकारी हत्यासम्बन्धी मुद्दा फैसलाको प्रक्रियामा बाह्य दबाब नरहेको चितवन जिल्ला अदालतका मुख्य न्यायाधीश कुलप्रसाद शर्माले बताएका छन्। मुद्दाको प्रमाण पुऱ्याउनका लागि समय लागेको भए पनि कुनै पनि खालको बाह्य दबाब नरहेको उनले बताए।

अदालतले हालै चितवनमा आयोजना गरेको अन्तर्क्रिया कार्यक्रममा बोल्दै उनले जाहेरवाला नुरप्रसाद अधिकारीलाई झिकाइएकोमा उपस्थित नहुँदा समय लिएको बताए। यो घटना २०६१ सालमा भएर २०७० सालमा अदालतमा फाइल भएको भन्दै उनले गम्भीर प्रकृतिको भएको कारणले समय लिएको बताए। अदालतले ०७४ फागुन १३ गते जाहेरवाला नुरप्रसादलाई अदालतमा झिकाउन आदेश दिएको थियो। तर, नुरप्रसाद हालसम्म पनि अदालतको सम्पर्कमा छैनन्। नुरप्रसाद अदालतमा नआए पनि अब प्रक्रिया अघि बढ्ने न्यायाधीश शर्माले बताए।

आउँदो साउन २० गतेका लागि पेसी तोकिएको छ। सोही मितिबाट बहस प्रक्रिया अगाडि बढ्ने उनले बताए। सोही मुद्दाका एक आरोपी छविलाल पौडेलले आइतबार सर्वोच्च अदालतमा आत्मसमर्पण गरेका छन्।

कृष्णप्रसाद अधिकारीको विसं. २०६१ जेठ २४ मा अपहरणपछि हत्या भएको थियो। एसएलसी परीक्षा दिएर पूर्वीचितवनको जयमंगलामा हजुरबुबा भेट्न आएको समयमा अपहरणपछि रत्ननगरको बकुलहरमा उनको हत्या भएको थियो। घटनाको जिम्मा तत्कालीन माओवादीले लिएको थियो। मृतकका बाबु नन्दप्रसाद र दाजु नुरप्रसादले हत्यारा खोजेर कारबाही गर्न माग गर्दै तत्कालै जिल्ला प्रहरी कार्यालय चितवनमा उजुरी दिएका थिए।

लामो समयसम्म कारबाही नभएपछि कृष्णप्रसाद अधिकारीका बुबा नन्दप्रसाद र आमा गंगामाया अनसनमा बसेका थिए। उनीहरू अनसनमा बसेको लामो समयपछि प्रहरीले २०७० साउनमा सो उजुरीबारे अनुसन्धान शुरू गरेको थियो। उजुरीमा संलग्नमध्ये केहीलाई समाएर अनुसन्धान गरी मुद्दा चलाउन प्रयास भए पनि मुद्दा दर्ता हुन सकेको थिएन।

नन्दप्रसाद र गंगामायाले अनसन जारी नै राखेपछि अनुसन्धान पूरा भई २०७० चैत ३० गते चितवन जिल्ला अदालतमा मुद्दा दायर भएको थियो। सो घटनामा १३ जना प्रतिवादी कायम भएका थिए। सबैलाई जन्मकैद सजाय माग गरिए पनि प्रमाण नुपग्ने भन्दै अदालतले २ जनालाई धरौटीमा छाडेको थियो।

सो प्रारम्भिक आदेशपछि अन्य अभियुक्त पनि फरक-फरक समयमा उपस्थित भएर अदालतमा बयान दिएका थिए। बयान दिन आएकामध्ये केही साधारण तारेख र केही सामान्य धरौटीमा छुटेका थिए। सो मुद्दाका १ जना अभियुक्त रुद्र आचार्य विदेशमा छन्। उनी अदालतमा अझसम्म उपस्थित भएका छैनन्।

चितवन जिल्ला अदालतको प्रारम्भिक आदेशविरुद्ध तत्कालीन पुनरावेदन अदालत हुँदै सर्वोच्च अदालतमा समेत निवेदन पुगेपछि एकजना अभियुक्त छविलाल पौडेललाई थुनामा राख्नुपर्ने आदेश भएको थियो। सोही आदेशअनुसार उनी आइतबार मात्रै सर्वोच्च अदालतसमक्ष हाजिर भएका हुन्। अदालतले सोमबार नै उनलाई डिल्लीबजार कारागार चलान गरेको छ।

यो मुद्दा हालसम्म ५ जना न्यायाधीशले हेरिसकेका छन्। मुद्दामा गोरखा फुजेल बस्ने सीता अधिकारी, छविलाल पौडेल, रामप्रसाद अधिकारी, अजीव भन्ने परशुराम पौडेल, हिमलाल अधिकारी, मेघनाथ पौडेल, विष्णु तिवारी, रुद्र आचार्य, कालिप्रसाद अधिकारी, 'भीमसेन' भन्ने भीष्मराज पौडेल, रामप्रसाद अधिकारी, जानुका पौडेल र सुभद्रा तिवारीलाई विपक्षी बनाई चितवन अदालतमा मुद्दा दायर भएको हो।

### फुजेल घटना

२०६१ जेठ २४ मा अपहरणपछि हत्या भएको थियो। एसएलसी परीक्षा दिएर पूर्वीचितवनको जयमंगलामा हजुरबुबा भेट्न आएको समयमा अपहरणपछि रत्ननगरको बकुलहरमा उनको हत्या भएको थियो।

# कुटपिट अंगभंगमा आठ वर्ष कैद

## सालक खपटा ओसारपसारमा जरिवाना गर्न आदेश

**सीताराम अधिकारी, धादिङ**

१ जना वृद्धको आँखा झर्नेगरी कुटपिट गर्नेलाई ८ वर्ष कैद ३ लाख जरिवाना तथा सालकको खपटा ओसारपसार गर्ने २ जनालाई जनही ५ लाख र २ जनालाई २ लाख ५० हजारका दरले जरिवाना गर्न जिल्ला अदालतले सोमबार फैसला सुनाएको छ।

जिल्ला न्यायाधीश उमेश कोइरालाको इजलासले दुवै आँखा झर्नेगरी कुटपिट गर्ने थाक्रे गाउँपालिका वडा नं १ निवासी १७ वर्षीय एकेन्द्र भन्ने एकबहादुर खड्कालाई ८ वर्ष कैद गरी ३ लाख रुपियाँ जरिवाना गर्ने फैसला गर्नुभएको हो।

अभियुक्तबाट जरिवाना तिरेको रकम पीडितलाई दिनेगरी सोमबार गरिएको फैसलामा उल्लेख भएको जिल्ला अदालतका स्रेस्तेदार उदयराज काफ्लेले बताउनुभयो। एकबहादुरले ०७४ कात्तिक १० गते सोही स्थानका ६६ वर्षीय रुद्रबहादुर परियारलाई कुटपिट गरेका थिए। पीडितलाई टाउकोमा पछाडिबाट कुटपिट गर्दा दुवै आँखा झरेका छन्।

यसैगरी संरक्षित वन्यजन्तु सालकको खपटा ओसारपसार गरेको आरोपमा जिल्ला अदालतमा मुद्दा चलाइएका २ जनालाई जनही ५/५ लाख र सहयोगी रहेका २ जनालाई जनही २ लाख ५० हजारका दरले जरिवाना गर्न सोमबार जिल्ला अदालतले फैसला गरेको छ। जिल्ला अदालतका न्यायाधीश उमेश कोइरालाको सोमबारको इजलासले गजुरी गाउँपालिका वडा नं ८ का रामकाजी भुजेल र चितवन जिल्ला रापती नपा डा न. ४ का राजन ढुंगानालाई जनही ५ लाखका दरले जरिवाना गर्न आदेश गर्नुभएको छ। यसैगरी गजुरी गाउँपालिका वडा नं ७ का झंकबहादुर अधिकारी र भीमबहादुर पन्डितलाई जनही २ लाख ५० हजारका दरले जरिवाना गर्न आदेश गरिएको जिल्ला अदालतका स्रेस्तेदार उदयराज काफ्लेले बताउनुभयो।

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोले २०७४ कात्तिक ६ गते आदमघाट बजारबाट ओसारपसार गरिरहेको अवस्थामा २ किलोग्राम २ सय ग्राम संरक्षित वन्यजन्तु सालकको खपटा बरामद गरी उनीहरूलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन-२०२९ अनुसार मुद्दा चलाइएको थियो।

हार्दिक श्रद्धाञ्जलि



जन्मः
२०१४/०३/३२

स्वर्गारोहणः
२०७५/०३/१६

स्व. गोपाल राज बाना

हाम्रा स्नेही छोरा **गोपाल राज बानाको** असामयिक निधनले हामी मर्माहत भएका छौं। यस दुःखद घडीको आज १२औं दिनको पुण्यतिथिको अवसरमा दिवंगत आत्माप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै हामी प्रति समवेदना प्रकट गर्नुहुने महानुभावमा सद्भाव प्रकट गर्दछौं।

**आमा : कृष्ण प्यारी बाना**
**पत्नी : विद्या बाना**
**छोरा : बिनित राज बाना**

**भाइ/बुहारी**
पुष्प राज बाना/अनिता बाना
रोशन राज बाना/बिन्दा बाना

**बहिनी/ज्वाईं**
जमुना श्रेष्ठ/रामेश्वर श्रेष्ठ

**भतिजा/भतिजी**
आशुत्तोष राज बाना, आदित राज बाना
रबिना बाना, रोशिल राज बाना

**भान्जी/ज्वाईं**
निकिता पालिखे/निर्जल पालिखे

**भान्जा/भान्जीहरु**
नेहा श्रेष्ठ/पवन श्रेष्ठ

**समस्त बाना परिवार**
बालकुमारी, ललितपुर

### साना उद्यमीलाई प्रविधि हस्तान्तरण

नुवाकोट, (नेस)

घरेलु तथा साना उद्योग विकास समिति नुवाकोटले चालू आर्थिक वर्ष २०७४/७५ को वार्षिक कार्यक्रमअन्तर्गत घरेलु तथा साना उद्यमीलाई उपयुक्त प्रविधि हस्तान्तरण गरेको छ। कार्यालयले मंगलबार एक कार्यक्रमको आयोजना गरी कृषि उद्यमीलाई उपयुक्त कृषि उपकरण, लजिस्टिक सर्पोट तथा लेबलिङ प्याकेजिङजस्ता उपकरण हस्तान्तरण गरेको हो।

कार्यालयले गरिबी निवारणका लागि उपयुक्त सामग्री वितरण गरेको लघु उद्यम विकास कार्यक्रमतर्फ घरेलु तथा साना उद्योग विकास समिति नुवाकोटका प्रमुख विजय कुमार भट्टराईले बताउनुभयो। प्रमुख भट्टराईले घरेलु तथा साना किसान विकास कार्यक्रमअन्तर्गत कार्यालयले ३४ जनामध्ये केही उद्यमीलाई १ लाख रुपियाँसम्मको सामग्री वितरण गरिएको र केहीलाई यही महिनाको अन्तिमसम्म वितरण गरिने बताउनुभयो।

कार्यक्रममा नेपाल घरेलु महासंघका अध्यक्ष सीताराम रिमालले प्याकेजिङ तथा लेबलिङ गर्न काठमाडौं धाउनुपरेको भन्दै त्यो व्यवस्था नुवाकोटकै व्यवसायीले नै गरे स्रोत बाहिर नजाने र स्थानीयस्तरमै रोजगारी सिर्जना हुने बताउनुभयो। रिमालले उद्योग र उद्योगीको समस्याको समाधानका लागि सम्बन्धित निकायले ध्यान दिनुपर्ने बताउँदै कार्यालय प्रमुखले कृषकलाई निकै सहयोग गरेको बताउनुभयो।

# जिल्ला वनका व्यावसायिक प्लट निर्माण

**मोतीराम तिमल्सिना, काभ्रे**



प्रधानमन्त्री राष्ट्रिय कृषि आधुनिकीकरण परियोजनाले कर्मचारी तथा सरोकारवालाहरूको स्थलगत अवलोकन गराएको छ। जिल्ला वन कार्यालयले उक्त परियोजनामार्फत गरेका कार्यक्रमका बारेमा अवलोकन गराएको हो।

परियोजनाअन्तर्गत कृषि र वनसँग सम्बन्धित प्लट निर्माण गर्ने र ३ वटा प्लटलाई प्रदर्शनी गर्न मिल्ने बनाउन लागिएको जिल्ला वन कार्यालयका प्रमुख प्रेम खनालले बताए। जिल्लाको पनौतीस्थित कुशादेवीको डिहिगाउँमा किवीको प्लट शुरू गरिएको छ भने बनेपाको पाण्डे गाउँमा १ हजार बोटसहितको कागतीको प्लट र अनेकोटको ज्यामिरकोटमा प्लट निर्माण भएको छ। जिल्ला भर प्लटसहितको १७ हजार ९ सय बिरुवा वितरण गरिएको खनालले बताए।

अवलोकनका क्रममा पनौतीमा रहेको खरिबोटको कृषि वन कार्यक्रम अवलोकन तथा समूहसँग अन्तर्क्रिया गरेको थियो। वडाअध्यक्ष तथा कृषि वन कार्यक्रमका अध्यक्ष केशव बञ्जाराले जिल्ला वन कार्यालयबाट प्राप्त बिरुवालाई व्यवसायिकरूपमा अगाडि बढाउन अपुग भएको बताए। सबै कृषकलाई व्यवसायिकरूपमा बिरुवा रोपण गर्न खोजेकाले अपुग भएको बञ्जाराले बताए। नगरप्रमुख भीम न्यौपानले एक कार्यक्रमका बीच बिरुवा वितरण गरेका थिए।

पनौती-३ कुशादेवीको डिहिगाउँमा ८ रोपनी २ आना जग्गामा किवीको प्लट शुरू गरिएको छ। राजन सापकोटा र गोविन्दप्रसाद सापकोटाको जमिनमा ४ सय बोट किवी रोपिएको छ। जिल्ला वन कार्यालयका प्रमुख प्रेम खनाल, प्रधानमन्त्री राष्ट्रिय कृषि आधुनिकीकरण सुपरजोन कार्यक्रमका प्रमुख किशोर पन्त, नेपाल पत्रकार महासंघ काभ्रेका अध्यक्ष मोतिराम तिमल्सिनालगायतले किवी, एभोकाडो, अंगुर, आलुपखेडा, कागती र अम्बाका बिरुवा वृक्षरोपण गरी प्लटको शुरुआत गरिएको थियो।

उक्त प्लटमा कागती ५० बोट, एभोकाडो १० बोट, अगुंर ५ बोट रोपिनेछ। प्लटभित्र मकैका अलावा मसिनो तरकारी लगाइनेछ। धारापानी कृषि वन महिला समूहले लगाएको उक्त प्लटमा ७७ घरधुरीका २५ जना महिला सहभागी छन्। कृषि बाली र वन बालीबीचको सम्बन्धलाई यो कार्यक्रमले थप मजबुत बनाउने जिल्ला वन कार्यालय प्रमुख खनालले बताए। सेक्टर वन कार्यालय काभ्रेका प्रमुख रामकुमार भण्डारीले बिरुवाको प्लटले व्यावसायिक खेतीका लागि कृषकलाई आकर्षण गर्न सहज हुने बताए। पाँचखाल-२ ज्यामिरकोटस्थित कृषि वन नमुना प्लट र नालामा रहेको कृषि वन तथा नमुना प्लटको सोही टोलीले अवलोकन गरेको थियो।

२०७५ असार
बुधवार
२७

असार १० गते साँझ अज्ञात व्यक्तिले वीरगन्जको रेल्वे रोड र लिंक रोडको बीचमा रहेको गल्ली बाटोमा हत्या गरी फरार भएका थिए।

# नेपाल

## संक्षेप समाचार

### सटर भाडा टेन्डर स्थगित

बुटवल, (नेस)

स्वास्थ्य तथा जनसंख्या मन्त्री उपेन्द्र यादवका निजी सचिवको ठाडो पत्रले लुम्बिनी अञ्चल अस्पताल बुटवलको व्यावसायिक सटर भाडामा लगाउने टेन्डर स्थगित भएको छ। मन्त्री यादवका निजी सचिव भवनाथ खतिवडाद्वारा हस्ताक्षरित पत्रले लुम्बिनी अञ्चल अस्पताल बुटवलको व्यावसायिक सटर भाडामा लगाउने टेन्डर स्थिगित भएको छ।

पत्रमा देश प्रादेशिक संरचनामा अगाडि बढिरहेको अवस्थामा अञ्चल अस्पताल सञ्चालन गर्ने, सेवा थप गर्ने र आधिकारीक सेवा प्रवाह गर्ने दायित्वसमेत सम्बन्धित प्रदेश सरकारलाई स्वतः जाने हुँदा हाल प्रक्रियामा रहेको व्यावसायिक सटरहरूको टेन्डरको टुङ्गो पनि प्रदेश सरकारबाट नै लगाउनुहुन निर्देशनसहित पत्र आएको २० मिनेटको अन्तरालमा अस्पतालका प्रमुख मेडिकल सुपरिटेन्डेन्ट डा. कृष्ण खनालले अर्को सूचना प्रकाशन नहुँदासम्म स्थगित गरिएको भनी सूचना टाँस गर्नुभएको हो।

### ३ घर पुरिए

गुल्मी, (नेस)

सडक विस्तारका क्रममा खनिएको माटो वर्षात्को पानीसँगै बगेर घरमा पस्दा गुल्मीमा ३ घरमा क्षति भएको छ। जिल्लाको रुरु गाउँपालिका-१ रिडीस्थित तानसेन-रिडी-तम्घास सडक विस्तारको क्रममा निर्माण राखिएको माटो बगेर घरमा पस्दा ३ वटा घरमा क्षति भएको हो। सोमबार परेको अविरल वर्षासँगै माटो बगेर घरमा जाँदा डम्मरबहादुर थापा, प्रमोद श्रेष्ठ, हिमाल श्रेष्ठको घरमा क्षति भएको जिल्ला प्रहरी कार्यालय गुल्मीका प्रहरी उपरीक्षक अनुरागकुमार द्विबेदीले जानकारी दिए। बाटो विस्तारको क्रममा सडक छेउमा राखिएको माटो बगेर गएपछि घरमा लेदो पसेको थियो।

## गाउँमा औलो र मलेरियाका रोगी बढ्दै

### विशेषज्ञ टोली पुगे पनि उपचारमा समस्या

**वीरबहादुर बम, मुगु**

सदरमुकामबाट टाढाका स्थानीय निकाय खत्याड र सोरु गाउँपालिकामा औलो र मलेरियाका रोगीको संख्या भने दिन प्रतिदिन बढिरहेको छ। गत महिनादेखि छिटफुटरूपमा मलेरियाका बिरामी बढे पनि असारको दोस्रो हप्तामा भने खत्याड गाउँपालिका वडा नं. ८ र ९ रिघा गाउँका एकै पटक १६ जना बिरामी भएका थिए।

वैशाखको पहिलो साताबाट रिघा गाउँमा बिरामीको रगत परीक्षणबाट मलेरिया औलो देखिएको जिल्ला जनस्वास्थ्य कार्यालय प्रमुख ज्ञानेश्वर श्रेष्ठले बताए। जिल्ला जनस्वास्थ्य कार्यालयका अनुसार १४ वर्षीया सोबिना उपाध्याय, २२ वर्षीया रिता संज्याल, १४ वर्षीया बाल्की संज्याल र ५ महिनाका बालक निरज पाण्डेलगायतका बिरामीको परीक्षणबाट औलो देखिएको थियो । उपचार गर्दा र केही चिकित्सक पठाउँदा पनि पार नलागेपछि खत्याड गाउँपालिकामा मलेरिया नियन्त्रणका लागि विशेषज्ञ चिकित्सकसहितको टोली रोगको अनुसन्धान गर्न पुगेको जिल्ला जनस्वास्थ्य कार्यालयका सूचना अधिकारी बलिबहादुर बुढा बताउँछन्।

रोग प्रभावित क्षेत्रमा रोग नियन्त्रण महाशाखाका भेक्टर कन्ट्रोलर अधिकृत उत्तम राज प्याकुरेल, क्षेत्रीय स्वास्थ्य निर्देशनालयका श्यामलाल आचार्य, लामखुट्टे विशेषज्ञ अरुण चौधरी र रोहित शाहलगायतको टोली खत्याड गाउँपालिकाका विभिन्न वडामा पुगेको छ। विशेषज्ञ टोली पुगे पनि आवश्यक उपकरण र औषधिको अभावमा बिरामी सञ्चो नहुनेमा स्थानस्य सशंकित देखिएका छन्।

बिरामीलाई टाउको दुख्ने, ज्वरो आउने, वाकवाकी लाग्ने, बान्ता आउने, शरीर काप्ने लक्षण रहेको र बेला-बेलामा स्वास्थ्य कार्यालयबाट खटिएको उपचार टिमले सञ्चो गर्न नसकेको स्थानीय लोकेन्द्र रोकाया बताउँछन्। खत्याड गाउँपालिकाको रिगा आसपासका गाउँमा अत्यधिक गर्मी हुने र लामखुट्टेको प्रकोप बढी हुने हुँदा सो क्षेत्रमा वर्षेनी औलो र मलेरियाका बिरामी बढ्ने गरेको छ। उपचार गर्न कोही कोल्टी विमानस्थलबाट जहाजमा त कोही सडक यातायातबाट नेपालगन्जसम्म जाने गरेको स्थानीयवासी बताउँछन्।

गाउँमा पुगेको विशेषज्ञ टोलीले १ सय बढी बिरामीको रगत परीक्षणको साथै स्वास्थ्य परीक्षण गरेको छ। जसमध्ये सय जना बढीमा औलो रोगको लक्षण भेटिएको, करिब ७५ प्रतिशत बालबालिकामा मलेरिया देखिएका र बिरामी जटिल नभई औषधिको मात्रा पुऱ्याएर सेवन गरे रोग निको हुने कुरा भेक्टर कन्ट्रोल अधिकृत उत्तमराज प्याकुरेलले बताए। बिरामीले नियमित औषधि १४ दिनसम्म सेवन गर्नुपर्ने मलेरिया र औलो सरुवा रोग भएका सबैलाई सजग रहन पनि स्थानीयलाई विशेषज्ञ टोलीले जानकारी दिएको छ। त्यस्तै सोरु गाउँपालिकाका स्वास्थ्य चौकीमा समेत औषधिको अभाव देखिएको छ। स्वास्थ्य चौकी आउने बिरामीलाई सामान्य सिटामोल दिएर फर्काउने गरिएको विशेषज्ञ स्वास्थ्य सेवाको भने अभाव रहेको कालै स्वास्थ्य चौकीका इन्चार्ज सुरज शाही बताउँछन्।

## ठेकेदारको चरम लापरबाही

### सास्ती झेल्दै मनाङबासी

**थुतेन लामा, मनाङ**

सम्झौता सकिँदा पनि बेंसीशहर-चामे सडकमा पुल बन्न सकेको छैन। खोलामा पुल बनाउने जिम्मा लिएको क्यारवाहन कन्सल्टेन्सीले समयमा काम नगर्दा स्थानीयबासीलगायत आन्तरिक तथा बाह्य पर्यटक मर्कामा परेका छन्। दिनहुँ मनाङ जाने-आउने सवारीसाधन खोलामा अलपत्र परेर बस्नुपरेको छ।



यस सडकखण्डमा पर्ने म्यार्दी खोला, तिमाङ खोला, पिसाङ खोला र तिल्चेगाउँ जाने दूधखोलामा मोटरेबल पुल निर्माण गर्ने जिम्मा लिएको क्यारवाहन कम्पनीले २०७५ असार मसान्तसम्ममा लमजुङ र मनाङ जोड्ने म्यार्दी खोलामा बेलिब्रिज निर्माणका लागि सडक डिभिजन कार्यालय दमौलीसँग २ करोड २१ लाखमा सम्झौता गरेको थियो।

सडक डिभिजन कार्यालय तनहुँका अनुसार असार मसान्तसम्म मनाङ लमजुङ जोड्ने पुल निर्माण गरी सवारीसाधन सञ्चालनमा ल्याउने उद्देश्य राखे तापनि समयमा निर्माण गर्न सकेको छैन। एउटा मात्र मोटरबाटो त्यसमा पनि खोलाले छेक्ने भएपछि मनाङ आवत-आवतमा कठिनाइ भएको स्थानीय शेरबहादुर विश्वकर्माले बताए।

उता मनाङ रोडमा वर्षैपिच्छे यस्तो समस्या आइरहने भएकाले सवारी चालक जोखिम मोल्न बाध्य छन्। उक्त कम्पनीले समयमा काम नगर्दा स्थानीयबासी जोखिम मोल्न बाध्य भएका छन्। सवारी चालक सन्तबहादुर गुरुङका अनुसार बर्खाको समयमा व्यापार व्यवसाय ठप्प हुने अवस्थामा पुगेको छ। समयमा पुल नबन्दा बिरामी पनि जोखिम मोल्न विवश भएका छन्। उता ठेकेदार कम्पनीले भने भौगोलिक विकटताका कारण समयमा काम गर्न नसकेको बताएको छ। ठेकेदार कम्पनीका इन्जिनियर सुशील नकर्मीका अनुसार हिउँदमा बढी चिसो हुने र बर्खामा झरी, बाढी पहिरोका कारण काम समयमा सम्पन्न नभएको बताएका छन्।

## रामको हत्या भएको पुष्टि

वीरगन्ज, (नेस)। गएको असार १० गते मृत भेटिएका ब्यान्ड मास्टर भिखारी रामको हत्या भएको पुष्टि भएको छ। पर्सा प्रहरीले हत्या अभियोगमा मंगलबार ३ जनालाई पक्राउ गरी सार्वजनिक गरेपछि उनको हत्या भएको पुष्टि भएको हो।

वीरगन्ज महानगरपालिका वडा नं ८ गहवाटोल बस्ने पशुपति ब्यान्डका सञ्चालक भिखारी रामलाई असार १० गते साँझ अज्ञात व्यक्तिले वीरगन्जको रेल्बे रोड र लिंक रोडको बीचमा रहेको गल्ली बाटोमा हत्या गरी फरार भएका थिए। पक्राउ परेका तीनै जनामध्ये अत्यधिक मादकपदार्थ सेवन गरेका महजिद मियाँ हजामले सामान्य विवादमा भिखारी रामको हत्या गरेको प्रहरी अनुसन्धानबाट खुलेको एसपी ढकालले जानकारी दिए।


हार्दिक श्रद्धाञ्जलि



जन्मः
२०१४/०३/३२

स्वर्गारोहणः
२०७५/०३/१६

स्व. गोपाल राज बाना

यस कामना न्यूज पब्लिकेसन्स्का शुभचिन्तक तथा हाम्रा सहृदयी मित्र **गोपाल बाना**को अल्पायुमै असामयिक स्वर्गारोहणको खबरले हामीलाई स्तब्ध एवम् मर्माहत बनाएको छ । बाना स्वर्गारोहण भएको आज १२औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दछौं ।

साथै यस दुःखको घडीमा शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्तिको लागि श्री परमेश्वरसँग प्रार्थना गर्दै भावपूर्ण समवेदना प्रकट गर्दछौं ।

पुष्करलाल श्रेष्ठ
प्रधान सम्पादक
कामना न्यूज पब्लिकेसन्स् प्रा. लि. परिवार



# विश्व

**कारबाही**

अस्ट्रेलियाको सिड्नीस्थित एउटा रेस्टुरेन्टलाई रक्सीले मातेको महिला ग्राहकलाई सडकमा फालेकोमा कारबाही गरिएको छ।



**प्रतिबन्ध**

जर्मनीले ओसामानेन जर्मानिया नामक एउटा जातीय तुर्केली बक्सर ग्याङमाथि प्रतिबन्ध लगाएको छ।




विश्व २ मिनेट

**अमेरिका**

## न्यायाधीश छनोट

वासिङ्टन, (एजेन्सी)

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले ब्रेट काभानागलाई सर्वोच्च अदालतको न्यायाधीश पदका लागि छनोट गरेका छन्। अमेरिकी राष्ट्रपति भवन ह्वाइट हाउसमा उनको नाम घोषणा गर्ने क्रममा ट्रम्पले उनलाई योग्य न्यायविद् भन्दै तारिफ गरेका थिए। डिस्ट्रिक्ट अफ कोलम्बियाको पुनरावेदन अदालतका न्यायाधीश काभानाग अमेरिकी पूर्वराष्ट्रपति जर्ज डब्ल्यू बुसका पूर्वसल्लाहकार हुन्। ट्रम्पको यस निर्णयले अमेरिकाको गर्भपतनदेखि आप्रवासीलाई बन्दुक उपलब्ध गराउनेसम्मका मामिला प्रभावित हुने अनुमान गरिएको छ। चाँडै अवकाश लिन लागेका न्यायाधीश एन्थोनी केन्नेडीको उनले स्थान लिने भएका छन्।

**जर्मनी**

## ग्याङ प्रतिबन्धित

बर्लिन, (एजेन्सी)

जर्मनीले ओसामानेन जर्मानिया नामक एउटा जातीय तुर्केली बक्सर ग्याङमाथि प्रतिबन्ध लगाएको छ। यो ग्याङ गम्भीर अपराधमा संलग्न रहेको भन्दै सरकारले यस्तो कदम चालेको हो। टर्कीको सत्तारुढ पार्टी एकेसँग आबद्ध रहेको बताइएको यस ग्याङले बक्सिङ र बाइकर संस्कृति हुर्काइरहेको छ। मंगलबार प्रहरीले चार जर्मन राज्यका विभिन्न स्थानमा रहेको यस समूहको अड्डामा छापामारेको स्थानीय सञ्चारमाध्यमले जनाएको छ। जर्मन गृह मन्त्रालयले करिब ३ सय सदस्य रहेको यस समूहको सम्पूर्ण गतिविधि प्रतिबन्धित भएको जनाएको छ।

**बेलायत**

## मे सरकारमा संकट

लन्डन, (एजेन्सी)

दुई मन्त्रीले सोमबार राजीनामा दिएपछि बेलायतमा राजनीतिक संकट उत्पन्न भएको छ। यस घटनाले बेलायती प्रधानमन्त्री टेरिजा मेको कुर्सी पनि खतरामा परेको अनुमान गरिएको छ। ब्रेक्जिटमा कडा लाइन लिइरहेको समूहले प्रधानमन्त्रीको फर्मुला देशलाई युरोपेली संघबाट पूर्णरूपमा अलग गर्न असफल हुने आरोप लगाएका छन्। कयौं क्षेत्रमा बेलायत र संघबीच पुरानो सम्बन्ध जारी रहेको उनीहरूले बताए। जनमत संग्रहमा जनताले संघबाट आंशिक नभई पूरै अलग हुन फैसला दिएको उक्त गुटले बताएको छ। दुई दिनअगाडि मात्रै टेरिजा मेको मन्त्रिमण्डलले युरोपेली संघबाट अलग हुन उनको सूत्रलाई स्वीकृति दिएको थियो।

**अमेरिका**

## स्तनपान विवाद

न्युयोर्क, (एजेन्सी)

अमेरिकी मोडल तथ अभिनेतृ क्रिसी टिगनले स्तनपान गराइरहेको तस्वीर सामाजिक सञ्जालमा पोस्ट गरेपछि आलोचित बनिरहेकी छन्। इन्स्टाग्राममा पोस्ट गरिएको आफ्नो तस्वीरमा क्रिसीले आफ्नो बच्चा र छोरी लुनाको पुतलीलाई स्तनपान गराइरहेकी थिइन्। दुई सन्तानकी आमा क्रिसीले उक्त तस्वीरसँगै लेखेकी थिइन्- लुनाले उनको पुतलीलाई पनि दूध पिलाओस् भन्ने चाहेकीले अब मलाई मेरा जुम्ल्याहा बच्चा छन् भन्ने लागेको छ।' एक दिनमै उनको यो पोस्टलाई इन्स्टाग्राममा ३ लाखले लाइक गरेका थिए र ट्विटरमा १८ हजारले लाइक गरेका छन्।

# गुफामा फसेका सबैको सुरक्षित उद्धार





बैंकक, (एजेन्सी)

उत्तरी थाइल्यान्डको टेम लुङ गुफामा फसेका बाँकी चार बच्चा र उनका प्रशिक्षकलाई पनि सुरक्षित निकालिएको छ।

यससँगै गुफामा फसेका १२ केटा र उनीहरूका फुटबल प्रशिक्षकलाई बचाउने लामो र जोखिमपूर्ण उद्धार अभियान सफलतापूर्वक सम्पन्न भएको छ। ती केटाहरू ११ देखि १७ वर्षका छन्। थाइल्यान्ड नौसैनिक सिल्सले सबै १२ बच्चा र उनका प्रशिक्षकलाई सुरक्षित निकालिसकेको पुष्टि गरेका छन्। यद्यपि उद्धार टोलीका एक चिकित्सकसहित ४ गोताखोर अझै गुफाबाट बाहिर निस्कन बाँकी रहेको बताइएको छ।

सोमबार साँझसम्ममा ८ बच्चालाई पहिल्यै सुरक्षित बाहिर निकालिसकेको थियो। १२ फुटबल खेलाडी आफ्ना कोचसँग जुन २३ मा गुफामा गएका थिए र उनीहरू त्यहीँ फसेका थिए। पुरै अँध्यारो पानीले भरिएको र अत्यन्न कठिन मार्गको उक्त गुफाबाट ती बच्चाहरूलाई सुरक्षित बाहिर निकाल्ने अभियानमा विश्वभरिकै ध्यान केन्द्रित भइरहेको थियो। यसअघि थाइल्यान्डका प्रधानमन्त्रीले बाहिर निकाल्ने कठिन प्रक्रियाका क्रममा नडराऊन् भन्ने हेतु बच्चालाई बाहिर निकाल्नुअगाडि औषधी दिइएको जानकारी दिएका थिए। बच्चालाई बाहिर निकाल्नुअगाडि बेहोस गरिएको थियो भन्ने समाचारको भने प्रधानमन्त्री प्रयुत चान ओचाले खण्डन गरेका छन्।

केटाहरूलाई चिन्ता निवारक औषधि दिइएको उनले बताए। यो सैनिकले लिने औषधी जस्तै हो। उनले भने- 'यो औषधी सेवनपछि हाम्रो ध्यान एकैतिर केन्द्रित रहन्छ र सार्प सुटिङ राम्रो हुन्छ।' सोमबारसम्ममा गुफाबाट निकालिएका सबै ८ बच्चाको शारीरिक र मानसिक स्वास्थ्य राम्रो रहेको थाइल्यान्डका एक स्वास्थ्य अधिकारीले जानकारी दिएका छन्। सार्वजनिक स्वास्थ्य मन्त्रालयका स्थायी सचिव जिसेदा चोदेमोंगसुकले भने- 'सबै आठ बच्चाको स्वास्थ्य राम्रो छ, उनीहरूमा कुनै प्रकारको ज्वरो छैन। उनीहरूको मानसिक स्थिति पनि राम्रो छ।'

ती सबै बच्चाको एक्सरे र रक्त परीक्षण भइसकेको र त्यसको सबै रिपोट ठीक रहेको बताइएको छ। यद्यपि दुई बच्चाको फोक्सोमा संक्रमणको आशंका गरिएको र उनीहरूको उपचार भइरहेको छ। उनीहरूलाई कम्तीमा सात दिनसम्म अस्पतालमा चिकित्सकको निगरानीमा राखिनेछ। केही बच्चाको शरीरको तापक्रम कम र केहीको मुटुको चाल अलि ढिलो रहेको बताइएको छ। बच्चाहरूलाई शुरूमा 'इन्टेन्ट फुड' र 'इनर्जी जेल' दिइएको स्वास्थ्य अधिकारीहरूले बताए। अहिले उनीहरूलाई सहजै पचाउन सक्ने खाना दिइएको छ।

केही बच्चाले आफ्ना आमाबुबालाई शिशाबाट बाहिर देखिसकेका छन्। केही दिनपछि उनीहरूको पुन: परीक्षण हुनेछ र संक्रमण नभएको अवस्थामा उनीहरूलाई परिवारसँग भेट्न दिन सकिने अधिकारीहरूले बताए।

शुरूमा आइतबार ४ बच्चालाई सुरक्षित बाहिर निकालिएको थियो। त्यसपछि सोमबार अर्को ४ जनालाई सफलतापूर्वक बाहिर निकालिएको थियो। दुई हप्तासम्म अँध्यारो गुफामा बसेर आएकाले हाल उनीहरूलाई सनग्लास लगाउन भनिएको छ। सुरक्षित निकालिएका केटाहरूलाई चियाङ राय हस्पिटलमा भर्ना गरिएको छ। त्यहाँ उनीहरूको सबै शारीरिक जाँच हुने बताइएको छ। शुक्रबार थाई नौसेनाका एक गोताखोरको अभियानका क्रममा मृत्यु भएको थियो। फसेका बच्चाहरूका लागि एयर ट्यांक पुर्‍याएर फर्किंदा बीच मार्गमा अक्सिजनको कमीले गर्दा गोताखोर समन गुनानको मृत्यु भएको थियो। गुनानका एक सहकर्मीले उनको साथीको समर्पण खेर नजाने बताए।

## मस्कको पनडुब्बी काम लागेन



लस एन्जलस, (एजेन्सी)

थाइल्यान्डको गुफामा फसेकालाई उद्धारमा सहयोग गर्ने चासो देखाउँदै पनडुब्बी उपलब्ध गराउन सक्ने एलोन मस्कको प्रस्तावलाई थाई सरकारले 'व्यावहारिक' नभएको बताए। पनडुब्बीको प्रयोग बच्चाहरूको उद्धारमा उपयोगी हुन नसक्ने बताउँदै थाई सरकारले शालिनतापूर्वक अस्वीकार गरेको थियो। यद्यपि थाई नेभी सिल्सको नेतृत्वमा भइरहेको उद्धार अभियान १२ बच्चा र उनीहरूका प्रशिक्षकको सफल उद्धारसँगै समाप्त भइसकेको छ।

एलोन मस्कले थाइल्यान्डको गुफामा फसेका १२ बालक र तिनीहरूका फुटबल कोचलाई उद्धारमा सहयोग गर्न एउटा नमुना पनडुब्बी बनाएका थिए। अर्बपति व्यापारी तथा निजी अन्तरिक्ष कार्यक्रम स्पेस एक्सका मालिक एलोन मस्कले गुफामा फसेको समूहलाई मुक्त गर्न उपयुक्त हुने पनडुब्बी डिजाइनका लागि काम गरिरहेको विषयमा थाइल्यान्डमा गुफा विज्ञहरू छलफल गरेका थिए। उक्त पनडुब्बी पर्याप्त सुरक्षित हुन सक्ने उनले जानकारी दिएका थिए। बच्चा आकारको सानो पनडुब्बीलाई दुई जना गोताखोरले सजिलै बोक्न सक्ने गरी हलुका भएको र साँघुरो ठाउँमा पनि सजिलै छिराउन सक्ने भएको उनले बताएका थिए।

मस्कको टोलीले उक्त सानो पनडुब्बी चलाउन स्पेसएक्स फाल्कोन रकेटको तरल अक्सिजन ट्युबको प्रयोग गरेका छन्। आफ्नो ट्विटरमा लगातार शेयर गरिएको भिडियोमा मस्कले उक्त पनडुब्बी लस एन्जलसस्थित एउटा हाईस्कुलको स्विमिङपुलमा उनको टोलीले परीक्षण गरिरहेको देखाइएको थियो।

# नोबेल पुरुस्कार विजयीका पत्नीलाई चीन छोड्ने अनुमति



बेइजिङ, (एजेन्सी)

शान्तिका लागि नोबेल पुरस्कार विजयी तथा चिनियाँ सरकारविरोधी लिउ सियाओबोकी विधवा पत्नीलाई सरकारले विदेश जाने अनुमति दिएको छ। सन् २०१० आफ्नो पतिले नोबल पुरस्कार जितेयता नजरबन्द गरिएको थियो। उनी विमानबाट जर्मनीको बर्लिनका लागि प्रस्थान गरेको उनका पारिवारिक स्रातले बीबीसीलाई बताएको छ।

विश्वविद्यालयका प्राध्यापक रहेका तथा पछि मानव अधिकारवादी अभियन्ता बनेका उनका पतिलाई सन् २००९ मा राष्ट्रघाती क्रियाकलापमा संलग्न रहेको अभियोगमा सरकारले गिरफ्तार गरेको थियो। उनको गत वर्ष कलेजोको क्यान्सरका कारण मृत्यु भएको थियो। उनको खरानी समुन्द्रमा छरिएको थियो। कवियत्री लिउ सियामाथि बिनाकुनै अपराधिक अभियोग नजरबन्दी बनाइँदै गरेको हो। गत मे महिनामा उनले यसको विरोधमा आफू प्रदर्शन गरेर मर्नसमेत तयार रहेको बताएकी थिइन्। कडा सुरक्षा प्रबन्धबीच लामो समयसम्म हिरासतमा रहनुपरेका कारण हाफ डिप्रेसनको शिकारसमेत भएबो उनले गुनासो गरेकी थिइन्।

उनी मंगलबार फिनएयरको उडानबाट बेइजिङबाट वर्लिनतर्फ उडेको बताइएको छ। तर, चीनस्थित जर्मनी दूतावासले यसबारे कुनै प्रतिक्रया जनाएको छैन। लामो समयदेखि जर्मनीले चीन सरकारसँग उनलाई विदेश जाने अनुमति दिन आग्रह गर्दै आएको थियो।

# इरानमा महिला धमाधम डान्स गर्दै




तेहरान, (एजेन्सी)

इरानमा थुप्रै महिलाले सामाजिक सञ्जालमा आफ्ना डान्स गरिरहेको भिडियो धमाधम सार्वजनिक गरिरहेका छन्। वास्तवमा तिनीहरूको यो अनौठो अभियानको उद्देश्य आफ्ना डान्स भिडियोमार्फत एक किशोरीको गिरफ्तारीको विरोध गर्नु रहेको छ।

पत्राउ परेकी मिदा होजाब्रीले इरानी र पश्चिमी संगीतमा डान्स गरिरहेको भिडियो सार्वजनिक गर्दै अरूहरूलाई पनि आफ्नो अनुशरण गर्न आह्वान गरेकी थिइन्। यी किशोरीको गिरफ्तारीपछि सोसल मिडियामा इरानी जनताले युवा डान्सरको समर्थन गर्न शुरू गरेका छन्। होजाब्रीको समर्थनमा गर्दै सबैले 'नाच्नु कुनै अपराध होइन' भन्ने आशयको ह्यासट्याग प्रयोग गरिरहेका छन्।

इरानमा महिलाले सम्पूर्ण शरीर ढाक्ने पोशाक लगाउनुपर्ने र पुरुषसँग डान्स गर्न नपाउने कडा कानुनी प्रावधान रहेको छ। तर, परिवारका सदस्यसँग भने यो नियममा छुट दिइएको छ।

डान्स भिडियोमा होजाब्री हिजाब अर्थात् टाउकोमा लगाउने स्कार्फबिना देखिएकाले सरकारले आपत्ति जनाएको हो। होजाब्रीकै अनुशरण गर्ने अन्य डान्स कलाकारलाई पनि हालै पक्राउ गरिएको छ। इरानमा डान्स गर्नेहरूलाई पक्राउ गरिएको यो पहिलो घटना भने होइन।

चर्चित ब्लगर हुसेन रोनाघीले यस सम्बन्धमा टिप्पणी गरेका छन्- 'यदि तपाईंले १७/१८ वर्षकी किशोरीले आफ्नो डान्स, खुसी र सुन्दरताले अभद्रता फैलाएको आरोपमा पक्राउ गरिएको तर बाल बलात्कारी र अन्य आरोपी खुलमखुला घुमिरहेका छन् भन्ने खबर सुन्दा छक्क पर्नु पर्दैन।'

प्रधानमन्त्री ओलीको अघिल्लो कार्यकालमा चीनले नेपालसँग दुई जोडी गैंडा उपहार मागेपछि अहिले त्यसको अन्तिम तयारी पूरा गरेको छ।

# ‘सूचना दिंदा कारबाही भए क्षतिपूर्तिसहित मै लड्छु’

**नेपाल समाचारपत्र**

काठमाडौं

राष्ट्रिय सूचना आयोगका प्रमुख आयुक्त कृष्णहरि बास्कोटाले कानुनले तोकेका सही सूचना दिने सूचना अधिकारी र प्रवक्तामाथि कारबाही भए त्यसको विरोधमा आफैं उठ्ने बताउनुभएको छ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयद्वारा मंगलबार आयोजित प्रवक्ता र सूचना अधिकारीहरूको भूमिका विषयक अन्तरक्रिया कार्यक्रममा उहाँले भन्नुभयो- ‘कानुनले तोकेको सूचना दिंदा कानुन बनाउने ६ सय १ जना नडराउने तपाईं सूचना अधिकारी र प्रवक्ता किन डराउने? जनतालाई सही सूचना दिंदा तपाईंहरूमाथि कारबाही भए क्षतिपूर्तिका लागि समेत मै लड्छु, तपाईंहरूलाई न्याय दिलाउन सकिन भने प्रमुख आयुक्तबाट राजीनामा दिन्छु।’

कार्यपत्र प्रस्तुत गर्दै प्रमुख आयुक्त बास्कोटाले सूचना अधिकारी र प्रवक्ता बन्न पाउनुलाई गर्वका रूपमा लिँदै जागिर छोडेपछि पनि जनताले चिन्ने भएर काम गर्न आग्रह गर्नुभयो।

सोही कार्यक्रमा सञ्चार तथा सूचना प्रविधिमन्त्री गोकुल बास्कोटाले पत्रकार र सूचना अधिकारी/प्रवक्ताबीचको समन्वयले मात्रै सही सूचना सम्प्रेषण हुने बताउनुभएको थियो।

निर्णय भएकै दिन सूचना सार्वजनिक गर्न सकिए त्यसको प्रभावकारिता दिगो हुने बताउँदै उहाँले सूचना अधिकारी र प्रवक्ताको प्रतिरक्षा गर्न निर्देशन दिनुभयो। जुनसुकै पार्टीको सरकार बने पनि कर्मचारी सरकारका कामप्रति इमानदार बन्नुपर्छ भन्दै मन्त्री बास्कोटाले सूचना अधिकारी र प्रवक्तालाई कहिले पनि दोहोरो कुरा नगर्न सुझाव दिनुभयो।

एक फरक प्रसंगमा उहाँले आफू इन्टरनेटको सेवा शुल्क बढाउने पक्षमा नरहेको बताउँदै भन्नुभयो- ‘निजी क्षेत्रले शुल्क बढाउने विषयमा धेरै जानकारी हुँदैन, यसबारे त सचिव र सम्बन्धित निकायले विशेष ध्यान दिनुपर्छ।’

प्रवक्ता र सूचना अधिकारीको भूमिकालाई अझ प्रभावकारी बनाउन कुनै कदम बाँकी नराख्ने दाबी गर्दै मन्त्री बास्कोटाले प्रविधि, स्रोत साधनको उचित व्यवस्था गर्न सरकार लागिपरेको बताउनुभयो।

कार्यक्रममा पत्रकार तीर्थ कोइरालाले पनि प्रवक्ता र सूचना अधिकारीसँग पत्रकारको भूमिका विषयमा कार्यपत्र प्रस्तुत गर्दै पत्रकारलाई बुझ्न सक्ने, सक्रिय र उत्साहित व्यक्तिलाई सूचना अधिकारी/प्रवक्ता बनाउनुपर्ने सुझाव दिनुभयो।

अन्तरक्रिया भनिए पनि कार्यक्रममा उपस्थित विभिन्न मन्त्रालय, निकाय, विभागका सूचना अधिकारी र प्रवक्ताहरू कसैले आफ्नो भनाइ राख्ने अवसर पाएका थिएनन्।

# ‘आफ्नैभित्रको गुटबन्दीले कांग्रेस कमजोर’

काठमाडौं, (नेस)

नेपाली कांग्रेसका महामन्त्री डा. शशांक कोइरालाले कम्युनिस्ट मिलेकाले नभई आफूभित्र एकता नहुँदा कांग्रेस कमजोर हुन पुगेको बताएका छन्। कांग्रेस एकढिक्का भए कसैले पनि पराजित गर्न नसक्ने उनले बताए।

काठमाडौंमा मंगलबार सुशील कोइराला सोसलिस्ट युथ सर्कलले आयोजना गरेको विचार गोष्ठीमा महामन्त्री कोइरालाले पार्टीभित्र आन्तरिक एकता भए कम्युनिस्टलाई परास्त गर्न सकिने भन्दै अहिले पार्टीभित्र आन्तरिक एकता पहिलो आवश्यकता भएको बताए। आफू सधैं गुटबन्दी अन्त्य गर्दै एकताबद्ध कांग्रेस बनाउने पक्षमा रहेको र त्यसका लागि प्रयास गरिरहेको बताए। कांग्रेस अहिलेको अवस्थामा आइपुग्नुमा दुई ठूला कम्युनिस्ट मिल्नु मुख्य कारण नभएको उनको भनाइ थियो। ‘हामीलाई कम्युनिस्टले हराएको होइन। हामी आफैंभित्रको गुटबन्दीका कारण हारेका हौं’, महामन्त्री कोइरालाले भने- हामीहरू पार्टीभित्र मिल्ने हो भने कसैले कांग्रेसलाई हराउन सक्दैन।’ उनले पार्टीभित्र मौलाउँदो गुटबन्दी अन्त्यका लागि लाग्न पनि कार्यकर्तालाई निर्देशन दिए।

त्यस्तै, कार्यक्रममा केन्द्रीय सदस्यहरू गुरुराज घिमिरे र शंकर भण्डारीले सरकारले दुई तिहाइको दम्भ देखाइरहेको बताए। अहिलेको कम्युनिस्ट सरकार अधिनायकवादतर्फ जाने संकेत देखाइरहेको भन्दै उनीहरूले कांग्रेसलाई त्यसको प्रतिवाद गर्न सक्ने गरी सशक्त बनाउनुपर्नेमा जोड दिए।

कार्यक्रममा नेविसंघका अध्यक्ष नैनसिंह महरले निर्धारित मितिभित्रै संघको १२औं महाधिवेशन गर्न आफू प्रतिबद्ध रहेको बताए। उपाध्यक्ष उर्मिला थपलियाले अहिले कांग्रेस गुटबन्दीका कारण थला परेको भन्दै त्यसबाट पार्टीलाई मुक्त गर्न महामन्त्री कोइरालालाई अघि बढ्न आग्रह गरिन्। संघका महामन्त्री आनन्द त्रिपाठी, उपाध्यक्ष सागर परियार, पूर्वमहामन्त्री गजेन्द्र कार्की, केद्रीय सदस्य लक्ष्मण पन्थी, पूर्वकेन्द्रीय सदस्य सन्तोष पाण्डेलगायतले पनि आ-आफ्नो धारणा राखेका थिए।

# चीन पठाउने गैंडा काठमाडौं ल्याइयो

**नेपाल समाचारपत्र**

काठमाडौं

चीनलाई उपहारस्वरूप प्रदान गर्ने तयारी गरिएका दुई जोडीमध्ये एक जोडी गैंडा मंगलबार राति चितवनबाट काठमाडौं ल्याइएको छ।



चितवन राष्ट्रिय निकुञ्जबाट विशेष प्रकारको खोर र छुट्टाछुट्टै ट्रकमा राखेर ‘भद्र’ र ‘रूपसी’ नामका भाले-पोथी गैंडा ल्याइएको हो। भद्र डेढ वर्षको भाले हो भने रूपसी २ वर्षकी पोथी हो। नेपाली सेनाको विशेष ‘स्कटिङ’ सहित ३६ जनाको टोलीले गैंडा ल्याएको हो। ‘नेपाली सेनाका सहसेनानीको नेतृत्वको टोलीले गैंडा राखिएका दुवै ट्रकको अघिपछि स्कटिङ गरेको छ, ५/६ वटा गाडीमा हामी काठमाडौं आइरहेका छौं।’ -चितवन राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत वेदकुमार ढकालले मंगलबार साँझ नेपाल समाचारपत्रसँग भन्नुभयो।

राष्ट्रिय प्रकृति संरक्षण कोष परिसर ललितपुरको खुमलटारमा राखिएका गैंडालाई भोलि बिहीबार विशेष कार्यक्रमसहित चीनलाई औपचारिकरूपमा हस्तान्तरण गरिँदै छ। प्रधानमन्त्री केपी शर्मा ओलीले नेपालका लागि चिनियाँ राजदूत यू होङलाई भ्रद्र र रूपसी हस्तान्तरण गर्ने कार्यतालिका तय गरिएको छ। गैंडा लैजानकै लागि चीनबाट विशेष विमान, पशु चिकित्सक र अन्य प्राविधिक नेपाल आउँदै छन्।

प्रधानमन्त्री केपी शर्मा ओलीको अघिल्लो कार्यकालमा चीनले नेपालसँग दुई जोडी गैंडा उपहार मागेपछि अहिले त्यसको अन्तिम तयारी पूरा गरेको हो। ‘भद्र’ र ‘रूपसी’ लाई चीनले ग्वान्जाओस्थित चिमेलोङ सफारी पार्कमा राख्ने तयारी पूरा गरेको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले जनाएको छ।

विभागका महानिर्देशक मनबहादुर खड्काका अनुसार चितवन निकुञ्जका वरिष्ठ पशु चिकित्सक कमल गैरे नेतृत्वको ४ सदस्यीय नेपाली टोली पनि चीन जाँदै छ। ‘गैंडाको स्वास्थ्य निगरानी गर्न २ चिकित्सक र ३ जना केयर टेकर चीन जाँदै हुनुहुन्छ।’ -खड्काले भन्नुभयो। अर्को जोडी गैंडा पनि आगामी दशैं अगावै चीनलाई हस्तान्तरण गर्ने तयारी भइरहेको उहाँले जानकारी दिनुभयो।

# गाडी सिक्दै संसद्का कर्मचारी

काठमाडौं, (नेस)

संघीय संसद् सचिवालयका कर्मचारीलाई सचिवालयले हलुका सवारी गाडी सिकाउँदै गरेको छ।

संघीय संसद् सचिवालयका कर्मचारी प्रशिक्षण शाखाका उपसचिव लक्ष्मण अर्यालले कर्मचारीको सीप वृद्धि गर्न र आवश्यक परेका बेला आफै पनि गाडी चलाउन मिल्ने गरी सवारी सिकाइँदै गरेको बताउनुभयो।

अहिले यो वर्षको दोस्रो चरणको कार्यक्रम चलिरहेको छ। मध्यबानेश्वरमा रहेको बुढाथोकी ड्राइभिङले टेन्डर पारेर कर्मचारीलाई सवारी प्रशिक्षण दिँदै आएको छ। अर्यालले कर्मचारीले समय मिलाएर सिक्ने बताउनुभयो। प्रतिनिधिसभा कार्यव्यस्था समितिका सहसचिव वंशीराज पौडेलले पनि आफूले यसअघि यसरी नै सञ्चालित तालिमबाट गाडी सिकेको बताउनुभयो। ‘सिकेपछि आउन जान सजिलो छ, चालक पर्खेर बसिरहनुपरेन।’ -पौडेलले भन्नुभयो।

‘नियमित कार्यक्रम हो, रकम अर्थ मन्त्रालयले दिन्छ’, अर्यालले भन्नुभयो- ‘यो चरणमा शाखा अधिकृतसम्मका १० जना सिक्दै हुनुहुन्छ, सवारी चालक नहुँदा पनि आफै गाडीमा कार्यालय आउन सक्नुहोस् भन्ने उद्देश्य हो।’ प्रतिव्यक्ति २२ हजार रुपियाँ सचिवालयले बेहोर्नेछ। आन्तरिक सेवा तथा योजना शाखाका अधिकृत शिवदत्त बरालले केही दिन अघिदेखि तालिम लिइरहेको बताउनुभयो। ‘सिक्दैछु राम्रै छ, आँट आउन थालेको छ।’ -बरालले भन्नुभयो। सचिवालयले पहिले सचिव, सहसचिव, उपसचिवलाई सिकाएपछि अहिले अधिकृतसम्म आइपुगेको छ। सचिवालयले तत्कालै अधिकृतभन्दा तलका कर्मचारीका लागि तालिमको योजना बनाएको छैन।

# प्रदेश-३ को राजधानी काभ्रे पहिलो नम्बरमा

हेटौंडा, (नेस)

प्रदेश-३ को स्थायी राजधानीका विषयमा अध्ययन गर्न बनेको समितिले मंगलबार प्रदेशसभामा प्रतिवेदन बुझाएको छ। समितिले भौगोलिक अवस्था, पूर्वाधार, बाटोको पहुँच, केन्द्रविन्दुलगायत मापदण्डका आधारमा काभ्रेलाई पहिलोमा, चितवनलाई दोस्रोमा, नुवाकोटलाई तेस्रो, भक्तपुरलाई चौथो र हाल अस्थायी मुकाम रहेको हेटौंडालाई पाँचौं नम्बरमा राखेको बुझिएको छ। विभिन्न मापदण्डका आधारमा अंक दिएर प्राथमिकताक्रम तोकिएको हो।

समिति सभापति दीपक निरौलाले सभामुखलाई प्रतिवेदन बुझाउनुभएको हो। १२ जिल्लाबाट आएका सुझावका आधारमा जिल्ला तोकेर राजधानीका विषयमा आफूहरूले प्रतिवेदनमा उल्लेख गरेको भन्दै निरौलाले समितिलाई जे सुझाव आएका थिए, त्यसका आधारमा प्रतिवेदन तयार गरिएको बताउनुभयो।

समितिले सांसद विशाल खड्काको संयोजकत्वमा प्रतिवेदन लेखन उपसमिति निर्माण गरेको थियो। प्रतिवेदनले प्रदेशको चासोका रूपमा रहेको प्रदेश राजधानीको विषयलाई एक उचाइ दिनेछ भने साउन पहिलो हप्ता हुने प्रदेशसभा बैठकले राजधानी र नामकरणलाई अन्तिम टुंगो लगाउने जनाइएको छ।

प्रदेशसभाका केही सांसदले राजधानीका लागि हेटौंडासहित काभ्रे, नुवाकोट, चितवन तथा भक्तपुर माग गरेपछि प्रदेशसभाले यस विषयलाई सहजढंगबाट टुंगो लगाउन समिति निर्माण गरेको थियो। २ महिना अवधिमा गरिएको स्थलगत अध्ययन, प्रश्नावलीका आधारमा समितिले प्रतिवेदन तयार गरेको हो। समितिले जेठ २८ देखि ३० गतेसम्म चितवन, काभ्रे, भक्तपुर, नुवाकोट र हेटौंडाको स्थलगत अध्ययन गरेको थियो।

# भट्टराई सुनुवाइ समितिको सभापति बन्दै

काठमाडौं, (नेस)। संसदीय सुनुवाइ समितिको सभापति योगेशकुमार भट्टराई बन्नुहुने भएको छ।

भट्टराई सभापति हुन तयार भएपछि उहाँलाई नै सभापति बनाउने सहमति भएको जनाइएको छ। प्रतिनिधिसभाको सोमबारको बैठकमा १२ जना सदस्यको नाम सुनुवाइ समितिमा मनोनयन गरिएको थियो। त्यसअघि नै राष्ट्रियसभाले ३ जनाको नाम सिफारिस गरेको थियो। समितिमा १५ सदस्य रहने संवैधानिक व्यवस्था छ।

समितिको सिंहदरबारमा मंगलबार बसेको पहिलो बैठकले कार्यविधि बनाउन उपसमिति गठन गरेको भट्टराईले जानकारी दिनुभयो। भट्टराईसहित सांसदहरू शिवकुमार मण्डल केवट र पुष्पा भुसाल गौतम सदस्य रहनुभएको छ। भट्टराई र मण्डल नेकपा सांसद र गौतम कांग्रेस सांसद हुनुहुन्छ। ३ दिनभित्र कार्यविधि बनाइसक्ने समयसीमा तोकिएको छ। समितिका ज्येष्ठ सदस्य राजपा सांसद लक्ष्मणलाल कर्णको सभापतित्वमा बैठक बसेको थियो।

# झा सर्वोच्चमा

काठमाडौं, (नेस)

नेपाल दूर सञ्चार प्राधिकरणको अध्यक्ष दिगम्बर झाले सर्वोच्च अदालतमा रिट दर्ता गराउनुभएको छ। वर्तमान सरकारले आफ्ना कुरा राख्न नदिई अवकाश दिएका कारण देखाई आफूलाई गैरकानुनी तबरले हटाइएको भन्दै झाले मंगलबार रिट दायर गराउनुभएको हो।

प्रतिनिधिसभा निर्वाचन आचार संहिता लागू भएपछि तत्कालीन सञ्चारमन्त्री मोहनबहादुर बस्नेतले झालाई दोस्रो कार्यकालका लागि प्राधिकरणको अध्यक्ष नियुक्त गर्नुभएको थियो। गत असार २० गतेको मन्त्रिपरिषद्ले निर्वाचन आचार संहिता लागू भएपछि तत्कालीन देउवा सरकारले गरेका राजनीतिक नियुक्तिहरू खारेज गर्ने निर्णय गरेको थियो।

## जोखिममा...

माम्ती खोलामा पक्की पुल नहुँदा वर्षाको समयमा सर्वसाधारण यात्रुहरूले निकै ठूलो सास्ती खेप्दै आएका छन्। सडक डिभिजन कार्यालय खुर्कोटका प्रमुख राकेश महर्जनले तीन स्थानमध्ये एक स्थानमा मात्र पक्की पुल निर्माण गर्न सकिने बताउँदै माम्ती खोलमा मात्र पक्की पुल निर्माण गर्न सकिने बताउनुभयो।

राजमार्गअन्तर्गत खहरे खोला मानिने भयाकुरे खोला र कालोढुंगा भने पुल निर्माण गर्दा सडक तल पर्ने भएको कारण अन्य वैकल्पिक व्यवस्था खोज्नुपर्ने बताउँदै उहाँले ग्रामीण क्षेत्रमा अन्धाधुन्ध सडक निर्माण गर्दा राजमार्गमा जोखिम बढेको बताउनुभयो।

महर्जनले वर्षाको कारण आउन सक्ने सम्भावित बाढी पहिरो पन्छाउन मेसिन तयारी अवस्थामा राखिएको बताउँदै भन्नुभयो- ‘पानी पर्नेबित्तिकै राजमार्गलाई अवरोध पुऱ्याउने गरी लेदो र खहरे खोलामा बाढी आउने गरेको छ। सर्वसाधारणले सहजरूपमा आवतजावत गर्न पाउने गरी हामीले एउटा मेसिन सम्भावित स्थलमा नै राखेका छौं।’

सबैभन्दा बढी धुलिखेल-नेपालथोक सडक खण्डमा सडक अवरुद्ध हुने गरेको छ। पुल निर्माण गर्न नसकिने अवस्थामा वैकल्पिक व्यवस्थाको खोजी भइरहेको बताउँदै महर्जनले सडक अवरुद्ध हुने स्थानमा स्थायी समाधानको उपायको खोजी गर्नुपर्ने विषयमा गृहकार्य भइरहेको बताउनुभयो। जिल्ला ट्राफिक प्रहरी कार्यालय काभ्रका अनुसार बीपी राजमार्गमा साना ठूला गरी दैनिक ३ हजारभन्दा बढी सवारी साधन आवत जावत गर्ने गरेका छन्।

## कहिले...

बोर्डले उपत्यकाका तीनै जिल्लामा एकीकृतरूपमा परीक्षा सञ्चालन गरी विद्यार्थीले छनोट गरेका विद्यालयमा छात्रवृत्ति दिने व्यवस्था गरेको थियो।

गत वर्ष सामुदायिक विद्यालयबाट एसईई परीक्षा उत्तीर्ण गरेका करिब ६ हजार विद्यार्थीले छात्रवृत्तिको परीक्षा दिएका थिए। छात्रवृत्ति दिने व्यवस्था भएदेखि हरेक वर्ष करिब ६ हजारले छात्रवृत्ति आवेदन फाराम भर्ने गरेका थिए। काठमाडौंमा नाम चलेका विद्यालय रहेकाले देशभरबाट एसईई उत्तीर्ण भएका विद्यार्थीले काठमाडौं कार्यालयबाटै परीक्षा दिने र बोर्डको सिफारिसका आधारमा उमाविहरूले छात्रवृत्ति उपलब्ध गराउने गरेका थिए।

अब फाराम भरेका विद्यार्थीबाट वडामा गठन गरिएको छात्रवृत्ति समितिले छनोट गर्ने व्यवस्था गरेको कामपा शिक्षा विभाग प्रमुख अर्यालले जानकारी दिनुभयो।

महानगरका अधिकांश वडाले वडामै स्थायी रूपमा बसोबास गर्ने विद्यार्थीलाई मात्रै छात्रवृत्ति दिने बताउँदै आएका थिए। तर कामपामा भएको बैठकले जुनसुकै विद्यालयबाट उत्तीर्ण भएर काठमाडौंमा अध्ययन गरिरहेका विद्यार्थीलाई छात्रवृत्ति दिने व्यवस्था गरेको छ। कामपाले जारी गरेको स्थानीय शिक्षा नियमावलीमा संस्थागत विद्यालयले प्रत्येक कक्षामा प्रथम र द्वितीय हुने विद्यार्थीलाई क्रमश: शतप्रतिशत र ५० प्रतिशत शुल्क मिनाहा गरी जेहेनदार छात्रवृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था गरेको छ।

कुल विद्यार्थी संख्याको कम्तीमा १० प्रतिशतमा नघटाई जेहेनदार, विपन्न, असहाय तथा गरिब, अपाङ्ग, महिला, दलित, जनजाति, द्वन्द्वपीडित र शहीद परिवारका विद्यार्थीलाई समावेशी आधारमा छात्रवृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था छ। नियमावलीमा छात्रवृत्ति पाएकामध्ये अनिवार्यरूपमा ५० प्रतिशत छात्रा हुनुपर्ने व्यवस्था छ।

विद्यार्थीको परिवारको कुनै पनि सदस्यको नोकरी, व्यापार, व्यवसाय र आय-आर्जनको व्यवस्था नभई जीवन निर्वाह गर्न न्यूनतम आवश्यक पर्ने आम्दानी नभई अनिवार्य शिक्षाका लागि आवश्यक पर्ने पाठ्यपुस्तक तथा कापीकलमजस्ता स्टेसनरी उपलब्ध गराउन नसक्ने अवस्थामा रहेको, भूमिसम्बन्धी ऐन, २०२१ बमोजिम जग्गावालाको हैसियतले राख्न पाउने अधिकतम हदबन्दीको तराई तथा उपत्यका, पहाडी र हिमाली क्षेत्रमा क्रमश: ५, १० र १५ प्रतिशतभन्दा कम खेती योग्य जग्गा रहेको, अपाङ्गता भएका बालबालिकालाई संस्थागत विद्यालयले अनिवार्यरूपमा छात्रवृत्ति दिनुपर्ने व्यवस्था छ।

संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कुल विद्यार्थीको कम्तीमा १० प्रतिशत विद्यार्थीलाई तहगत रूपमा छात्रवृत्ति प्रदान गर्नुपर्ने व्यवस्था छ। महानगरपालिकाले संस्थागत विद्यालयले कुल विद्यार्थीको कम्तीमा १० प्रतिशत विद्यार्थीलाई प्रदान गर्नुपर्ने छात्रवृत्तिमध्ये कम्तीमा ५ प्रतिशत विद्यार्थीलाई प्रदान गर्ने छात्रवृत्तिको रकम छात्रवृत्ति कोष खडा गरी सो कोषमा जम्मा गर्न लगाउन सक्नेछ।

छात्रवृत्ति कोषमा जम्मा भएको रकमबाट विपन्न, असहाय तथा गरिब, अपाङ्ग, महिला, दलित, जनजाति, द्वन्द्वपीडित र शहीद परिवारका विद्यार्थीलाई समावेशी आधारमा शैक्षिक सत्र शुरू हुनुभन्दा ७ दिनअगावै प्रतिस्पर्धात्मक परीक्षाद्वारा विद्यार्थी छनोट गरी छात्रवृत्तिमा अध्ययन गर्न पाउने गरी विद्यालयमा भर्नाका लागि पठाइने व्यवस्था नियमावलीमा उल्लेख छ। कामपामा छात्रवृत्ति उपलब्ध गराउँदा सम्बन्धित वडाको अनिवार्य रूपमा सिफारिस हुनुपर्ने, स्थानीय बासिन्दा वा मतदाता र कर चुक्ता गरेको हुनुपर्ने, छात्रवृत्तिका लागि सूचना विद्यालय र वडामा टाँस गरेको हुनुपर्ने व्यवस्था गरेको छ।


नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग
**सस्पेन्सन बृज डिभिजन**
पुल्चोक, ललितपुर

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकासित मिति : २०७५/३/२७

यस डिभिजनको मिति २०७४/११/२० को अन्नपूर्ण पोष्ट र e-procurement portal https:// bolpatra.gov.np/ egp/ मा प्रकाशित सूचना अनुसार NCB-1-11/074/75 अन्तर्गतका झो.पु. हरुको निर्माण कार्यको लागि दाखिला भएका बोलपत्रहरुमध्ये तपसिल वमोजिमका ठेक्का (प्याकेज) का लागि तपसिल वमोजिमका बोलपत्रहरु न्यूनतम मूल्यांकित र सारभूतरुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरीद ऐन २०६३ (संशोधन २०७३ समेत) को दफा २७ र दफा ४७ को प्रयोजनार्थ सम्बन्धीत सबैको जानकारीको लागि बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ ।

तपसील

| ठेक्का नं. | झो.पु. हरुको नाम र जिल्ला | बोलपत्रदाताको नाम, ठेगाना | कबोल अंक (भ्याट बाहेक) |
|---|---|---|---|
| CTP-01/ 074/75 | सिदिन पापुन्देल झो.पु., पाँचथर, आसमाने भार्पा झो.पु., पाँचथर, बिरिङ (डि.एम.सी.) झो.पु., झापा | निलगिरी निर्माण सेवा प्रा.लि., नयाँ बानेश्वर | रु २,३८,८४,०००/- (अक्षरेपी रु दुई करोड अठतीस लाख चौरासी हजार मात्र) |
| CTP-02/ 074/75 | ठोट्ने झो.पु., ओखलढुंगा, पिलम्पा झो.पु., खोटाङ, रावा (जालपा) झो.पु., खोटाङ | निलगिरी निर्माण सेवा प्रा.लि., नयाँ बानेश्वर | रु २,३४,००,०००/- (अक्षरेपी रु दुई करोड चौंतीस लाख मात्र) |
| CTP-03/ 074/75 | बेत्रावती झो.पु., नुवाकोट, स्तुलखोला झो.पु., गोरखा, झुरझुरे झो.पु., मकवानपुर | उमा/थानी जे.भी., काठमाडौं | रु ३,६८,००,०००/- (अक्षरेपी रु तीन करोड अठसठ्ठी लाख मात्र) |
| CTP-04/ 074/75 | रानीपानी चोर्दी झो.पु., गुल्मी, ज्याग्दी झो.पु., स्याङजा | जय नेपाल इश्वर निर्माण सेवा, स्याङजा | रु ३,१९,२९,०००/- (अक्षरेपी रु तीन करोड उन्नाईस लाख उनान्तीस हजार मात्र) |
| CTP-05/ 074/75 | गलेश्वर झो.पु., म्याग्दी/पर्वत, ज्यामरुक कोट झो.पु., बाग्लुङ, छुसाङ छुम्पाक झो.पु., मुस्ताङ | उमा/थानी जे.भी., काठमाडौं | रु ३,२४,००,०००/- (अक्षरेपी रु तीन करोड चौबीस लाख मात्र) |
| CTP-06/ 074/75 | देउराली ओडार झो.पु., रुकुम, रुकुमगाड झो.पु., रुकुम, रि खोला झो.पु., रोल्पा | निलगिरी निर्माण सेवा प्रा.लि., नयाँ बानेश्वर | रु २,४४,००,०००/- (अक्षरेपी रु दुई करोड चौवालिस लाख मात्र) |
| CTP-07/ 074/75 | सानीभेरी ज्यामीरखेत झो.पु., रुकुम, त्रिपुराकोट झो.पु., डोल्पा | निलगिरी निर्माण सेवा प्रा.लि., नयाँ बानेश्वर | रु २,९९,९४,०००/- (अक्षरेपी रु दुई करोड उनान्सय लाख चौरानब्बे हजार मात्र) |
| CTP-08/ 074/75 | पाउकोट भुर्कोट झो.पु., सल्यान/जाजरकोट, आरग्य (अँगेरी) झो.पु., रुकुम, घुन्मा दोभान झो.पु., रुकुम | एम.पी.कन्स्ट्रक्सन कम्पनी प्रा.लि., बाँके | रु ३,०७,५४,०००/- (अक्षरेपी रु तीन करोड सात लाख चौवन्न हजार मात्र) |
| CTP-09/ 074/75 | जलमाली सिम झो.पु., कैलाली, मौरीफाँट मालाखेत झो.पु., कञ्चनपुर, बनरा झो.पु., कञ्चनपुर, चटारबगर झो.पु., बाजुरा | उमा/थानी जे.भी., काठमाडौं | रु ४,३६,००,०००/- (अक्षरेपी रु चार करोड छत्तीस लाख मात्र) |
| CTP-10/ 074/75 | राप्ती मल्टिस्पान झो.पु., मकवानपुर | एम.आर./रोजन जे.भी., काठमाडौं | रु ५,३१,८२,११६.२४ (अक्षरेपी रु पाँच करोड एकतीस लाख बयासी हजार एकसय सोह्र र पैसा चौबिस मात्र) (Provisional sum बाहेक) |
| CTP-11/ 074/75 | खुटिया मल्टिस्पान झो.पु., कैलाली | खम्पाचे/रुबीना जे.भी., काठमाडौं | रु ४,३६,८३,२४७/- (अक्षरेपी रु चार करोड छत्तीस लाख त्रियासी हजार दुईसय सतचालिस मात्र) (Provisional sum बाहेक) |

योजना प्रमूख

# अर्थ

उद्योगको मिल मेसिनरी र पूर्वाधारको अवस्थाका बारेमा अध्ययन, उद्योग सञ्चालनको मोडालिटी, लगानीको मोडालिटी, उद्योगको हालको आर्थिक, प्राविधिक तथा कानुनीलगायत अन्य पक्ष र उद्योग सञ्चालनको लागतको विषयमा अध्ययन गरी १५ दिनभित्र नेपाली सेना र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय समक्ष प्रतिवेदन पेश गर्नेछ।

# हेटौंडा कपडा उद्योग पुन:सञ्चालन गर्न कार्यदल

**नेपाल समाचारपत्र**

काठमाडौं

१८ वर्षदेखि बन्द रहेको हेटौंडा कपडा उद्योग पुन:सञ्चालनका लागि अध्ययन गर्न कार्यदल गठन गर्ने निर्णय भएको छ। उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री मातृकाप्रसाद यादवको संयोजकत्वमा बसेको बैठकले ५ वटा कार्यशर्तसहित एउटा कार्यदल बनाउने निर्णय गरेको हो।

नेपाली सेनाका कायममुकायम प्रधानसेनापति पूर्णचन्द्र थापा, उद्योग सचिव यामकुमारी खतिवडा, नेपाल आयल निगमका निमित्त कार्यकारी निर्देशक सुशील भट्टराईसमेतको सहभागितामा बसेको बैठकमा हेटौंडा कपडा उद्योगको सञ्चालन तथा पेट्रोलियम पदार्थको ढुवानी सम्बन्धी विषयमा छलफल भएको हो।

छलफलमा हेटौंडा कपडा उद्योगको सञ्चालन सम्वन्धमा नेपाली सेनाको क्षेत्रबाट मेकानिकल, मार्केटिङ र टेक्सटाइल सम्बन्धी ज्ञान भएका तीन जना अधिकृत स्तरका कर्मचारी, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको तर्फबाट प्रशासन तथा संस्थान महाशाखाका प्रमुख र मेकानिकल इन्जिनियर, अर्थ मन्त्रालयका संस्थान समन्वय शाखाका उपसचिव र विज्ञको रुपमा मन्त्रालयबाट मनोनित एकजना मेकानिकल इन्जिनियरसमेत जम्मा ७ जना सम्मिलित कार्यदल गठन गर्ने निर्णय भएको छ।

उक्त कार्यदलले उद्योगको मिल मेसिनरी र पूर्वाधारको अवस्थाका बारेमा अध्ययन, उद्योग सञ्चालनको मोडालिटी, लगानीको मोडालिटी, उद्योगको हालको आर्थिक, प्राविधिक तथा कानुनीलगायत अन्य पक्ष र उद्योग सञ्चालनको लागतको विषयमा अध्ययन गरी १५ दिनभित्र नेपाली सेना र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय समक्ष प्रतिवेदन पेश गर्नेछ।

यस अघि २०७३ सालमा सरकारले हेटौडा कपडा उद्योग पुन: सञ्चालनका लागि विस्तृत अध्ययन गर्न अर्थशास्त्री एवं राष्ट्रिय योजना आयोगका पूर्व सदस्य डा. पुस्कर बज्राचार्यको संयोजकत्वमा एक समिति गठन भएको थियो। तर, उक्त समितिले सरकारलाई बुझाएको प्रतिवेदन कार्यान्वयन नहुँदै फेरि अर्को अध्ययन समिति गठन गरिएको छ।

सेनाले लामो समयदेखि कपडा उद्योग सञ्चालनका लागि चासो राख्दै आएको छ। सैनिक कल्याण कोषमार्फत् सेनाको सैनिक सामग्री उत्पादन निर्देशनअन्तर्गतको कम्पनी 'बहुव्यवसाय उद्योग'मार्फत् सेनाले हेटौडा उद्योग सञ्चालन गर्ने भन्दै आएको छ।

# एनआईसी एसिया बैंकका शाखा थप

काठमाडौं, (नेस)

एनआईसी एसिया बैंकले दाङको राप्ती गाउँपालिका- ५ स्थित सिसहनियामा शाखा स्थापना गरेको छ। उक्त शाखा गाउँपालिकाका अध्यक्ष नुमानन्द सुवेदी तथा सिसहनिया उद्योग वाणिज्य संघका अध्यक्ष पूर्णबहादुर बुढाथोकीले संयुक्त उद्घाटन गर्नुभएको थियो।

बैंकको २२५ शाखा, २१८ एटीएम, १४ वटा एक्सटेन्सन काउन्टर एवम् ११ वटा शाखारहित बैंकिङ इकाईमार्फत बैंकिङ सेवा प्रदान गर्दै आएको छ। बैंकको वासलातको आकार १७६ अर्बभन्दा बढी पुगेको छ भने कुल निक्षेप करिब १५० अर्ब तथा कुल कर्जा लगानी १२० अर्ब रहेको छ।

बैंकले हरेक सम्भावित बजार क्षेत्रमा ग्राहकलाई सेवा उपलब्ध गराउने अभिप्रायले अन्य विभिन्न स्थानमा पनि चँडै नै थप शाखा सञ्चालन गर्ने योजना अगाडि सारेको जनाएको छ।

NIC ASIA
एन आई सी एशिया बैंक लि.
बैंक पनि, साथी पनि
राम्रो पनि, हाम्रो पनि

# सिटिजन्स र दीर्घायु अस्पतालबीच सम्झौता



काठमाडौं, (नेस)

सिटिजन्स बैंक इन्टरनेसनल र दीर्घायु गुरु अस्पताल एन्ड रिसर्च सेन्टरबीच सहकार्य गर्ने सम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको छ। बैंकका प्रमुख सञ्चालन अधिकृत पारस कुमार काफ्ले र अस्पतालका म्यानेजिङ डाइरेक्टर सुरज बलाया श्रेष्ठले उक्त सम्झौतापत्रमा हस्ताक्षर गर्नुभयो।

सम्झौतापश्चात बैंकका डेबिट/क्रेडिट कार्डवाहक तथा कर्मचारीले दीर्घायु गुरु अस्पताल एन्ड रिसर्च सेन्टरमा उपचार गराउँदा विशेष छुट पाउने छन्। सिटिजन्स बैंकले ७४ वटा शाखा, ७० वटा एटीएम र ९९ वटा शाखारहित बैंकिङ इकाईबाट करिब ३ लाख ५० हजार ग्राहकलाई बैंकिङ सेवा प्रदान गर्दै आएको छ।

# इलेप खोला जलविद्युत् आयोजनासँग पीपीए

**नेपाल समाचारपत्र**

काठमाडौं

धादिङको रुवीभ्याली गाउँपालिकामा निर्माण हुने २३ दशलव ६ मेगावाटको इलेप (तातोपानी) खोला जलविद्युत् आयोजनाको विद्युत् खरिद–बिक्री सम्झौता (पीपीए) भएको छ।

नेपाल विद्युत प्राधिकरणका तर्फबाट योजना, अनुगमन तथा सूचना प्रविधि निर्देशनालयका उपकार्यकारी निर्देशक जगदीश्वरमान सिंहले र आयोजनाकातर्फबाट प्रवर्द्धक जलशक्ति हाइड्रो कम्पनी प्रालिका अध्यक्ष तिलक लामाले सोमबार पीपीएमा हस्ताक्षर गरेका हुन्।

प्राधिकरणले आयोजनाबाट उत्पादित ऊर्जा सुख्खायाम (१६ मंसिर-१५ जेठ) र वर्षायाम (१६ जेठ-१५ मंसिर)मा प्रतियुनिट क्रमश: ८ दशमलव ४० र ४ दशमलव ८० रुपियाँमा खरिद गर्ने छ। आयोजनाले वार्षिक ३ प्रतिशतका दरले ८ पटकसम्म साधारण मूल्यवृद्धि (स्कालेसन) पाउने छ। आयोजनाबाट वार्षिकरुपमा १४ करोड ४८ लाख युनिट ऊर्जा उत्पादन हुने कम्पनीले जनाएको छ।

एक वर्षभित्रमा वित्तीय व्यवस्थापन (फाइनान्सियल क्लोजर) गरी आयोजनाको निर्माण शुरू गर्ने लक्ष्यका साथ काम भइरहेको कम्पनीका अध्यक्ष लामाले बताउनुभयो। उहाँले निर्माण तीन वर्षभित्रमा सक्ने लक्ष्य राखिएको जानकारी दिए। पीपीएअनुसार आयोजनाले व्यापारिकरुपमा विद्युत् उत्पादन गर्नुपर्ने डिसेम्बर २०२४ छ।

निर्माण अवधिको ब्याजसहित आयोजनाको कुल अनुमानित लागत चार अर्ब ४७ करोड २ ९ लाख रुपियाँ छ। अहिले आयोजनास्थलसम्म पुग्ने पहुँच सडक बनाउने लगायतका निर्माणपूर्वका काम भइरहेको कम्पनीका अध्यक्ष लामाले बताउनुभयो। उत्पादित विद्युत् ३२ किलोमिटर प्रसारणलाइन आयोजनाले नै निर्माण गरी नुवाकोटस्थित त्रिशूली ३ बी हव सबस्टेसनमा जोडिने कम्पनीले जनाएको छ।


## Saudi Arabia मा रोजगारको अवसर

१. कम्पनी: Carved Designs

Pre Approval Date: 2018/07/09 — चलानी नं. ६०१३२६२० — LT No: 211933

| सि.नं. | कामदारको पद | माग संख्या | मासिक तलब सुविधा SR | मासिक तलब सुविधा ने.रु. |
|---|---|---|---|---|
| 1. | Welder | 1 | 1200/- | 35,148/- |
| 2. | Sculptor | 1 | 1200/- | 35,148/- |

८ घण्टा, ६ दिन, छ, छ, २ वर्ष

सेवा शुल्क १०,०००/-

लागत खर्च= 10000/-

गल्फ ओभरसिज कन्सलटेण्ट
भगवान वहाल, ठमेल, काठमाण्डौं, नेपाल
फोन नं. ४४२३४२९ / ४४२३०३० / ४४१८६९७



## हिमाल स्टील आजको भाउ

ज्योति

| | टीएमटी | | | टि. एम. टि. टेम्पकोर | | | टोरकारी | एंगिल |
|---|---|---|---|---|---|---|---|---|
| | ८ मिमि | १०-२० मिमि | २५-३२ मिमि | ८ मिमि | १०-२५ मिमि | २८-३२ मिमि | [illegible] | |
| काठमाडौं | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] |
| वीरगंज | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] |
| विराटनगर | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] |



## RHINO 500D

बिक्री मूल्य रु. प्रति किलोग्राम

| स्थानहरु | राईनो स्टील ८ एम.एम | राईनो स्टील १०-२० एम.एम | राईनो स्टील २५ एम.एम | राईनो स्टील २८-३२ एम.एम |
|---|---|---|---|---|
| काठमाडौं, भक्तपुर, ललितपुर, बनेपा | ९४।५० | ९१।५० | ९४।५० | ९४।५० |
| सिमरा, वीरगञ्ज, कलैया, हेटौंडा | ९२।९० | ८९।९० | ९२।९० | ९२।९० |
| मलंगवा, जनकपुर, नारायणघाट | ९३।५० | ९०।५० | ९३।५० | ९३।५० |
| लाहान, विराटनगर, धरान, इटहरी, बुटवल, भैरहवा, कृष्णनगर | ९३।५० | ९०।५० | ९३।५० | ९३।५० |
| विर्तामोड, दमक, नेपालगञ्ज, धनगढी | ९४।५० | ९१।५० | ९४।५० | ९४।५० |
| पोखरा, स्याङजा | ९४।५० | ९१।५० | ९४।५० | ९४।५० |

नोट: उपरोक्त मूल्यमा ५ रुपैयाँ प्रति के. जी. अन्तःशुल्क र १३% मु.अ.कर थप लाग्नेछ।

नेपालमा पहिलो पटक, नेपालकै लागि



## हितकारी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

क्षेत्रपाटी, काठमाडौं, फोन : ४२५०९८६

### ऋण चुक्ता गर्ने बारे ७ दिने जरुरी सूचना

प्रकाशित मिति: २०७५।०३।२७

यस संस्थाका तपसिलमा उल्लेखित ऋणीहरूले लिनु भएको ऋण कर्जाको यस संस्थासंग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउन पर्ने साँवा, ब्याज, हर्जाना तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित, मौखिक, टेलिफोन, गोरखापत्र तथा टिभिमा समेत सूचना प्रकाशित गरि तरताकेता गर्दा समेत नतिरी नबुझाई संस्थासंग गरेको ऋण कर्जा सम्बन्धि शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले विशेष अनुरोधका साथ ऋण तिर्न आउन हुन पुन: यो ७ दिने सूचना प्रकाशित गरिएको छ। अन्यथा अर्को सूचनामा ऋणीहरूको तिनपुस्ते नाम र फोटो सहित प्रकाशित गरि संस्थाको नियम अनुसार प्रचलित ऐन कानून बमोजिम लिलामि प्रक्रियाबाट ऋण असुली गरिने व्यहोरा जानकारी गराईन्छ। यसबाट तपाईहरूको परिवारको व्यक्तिगत इज्जत, प्रतिष्ठामा आँच आउन गएमा यस संस्था जवाफदेहि नहुने व्यहोरा समेत जानकारी गराईन्छ।

#### ऋणीहरूको विवरण

१. गणपति इन्टरप्राइजेज
२. श्याम कुमार श्रेष्ठ, क्षेत्रपाटी-१७
३. पूर्ण बहादूर लामा तामाङ, खुशिबु-१५
४. मिना कुमारी श्रेष्ठ, च्यासल-९
५. रितेश श्रेष्ठ, न्होखा, बाँङ्गेमुढा-२८
६. जय बहादुर राई, खुशिबु-१५
७. शुवर्ण लक्ष्मी जोशी, क्षेत्रपाटी-१७
८. बालमाया थापा मगर, नरदेवी-१८
९. नेवा लाल शाह, रक्तकाली-१८
१०. अकिल शाह
११. गोविन्द श्रेष्ठ, किलागल-२६
१२. अनवर अली, क्षेत्रपाटी-१७
१३. पुरुषोत्तम नापित, ह्युमत टोल-१२
१४. उपेन्द्र शाह, रक्तकाली-१८
१५. खड्ग बहादुर रिजाल, इनवहाल-३०
१६. जसमान तामाङ, डिल्लीबजार-३४
१७. प्रदिप राणा, सुकेधारा-४
१८. अजय कृष्ण श्रेष्ठ, न:घल टोल-२८
१९. प्रदिप बाँनिया, किलागल-२६
२०. प्रकाश थापा, बालाजु हाइट
२१. राजेश श्रेष्ठ,
२२. राजेन्द्र श्रेष्ठ, बत्तिसपुतली-९
२३. धिरज पौडेल, बालाजु-१६
२४. राजसिल श्रेष्ठ, डिल्लीबजार-९
२५. दिपेन्द्र वज्राचार्य, मरु, प्याफल-१९
२६. मनमाया दमाई, कुलेश्वर-१४
२७. नेटवर्क एसोसेशन प्रा. लि. (प्रो. सनत सुबेदी)
२८. सुनील तिमिल्सिना, हाँडिगाँउ-५
२९. राजेन्द्र कुमार लामा, धुर्बहारही मार्ग-४
३०. बीरेन्द्र प्रशाद शाह, का.म.न.पा.-३०
३१. नारायण बहादुर भुजेल, कुश्लेचौर-१७
३२. महेश नारायण श्रेष्ठ, नयाँबजार-२
३३. बीरेन्द्र प्रशाद शाही, न्होखा-२८
३४. हर्क बहादुर नगरकोटी, कालधारा-१६
३५. राममाया थापा, असन (पेप्सीकोला)
३६. सुमन शाही, रक्तकाली-१७
३७. सीता तिमिल्सिना, गैरीगाँउ-१५
३८. दिनेश नापित, सामाखुशि-२९
३९. शाहिल आलम, क्षेत्रपाटी-१७
४०. न्हुछे रत्न शाही, रक्तकाली-१८
४१. सन्दिप दाहाल, ताहाचल-१४, कालिमाटी
४२. रुपकमल स्थापित, भिमसेनस्थान-२०
४३. मिठु महर्जन, मरु, प्याफल-१९
४४. रिखी बहादुर राना, स्वयम्भु-१५
४५. सुनिल तुलाधर, ओमबहाल-२०, धर्मपथ
४६. राम शरण बलामी, सामाखुशि-२९
४७. बिनोद पन्त, फसिकेब-२२
४८. चन्द्र बहादुर जिरेल, क्षेत्रपाटी-१७
४९. केशव राज तिमिल्सिना (अधिवक्ता), पाल्पा, तानसेन
५०. उरु प्रधान श्रेष्ठ, असन-३०
५१. गायत्री भट्टराई, क्षेत्रपाटी-१७
५२. बालकृष्ण खड्गी, रक्तकाली-१८

**नोट : यस संस्थाबाट ऋण लिनु भएका अन्य ऋणीहरुले समेत यसै सूचनालाई आधार मानी अविलम्ब आफुले तिर्नुपर्ने ऋण तिर्न आउनु हुन सूचित गरिन्छ। अन्यथा, उपरोक्त बमोजिम अन्य ऋणीहरुको नाम पनि प्रकाशित गरिने समेत जानकारी गराईन्छ।**



## हकदावी गर्न आउने ३५ दिने सूचना

राप्ती अञ्चल, दाङ जिल्ला, घोराही नगरपालिका वडा नं.४ निवासी श्री हेम लालको नाति, श्री हरीहर पोखेल जैसीको, छोरा **श्री कृष्ण प्रसाद शर्मा पोखेल**को मिति २०७५।०१।०३ गते मृत्यु भएकोले यस बैंकमा निजको नाममा रहेको ब.हि.नं. २०६१५२४१७००५३७ खाताको सम्पूर्ण रकम भुक्तानी र नामसारी गरी पाउ भनी मृतकको पत्नी **श्रीमती छमा देवी शर्मा**ले यस बैंक समक्ष निवेदन गरेको हुँदा निज खातावालाको नामको यस बैंकमा रहेको उक्त रकममा कसैको हकदावी भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ८१ बमोजिम अग्राधिकार हकवालाहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५(पैंतीस) दिनभित्र आफ्नो सबुत प्रमाण सहित यस बैंकको दाङ शाखामा हकदावी गर्न आउनुहुन अनुरोध गर्दछौ। उक्त म्याद भित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ अध्यादेश बमोजिम भईजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्याद भित्र दावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाबाट सम्बन्धित सबैको जानकारिको लागी यो सूचना प्रकाशित गरिएको छ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.
दाङ शाखा: दामोदर चोक, घोराही, दाङ ,फोन ०८२-५६२८१५, फ्याक्स ०८२-५६२८१४


## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

२०७५ असार २७, जुलाई ११, २०१८

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रूपियाँ १०० को रू. | १६०।०० | १६०।०० |
| अमेरिकी डलर १ का रू. | १०९।८३ | ११०।४३ |
| युरो १ को रू. | १२८।५४ | १२९।२४ |
| पाउन्ड स्टर्लिङ १ को रू. | १४५।३८ | १४६।१८ |
| स्विस फ्रन्क १ को रू. | ११०।३८ | ११०।९८ |
| अस्ट्रेलियन डलर १ को रू. | ८१।६७ | ८२।१२ |
| क्यानाडियन डलर १ को रू. | ८३।६२ | ८४।०८ |
| सिङ्गापुर डलर १ को रू. | ८०।९० | ८१।३४ |
| जापानी यन १० को रू. | ९।८७ | ९।९२ |
| चिनियाँ युआन १ को रू. | १६।५६ | १६।६५ |
| साउदी अरब रियाल १ को रू. | २९।२८ | २९।४४ |
| कतारी रियाल १ को रू. | ३०।१६ | ३०।३३ |
| थाई भाट १ को रू. | ३।३१ | ३।३३ |
| सं. अरब इमिरट दिराम १ को रू. | २९।९० | ३०।०६ |
| मलसियन रिङ्गिट १ को रू. | २७।३० | २७।४५ |
| दक्षिण कारियन वन १०० को रू. | ९।८३ | ९।८८ |

**खरिद दर**

| | खरिद दर |
|---|---|
| स्विडिस क्रोनर १ का रू. | १२।५४ |
| डेनिस क्रोनर १ का रू. | १७।२४ |
| हङकङ डलर १ का रू. | १३।९९ |

**नोट** : वर्तमान व्यवस्थाअन्तर्गत वणिज्य बैंकहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।







२०७५, असार
बुधबार
२७

नेपाल विद्युत् प्राधिकरणका अनुसार जेनेरेसनतर्फको ६.६ केभी साइट ब्रेकरमा आगलागी भएको छ। आगलागीपछि त्रिशूली जलविद्युत केन्द्र र त्यसको क्यासकेटकारुपमा रहेको देवीघाट जलविद्युत केन्द्र (जडित क्षमता १५ मेगावाट)ब ाट करिब २८ मेगावाट विद्युत उत्पादन विच्छेद भएको प्राधिकरणका प्रवक्ता प्रबल अधिकारीले बताउनुभयो।

## SHARE MARKET

**10 JULY TUESDAY, 2018**

| S.No. | Traded Companies | Total Share | Max. Price | Min. Price | CP Price | Diff Rs. |
|---|---|---|---|---|---|---|
| 1 | Agriculture Development Bank Limited | 47740.00 | 314.00 | 310.00 | 313.00 | 3.00 |
| 2 | Api Power Company Ltd. | 1822.00 | 298.00 | 290.00 | 296.00 | 3.00 |
| 3 | Arun Kabeli Power Ltd. | 1384.00 | 269.00 | 257.00 | 258.00 | -4.00 |
| 4 | Arun Valley Hydropower Dev. Co. Ltd. | 283.00 | 155.00 | 151.00 | 151.00 | -3.00 |
| 5 | Asian Life Insurance Co. Limited | 4360.00 | 655.00 | 644.00 | 653.00 | 20.00 |
| 6 | Bank of Kathmandu Ltd. | 8993.00 | 270.00 | 258.00 | 264.00 | 4.00 |
| 7 | Barun Hydropower Co. Ltd. | 1142.00 | 159.00 | 150.00 | 159.00 | 11.00 |
| 8 | Bottlers Nepal (Terai) Limited | 80.00 | 5550.00 | 5500.00 | 5500.00 | -108.00 |
| 9 | Butwal Power Company Limited | 6527.00 | 444.00 | 439.00 | 444.00 | 5.00 |
| 10 | Central Finance Co. Ltd. | 1050.00 | 115.00 | 113.00 | 113.00 | 0.00 |
| 11 | Century Commercial Bank Ltd. | 16987.00 | 176.00 | 165.00 | 169.00 | 3.00 |
| 12 | Chhimek Laghubitta Bikas Bank Limited | 4755.00 | 885.00 | 872.00 | 883.00 | 10.00 |
| 13 | Chhyangdi Hydropower Ltd. | 158.00 | 137.00 | 135.00 | 135.00 | -2.00 |
| 14 | Chilime Hydropower Company Limited | 2205.00 | 750.00 | 743.00 | 748.00 | -2.00 |
| 15 | Citizen Bank International Limited | 8555.00 | 243.00 | 239.00 | 241.00 | 0.00 |
| 16 | Citizen Investment Trust | 592.00 | 2526.00 | 2500.00 | 2520.00 | 43.00 |
| 17 | Citizens Mutual Fund -1 | 1625.00 | 9.07 | 9.07 | 9.07 | 0.00 |
| 18 | Civil Bank Ltd | 20820.00 | 151.00 | 148.00 | 149.00 | 1.00 |
| 19 | Civil Laghubitta Bittiya Sanstha Ltd. | 217.00 | 753.00 | 725.00 | 745.00 | 20.00 |
| 20 | Deprosc Laghubitta Bittiya Sanstha Ltd. | 1101.00 | 750.00 | 740.00 | 749.00 | 4.00 |
| 21 | Deva Bikas Bank Limited | 4729.00 | 133.00 | 128.00 | 128.00 | -2.00 |
| 22 | Dibyashwori Hydropower Ltd. | 92.00 | 112.00 | 108.00 | 110.00 | 0.00 |
| 23 | Everest Bank Limited | 7931.00 | 680.00 | 663.00 | 665.00 | -3.00 |
| 24 | Everest Bank Limited Con. Pref. | 408.00 | 654.00 | 597.00 | 654.00 | 21.00 |
| 25 | Everest Insurance Co. Ltd. | 798.00 | 1345.00 | 1295.00 | 1295.00 | 25.00 |
| 26 | Excel Development Bank Ltd. | 650.00 | 335.00 | 334.00 | 335.00 | 4.00 |
| 27 | First Micro Finance Dev. Bank Ltd. | 7757.00 | 550.00 | 530.00 | 533.00 | -5.00 |
| 28 | Forward Comm. Mi. Bittiya Sanstha Ltd. | 1447.00 | 2270.00 | 2200.00 | 2220.00 | 5.00 |
| 29 | Gandaki Bikas Bank Limited | 6735.00 | 194.00 | 190.00 | 190.00 | -3.00 |
| 30 | Garima Bikas Bank Limited | 3650.00 | 182.00 | 180.00 | 181.00 | 2.00 |
| 31 | Garima Bikas Bank Limited Pro. Share | 65150.00 | 115.00 | 115.00 | 115.00 | 0.00 |
| 32 | Global IME Bank Limited | 16726.00 | 299.00 | 288.00 | 295.00 | 5.00 |
| 33 | Global IME Laghubitta Bittiya Sans. Ltd. | 101.00 | 1170.00 | 1161.00 | 1161.00 | -23.00 |
| 34 | Global IME Samunnat Scheme-1 | 8000.00 | 8.29 | 8.29 | 8.29 | 0.00 |
| 35 | Goodwill Finance Co. Ltd. | 116.00 | 122.00 | 120.00 | 120.00 | 0.00 |
| 36 | Grameen Bikas Lag. Bittiya Sanstha Ltd. | 11058.00 | 615.00 | 591.00 | 609.00 | 0.00 |
| 37 | Green Development Bank Ltd. | 94.00 | 142.00 | 140.00 | 140.00 | -1.00 |
| 38 | Gurans Life Insurance Company Ltd. | 2327.00 | 910.00 | 900.00 | 900.00 | 0.00 |
| 39 | Hamro Bikas Bank Ltd. | 1467.00 | 131.00 | 129.00 | 129.00 | -4.00 |
| 40 | Hathway Finance Company Limited | 340.00 | 134.00 | 129.00 | 134.00 | 7.00 |
| 41 | Himalayan Bank Limited | 1657.00 | 549.00 | 544.00 | 544.00 | -5.00 |
| 42 | Himalayan Distillery Limited | 140.00 | 1336.00 | 1270.00 | 1270.00 | -93.00 |
| 43 | Himalayan General Insurance Co. Ltd | 1910.00 | 461.00 | 441.00 | 441.00 | -9.00 |
| 44 | Himalayan Power Partner Ltd. | 2920.00 | 282.00 | 273.00 | 277.00 | -2.00 |
| 45 | ICFC Finance Limited | 2210.00 | 173.00 | 170.00 | 173.00 | 0.00 |
| 46 | IME General Insurance Ltd. | 620.00 | 900.00 | 882.00 | 885.00 | -15.00 |
| 47 | Jalabidyut Lagani tatha Bikas Co. Ltd. | 14751.00 | 154.00 | 150.00 | 150.00 | -2.00 |
| 48 | Janaki Finance Ltd. | 1118.00 | 164.00 | 162.00 | 162.00 | -5.00 |
| 49 | Janata Bank Nepal Ltd. | 16316.00 | 156.00 | 151.00 | 151.00 | -3.00 |
| 50 | Janata Bank Nepal Ltd. Pro. Share | 50000.00 | 143.00 | 143.00 | 143.00 | 0.00 |
| 51 | Janautthan Sam. Lag. Bikas Bank Ltd. | 84.00 | 3000.00 | 2950.00 | 3000.00 | 50.00 |
| 52 | Jebils Finance Ltd. | 600.00 | 102.00 | 102.00 | 102.00 | -2.00 |
| 53 | Jyoti Bikas Bank Limited | 1833.00 | 144.00 | 139.00 | 139.00 | -1.00 |
| 54 | Kabeli Bikas Bank Limited | 112.00 | 224.00 | 216.00 | 224.00 | 8.00 |
| 55 | Kailash Bikas Bank Ltd. | 4110.00 | 231.00 | 227.00 | 228.00 | -3.00 |
| 56 | Kailash Bikas Bank Ltd. Pro. Share | 13160.00 | 137.00 | 137.00 | 137.00 | 0.00 |
| 57 | Kalika Microcredit Dev. Bank Ltd. | 2700.00 | 1415.00 | 1341.00 | 1341.00 | -49.00 |
| 58 | Kamana Sewa Bikas Bank Limited | 7817.00 | 144.00 | 142.00 | 142.00 | -2.00 |
| 59 | Kanchan Development Bank Limited | 500.00 | 182.00 | 182.00 | 182.00 | 3.00 |
| 60 | Kankai Bikas Bank Ltd. | 566.00 | 135.00 | 129.00 | 129.00 | -5.00 |
| 61 | Karnali Development Bank Limited | 261.00 | 112.00 | 110.00 | 110.00 | 0.00 |
| 62 | Khanikhola Hydropower Co. Ltd. | 121.00 | 108.00 | 106.00 | 108.00 | 0.00 |
| 63 | Kisan Microfinance Bittiya Sanstha Ltd. | 109.00 | 1680.00 | 1610.00 | 1610.00 | -57.00 |
| 64 | Kumari Bank Limited | 36247.00 | 200.00 | 198.00 | 200.00 | 1.00 |
| 65 | Laxmi Bank Limited | 8184.00 | 264.00 | 257.00 | 258.00 | -4.00 |
| 66 | Laxmi Laghubitta Bittiya Sanstha Ltd. | 244.00 | 1127.00 | 1085.00 | 1088.00 | -39.00 |
| 67 | Life Insurance Co. Nepal | 564.00 | 1555.00 | 1531.00 | 1531.00 | -9.00 |
| 68 | Lumbini Bikas Bank Ltd. | 9048.00 | 149.00 | 145.00 | 145.00 | 0.00 |
| 69 | Lumbini General Insurance Co. Ltd. | 1277.00 | 561.00 | 550.00 | 550.00 | 9.00 |
| 70 | Machhapuchhre Bank Limited | 13571.00 | 214.00 | 207.00 | 209.00 | 0.00 |
| 71 | Mahalaxmi Bikas Bank Ltd. | 5195.00 | 175.00 | 167.00 | 171.00 | 1.00 |
| 72 | Mahila Sahayatra Mi. Bittiya Sanstha Ltd. | 527.00 | 713.00 | 695.00 | 699.00 | 4.00 |
| 73 | Mahuli Sam. Lag. Bittiya Sanstha Ltd. | 220.00 | 2639.00 | 2587.00 | 2590.00 | -5.00 |
| 74 | Manjushree Finance Ltd. | 397.00 | 117.00 | 116.00 | 116.00 | -2.00 |
| 75 | Mega Bank Nepal Ltd. | 9214.00 | 164.00 | 160.00 | 163.00 | 0.00 |
| 76 | Mero Microfinance Bittiya Sanstha Ltd. | 540.00 | 1100.00 | 1081.00 | 1084.00 | -15.00 |
| 77 | Mirmire Microfinance Dev. Bank Ltd. | 291.00 | 1620.00 | 1560.00 | 1560.00 | -25.00 |
| 78 | Miteri Development Bank Limited | 1179.00 | 295.00 | 283.00 | 295.00 | 8.00 |
| 79 | Muktinath Bikas Bank Ltd. | 2616.00 | 389.00 | 369.00 | 378.00 | 2.00 |
| 80 | Nabil Bank Limited | 3949.00 | 926.00 | 917.00 | 917.00 | -1.00 |
| 81 | NABIL Bank Limited Promotor Share | 10139.00 | 695.00 | 689.00 | 690.00 | -3.00 |
| 82 | Nabil Equity Fund | 3673.00 | 9.18 | 9.00 | 9.00 | 0.00 |
| 83 | NagBeli LaghuBitta Bikas Bank Ltd. | 674.00 | 1300.00 | 1280.00 | 1300.00 | 23.00 |
| 84 | National Hydro Power Company Ltd. | 13300.00 | 82.00 | 80.00 | 81.00 | -1.00 |
| 85 | National Life Insurance Co. Ltd. | 4558.00 | 817.00 | 799.00 | 800.00 | 0.00 |
| 86 | National Mi. Bittiya Sanstha Ltd. | 1443.00 | 2250.00 | 2176.00 | 2195.00 | -34.00 |
| 87 | Naya Nepal Laghubitta Bikas Bank Ltd. | 10.00 | 2087.00 | 2087.00 | 2087.00 | 40.00 |
| 88 | Neco Insurance Co. Ltd. | 5650.00 | 560.00 | 538.00 | 538.00 | -1.00 |
| 89 | Nepal Bangladesh Bank Limited | 11252.00 | 216.00 | 211.00 | 214.00 | -1.00 |
| 90 | Nepal Bank Limited | 25338.00 | 289.00 | 280.00 | 282.00 | -3.00 |
| 91 | Nepal Community Dev. Bank Ltd. | 13.00 | 125.00 | 125.00 | 125.00 | 1.00 |
| 92 | Nepal Credit And Commercial Bank Ltd. | 18160.00 | 255.00 | 248.00 | 248.00 | -4.00 |
| 93 | Nepal Doorsanchar Comapany Limited | 16365.00 | 730.00 | 710.00 | 724.00 | -4.00 |
| 94 | Nepal Hydro Developers Ltd. | 199.00 | 172.00 | 168.00 | 168.00 | -2.00 |
| 95 | Nepal Insurance Co. Ltd. | 1390.00 | 650.00 | 629.00 | 650.00 | 18.00 |
| 96 | Nepal Investment Bank Limited | 14541.00 | 625.00 | 619.00 | 620.00 | 0.00 |
| 97 | Nepal Investment Bank Ltd. Pro. Share | 542.00 | 560.00 | 550.00 | 550.00 | 4.00 |
| 98 | Nepal Life Insurance Co. Ltd. | 7198.00 | 1040.00 | 1013.00 | 1025.00 | -6.00 |
| 99 | Nepal SBI Bank Limited | 2073.00 | 504.00 | 500.00 | 501.00 | 0.00 |
| 100 | Nerude Laghubita Bikas Bank Limited | 2202.00 | 669.00 | 644.00 | 650.00 | 6.00 |
| 101 | Ngadi Group Power Ltd. | 819.00 | 168.00 | 165.00 | 168.00 | 0.00 |
| 102 | NIBL Pragati Fund | 6783.00 | 8.35 | 8.21 | 8.21 | -0.11 |
| 103 | NIC Asia Bank Ltd. | 8415.00 | 323.00 | 316.00 | 320.00 | 4.00 |
| 104 | Nirdhan Utthan Lag. Bittiya Sanstha Ltd. | 906.00 | 1021.00 | 1003.00 | 1005.00 | -15.00 |
| 105 | NLG Insurance Company Ltd. | 735.00 | 905.00 | 894.00 | 899.00 | -13.00 |
| 106 | NMB Microfinance Bittiya Sanstha Ltd. | 682.00 | 1440.00 | 1400.00 | 1400.00 | -35.00 |
| 107 | NMB Bank Limited | 3010.00 | 349.00 | 342.00 | 345.00 | 2.00 |
| 108 | NMB Hybrid Fund L-1 | 13802.00 | 9.00 | 9.00 | 9.00 | 0.05 |
| 109 | Om Development Bank Ltd. | 6335.00 | 176.00 | 172.00 | 176.00 | 2.00 |
| 110 | Oriental Hotels Limited | 748.00 | 523.00 | 509.00 | 511.00 | -2.00 |
| 111 | Pokhara Finance Co. Ltd. Pro. Share | 43335.00 | 126.00 | 126.00 | 126.00 | 0.00 |
| 112 | Pokhara Finance Ltd. | 489.00 | 135.00 | 133.00 | 134.00 | -1.00 |
| 113 | Prabhu Bank Limited | 17469.00 | 188.00 | 182.00 | 185.00 | 2.00 |
| 114 | Prabhu Insurance Ltd. | 5959.00 | 532.00 | 524.00 | 524.00 | 1.00 |
| 115 | Premier Insurance Co. Ltd. | 5079.00 | 1149.00 | 1121.00 | 1122.00 | -5.00 |
| 116 | Prime Commercial Bank Ltd. | 20926.00 | 290.00 | 278.00 | 284.00 | -1.00 |
| 117 | Prime Life Insurance Company Limited | 14170.00 | 554.00 | 541.00 | 543.00 | 2.00 |
| 118 | ProgressiveFinance Limited | 2040.00 | 151.00 | 145.00 | 145.00 | -3.00 |
| 119 | Prudential Insurance Co. Ltd. | 1882.00 | 817.00 | 785.00 | 790.00 | 3.00 |
| 120 | Purnima Bikas Bank Ltd. | 577.00 | 178.00 | 172.00 | 178.00 | 6.00 |
| 121 | Radhi Bidyut Company Ltd | 1060.00 | 230.00 | 220.00 | 225.00 | -5.00 |
| 122 | Rairang Hydropower Dev. Co.y Ltd. | 8630.00 | 164.00 | 150.00 | 154.00 | 2.00 |
| 123 | Rastriya Beema Company Limited | 280.00 | 11118.00 | 10899.00 | 11015.00 | 115.00 |
| 124 | Rastriya Beema Company Ltd. Pro. Share | 581.00 | 10200.00 | 9990.00 | 10175.00 | 255.00 |
| 125 | Reliance Finance Ltd. | 2710.00 | 120.00 | 116.00 | 118.00 | 0.00 |
| 126 | Ridi Hydropower Development Co. Ltd. | 1607.00 | 125.00 | 119.00 | 122.00 | 1.00 |
| 127 | RMDC Laghubitta Bittiya Sanstha Ltd. | 1602.00 | 674.00 | 641.00 | 641.00 | -9.00 |
| 128 | RSDC Laghubitta Bittiya Sanstha Ltd. | 1405.00 | 550.00 | 535.00 | 538.00 | -4.00 |
| 129 | Sagarmatha Insurance Co. Ltd. | 1584.00 | 1339.00 | 1315.00 | 1321.00 | 0.00 |
| 130 | Samata Microfinance Bittiya Sanstha Ltd. | 98.00 | 1377.00 | 1350.00 | 1377.00 | 50.00 |
| 131 | Sana Kisan Bikas Bank Ltd | 5078.00 | 1165.00 | 1135.00 | 1150.00 | 10.00 |
| 132 | Sanima Bank Limited | 10309.00 | 333.00 | 327.00 | 329.00 | 1.00 |
| 133 | Sanima Mai Hydropower Ltd. | 7518.00 | 332.00 | 329.00 | 330.00 | -1.00 |
| 134 | Saptakoshi Development Bank Ltd. | 2116.00 | 118.00 | 117.00 | 117.00 | 0.00 |
| 135 | Shangrila Development Bank Ltd. | 12778.00 | 150.00 | 148.00 | 149.00 | 1.00 |
| 136 | Shikhar Insurance Co. Ltd. | 1193.00 | 966.00 | 930.00 | 945.00 | 0.00 |
| 137 | Shine Resunga Development Bank Ltd. | 819.00 | 278.00 | 264.00 | 275.00 | 9.00 |
| 138 | Siddhartha Bank Limited | 6561.00 | 305.00 | 300.00 | 300.00 | -2.00 |
| 139 | Siddhartha Insurance Ltd. | 1039.00 | 727.00 | 706.00 | 706.00 | -14.00 |
| 140 | Soaltee Hotel Limited | 200.00 | 260.00 | 255.00 | 255.00 | 0.00 |
| 141 | Standard Chartered Bank Limited | 4598.00 | 760.00 | 745.00 | 760.00 | 9.00 |
| 142 | Summit Micro Finance Dev.Bank Ltd. | 162.00 | 990.00 | 981.00 | 981.00 | 1.00 |

Total Amount Rs. 287,974,431 Total Quantity 876,611 Total No of Transactions 4,493

# निगमले १० नयाँ जहाज थप्दै

**नेपाल समाचारपत्र**

काठमाडौं

आन्तरिक बजारमा नेपाल वायु सेवा निगमको हिस्सा बढाउने लक्ष्यका साथ निगमले आगामी आर्थिक वर्षभित्र १० नयाँ विमान खरिद गर्न गृहकार्य थालेको छ। ९ विमानबाट अन्तरिक उडान गर्दै आएको निगमको आन्तरिक बजारमा ३ प्रतिशत मात्र हिस्ता रहेको छ।

सरकारले सार्वजनिक गरेको सन् २०२० सम्म २० लाख पर्यटक भित्र्याउने योजानलाई टेवा पुर्‍याउने लक्ष्यका साथै निगमलाई प्रतिस्पर्धी बजारमा बलियो उपस्थिति जनाउनको लागि नयाँ विमान थप गर्ने तयारी गरेको निगमका महाप्रबन्धक सुगतरत्न कंसकारले जानकारी दिनुभयो।

निगमसँग भएको तीन वटा चार दशक पुराना टुवीनअटरलाई दुई वर्षभित्र विस्थापित गरी आन्तरिक उडानमा ६ नयाँ साना विमान, २ एटीआर ७२ र २ नयाँ न्यारो वडी विमान खरिद गर्ने लागेको कंसकारले बताउनुभयो। यससँगै निगमसँग अन्तर्राष्ट्रिय उडानमा ७ र आन्तरिक उडानमा १४ विमान (सानो १०) हुने छ। हाल निगम सँग ३ टुइनअटर ४ वाई टुवेल विमान,२ एम ए -६० र तिन न्यारोवडी र २ वाइडवडी (१ वाइडवडी विमान ३ हप्तामा नेपाल आउने) रहेको छन्। निगमले नागरिक उड्डयन प्राधिकरणले विमानस्थल निर्माण गरेको विमानस्थल सबैमा क्षेत्रमा उडान गर्न योजनासमेत रहेको निगमको भनाइ छ। निगमले आन्तरिक उडानमा रुम्जटार, साँफेबगर, चौरफारीमा समेत सेवा सञ्चालन गर्ने गृहकार्य गरेको कंसाकारले बताउनुभयो।

निगमले खरिद गर्ने विमानको लागि करिब २० अर्ब रुपियाँ लगानी गर्नुपर्ने हुन्छ, जसको लागि सस्तो ब्याजमा निगमले सञ्चय कोषसँग र अरू वित्तीय संस्थासँग ऋण लिने योजनासमेत निगमले बनाएको छ।

# जलविद्युत्मा सर्वसाधारणको लगानी बढाइने

काठमाडौं, (नेस)

ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयलले जलविद्युत् आयोजनामा सर्वसाधारण तथा आर्थिक रुपमा विपन्न नागरिकलाई सहज रुपमा लगानीको वातावरण बनाउने पहल थालेको छ।

मंगलबार ऊर्जा मन्त्रालयमा नदी प्रवाहमा आधारित तथा अर्ध जलाशययुक्त १६ आयोजना निर्माणका लागि सर्वसाधारणको थोरै परिमाणको पुँजी परिचालन गरेर भए पनि 'नेपालको पानी जनताको लगानी, हरेक नेपाली विद्युत्को शेयरधनी' भन्ने सरकारको लक्ष्य पूरा गर्ने भन्ने विषयमा छलफलसमेत भएको छ। छलफलमा समेटिएका ३ हजार ३ सय ९७ मेगावाट उत्पादन क्षमताका १६ वटा आयोजनामध्ये प्राथमिकताका आधारमा ती आयोजनाको निर्माण प्रक्रिया अघि बढाईने ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्री वर्षमान पुनले बताउनुभयो। यी आयोजना निर्माणका लागि करिब ७ खर्ब रुपियाँ लागत अनुमान गरिएको छ।

# विद्युत् केन्द्रमा आगलागी, उत्पादन रोकियो

**नेपाल समाचारपत्र**

काठमाडौं

नुवाकोटस्थित २४ मेगावाट क्षँमताको त्रिशूली जलविद्युत् केन्द्रमा आगलागी भएको छ।

मंगलबार दिउँसो १ बजेबाट शुरू भएको आगलागी अपरान्ह ५ बजेपछिमात्र नियन्त्रणमा लिईएको नुवाकोटका प्रहरी उपरीक्षक बसन्त कुँवरले जानकारी जानकारी दिनुभयो। कुँवरका अनुसार विद्युत् गृहको कन्ट्रोल प्यानलमा आगालागी भएको हो भने एक दर्जन प्यानल जलेर नष्ट भएका छन्। आगलागीका कारण त्रिशूली जलविद्युत् केन्द्रबाट बहने पानी पनि रोकिएको छ। जसबाट १४ मेगावाट उत्पादन क्षँमताको देवीघाट जलविद्युत् आयोजना पनि बन्द भएको छ।

आगलागीबाट ५ करोड रुपियाँभन्दा बढीको भौतिक सम्पत्ति नष्ट भएको प्रारम्भिक अनुमान गरिएको छ। दिउँसो लगभग १ बजेबाट शुरू भएको आगलागी नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरीको टोलीले ४ घण्टापछि मात्र निणन्त्रणमा लिन सफल भएको थियो।

नेपाल विद्युत् प्राधिकरणका अनुसार जेनेरेसनतर्फको ६.६ केभी साइट ब्रेकरमा आगलागी भएको छ। आगलागीपछि त्रिशूली जलविद्युत केन्द्र र त्यसको क्यासकेटकारुपमा रहेको देवीघाट जलविद्युत केन्द्र (जडित क्षमता १५ मेगावाट)ब ाट करिब २८ मेगावाट विद्युत उत्पादन विच्छेद भएको प्राधिकरणका प्रवक्ता प्रबल अधिकारीले बताउनुभयो।

'तर, यसबाट नुवाकोटका केही स्थानबाहेक मुलुकभरको समग्र विद्युत आपूर्तिमा कुनै असर गरेको छैन, उहाँले भन्नुभयो-'आगलागीबाट भएको क्षतिको यकिन र मर्मतसंभार तत्काल शुरू गर्न प्राविधिक टोली परिचालन गरिसकेका छौं।' उहाँले आगलागीको कारण प्राविधिक टोलीको अध्ययनपछि मात्रै यकिन हुने बताउनु भयो। प्राधिकरणले विद्युत गृहमा आगलागीपछि विद्युत आपूर्ति बन्द भएका नुवाकोटका विभिन्न स्थानमा वैकल्पिक व्यवस्था गरी बुधबार १२ बजेसम्म विद्युत् आपूर्ति सुचारु गर्ने भएको छ। यसका लागि ६६/११ केभीको ट्रान्सफर्मर राखी विद्युत आपूर्ति सुचारु गर्न लागेको हो। नुवाकोटमा १३ वटा फिडरमार्फत विद्युत् आपूर्ति भइरहेकोमा विद्युत गृहमा अगलागीका कारण ७ वटा बन्द छन्, ६ वटा फिडरमात्रै सञ्चालनमा छन्।

# झिनो अंकले घट्यो नेप्से

काठमाडौं, (नेस)

मंगलबार शेयर बजारमा शून्य दशमलव ५० अंकको सामान्य गिरावट आएपछि नेपाल स्टक एक्सचेन्ज नेप्से १ हजार २ सय ५ दशमलव ९३ अंकमा कायम भएको छ।

दिनभरिमा १ सय ६० वटा कम्पनीको ८ लाख ७६ हजार ६ सय ११ कित्ता शेयर ४ हजार ४ सय ९३ पटक खरिद बिक्री हुँदा २८ करोड ७९ लाख ७४ हजार ४ सय ३१ रुपियाँ बराबरको कारोबार भएको छ। मंगलबार बैंकिङ, वित्त र बीमा समूहको उपसूचकमात्र बढेको छ। बैंकिङ समूह १ दशमलव ४५ अंकले, वित्त समूह शून्य दशमलव शून्य ७ अंकले र बीमा समूह ५ दशमलव ३ अंकले बढेको छ। सबैभन्दा धेरै उत्पादन समूहको उपसूचक ७० दशमलव ५२ अंकले घटेको छ।

त्यसैगरी होटल समुहको उपसूचक १ दशमलव ४१ अंकले, विकास बैंक समुहको उपसूचक शुन्य दशमलव ४७ अंकले, जलविद्युत् समूहको उपसूचक २ दशमलव १५ अंकले, अन्य समूहको उपसूचक १ दशमलव ९९ अंकले र लघुवित्त समूह शून्य दशमलव ५३ अंकले घटेका छन्। मंगलबार सबैभन्दा धेरै कृषि विकास बैंकको सबैभन्दा धेरै १ करोड ४८ लाख रुपियाँ बराबरको कारोबार भएको छ। सबैभन्दा धेरै कमाउनेमा बरुण हाइड्रोका लगानीकर्ताले प्रतिकित्ता ७ दशमलव ४३ प्रतिशतले र सबैभन्दा धेरै गुमाउनेमा वेष्टर्न डेभलपमेन्ट बैंकका लगानीकर्ताले प्रतिकित्ता ९ दशमलव ७६ प्रतिशतका दरले गुमाएका छन्।

# नरेफाँटमा लुम्बिनी विकास बैंकको शाखा खुल्यो



काठमाडौं, (नेस)

लुम्बिनी विकास बैंकले काठमाडौं महानगरपालिका-३२ स्थित नरेफाँटमा ६५औं शाखा सञ्चालनमा ल्याएको छ। उक्त शाखा नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीले उद्घाटन गर्नुभयो। शाखा उद्घाटन गर्दै डेपुटी गभर्नर शिवाकोटीले बैंकहरू शहरमा मात्र केन्द्रित नभई ग्रामीण भेगमा समेत सेवा विस्तार गर्दै जानुपर्ने बताउनुभयो। कार्यक्रममा बैंकका कामु प्रमुख कार्यकारी अधिकृत उमेश रेग्मीले बैंकबाट उपलब्ध सेवा सुविधाको सम्बन्धमा स्पष्ट पार्नुभएको थियो।



नेपाल समाचारपत्र
जि.का.का.द.नं. १४७/०५१/०५२ म.क्ष.हु.द.नं. ०३/०६२/०६३
www.newsofnepal.com


# प्रेममय नाइँ नभन्नु ल



निर्माता निर्देशक विकास आचार्यले लगातार हिटको व्यापार गर्दै आएको *नाइँ नभन्नु ल*को नामका आधारमा बनाएको पाँचौं संस्करण आगामी भदौ ८ गते अल नेपाल रिलिजमा आउने भएको छ। यसै सन्दर्भमा यसको निर्माण कम्पनी वन टाइम सिनेमाले मंगलबार राजधानीमा एक समारोह आयोजना गरी *नाइँ नभन्नु ल ५* को ट्रेलर सार्वजनिक गरेको छ।

बालबालिकाको प्रेमलाई फिल्ममा प्रस्तुत गर्दै आएका आचार्यले पाँचौं संस्करणको फिल्मको ट्रेलरको केन्द्रमा पनि बालबालिकालाई प्रस्तुत गरेका छन्। प्रेममय ट्रेलरमा अनुभव रेग्मी र यही फिल्मबाट डेब्यु गरेकी सेड्रिना शर्माले मुख्य स्थान पाएका छन् भने अभिषेक नेपाल र स्वस्तिमा खड्का पनि अटाएका छन्।

अनुभव रेग्मी, इमोसनल स्टोरी अनि मिठासपूर्ण संगीत *नाइँ नभन्नु ल*को शृंखलाका विशेषता मानिँदै आएको छ। 'मीठा संगीत र इमोसनल स्टोरी त छ नै यो शृंखला कथा वाचन र प्राविधिक हिसाबले थप अब्बल बनेको हाम्रो विश्वास छ।' -समारोहमा विकासले दाबी गरे। फिल्मको दोस्रो शृंखलादेखि आबद्ध हुँदै आएकी नायिका प्रियंकाले फिल्ममा आफ्नो छोटो तर महत्त्वपूर्ण भूमिका रहेको बताइन्। 'रोलभन्दा पनि सिरिजको यात्रामा भाग लिन यो फिल्म खेलेकी हुँ', प्रियंकाको भनाइ थियो- 'कथा र प्रस्तुति यसमा फरक पाउनु हुनेछ।' इलाम र झापालाई कथाको पृष्ठभूमि बनाइएको फिल्ममा अभिषेक नेपाल र सेड्रिना शर्माले डेब्यु पाएका छन्। हरिबोल भण्डारी र गौरीराज जोशीद्वारा निर्मित फिल्ममा दिलिप रायमाझी, निरुता सिंह, प्रियंका कार्की, केकी अधिकारी, स्वस्तिमा खड्का, जयनन्द लामा, बुद्धि तामाङ, उत्तम केसीलगायतका कलाकारले मुख्य भूमिकामा अभिनय गरेका छन् भने सामीप्यराज तिमिल्सिना र विकासराज आचार्यको लेखन, दिनेश थपलियाको गीत रचना, वसन्त सापकोटाको संगीत, कविराज गहतराजको कोरियोग्राफी, पुरुषोत्तम प्रधानको छायांकन र अर्जुन जिसीको सम्पादन रहेको छ।





**सिड्नी सो** | नायिका तथा निर्मात्री केकी अधिकारी आफूद्वारा निर्मित फिल्म *कोहलपुर एक्सप्रेस*को शोका क्रममा अस्ट्रेलियाको सिड्नीमा।

## धरहरा

### सेनाको सम्भावना



वर्षौंदेखि बन्द भएका उद्योग कलकारखाना पुनः सुचारु गर्न सरकारले चासो बढाएको छ। स्वदेशमै रोजगारीका अवसर बढाउन, बढ्दो व्यापारघाटा घटाउन, आर्थिक वृद्धिको लक्ष्य हासिल गर्न उद्योग कलकारखानाको ठूलो भूमिका हुन्छ। बन्द रहेका धेरै उद्योगमध्येको एक हो, हेटौंडा कपडा। अहिले चर्चा त्यही उद्योगको छ।

सो उद्योगको सञ्चालन नेपाली सेनाले गर्ने रे। उद्योग मन्त्रालयले त्यस्तै तयारी गऱ्या चर्चा छ। अन्य समूह वा कम्पनीलाई व्यवस्थापनको जिम्मा दिइयो भने पुरानै राष्ट्रिय रोगले च्याप्ने भएसी सेनालाई रोज्या रे। हुन पनि हो, सेनालाई जिम्मेवारी दिएका सडक र अन्य पूर्वाधार टकाटक सम्पन्न भइराछन्।

अब सडकका खाल्टाखुल्टी मर्मत गर्ने, अस्तव्यस्त सरकारी निकायको अनुगमन, भ्रष्टाचार र कालोबजारी नियन्त्रण गर्नेजस्ता काम पनि सेनालाई दिइयो भने त गज्जबै हुन्छ क्यार।

लौन सल्लाहकारहरूले सरकारलाई बेलैमा सल्लाह दिनुपऱ्यो। अनि राजनीतिक नेतृत्वको विकल्पमा सेनालाई नै सोच्ने हो कि! आखिर प्रधानमन्त्री, मन्त्री, सांसद र नेताहरू सधैं फेल भइरहन्छन् भने किन नसोच्ने? त्यस्तो हुँदाचाहिँ मुलुकले छिट्टै आर्थिक छलाङ पो मार्थ्यो कि!

# गाउँ चिनाउन वृत्तचित्र

लमजुङ, (नेस)। ग्रामीण पर्यटनको पर्याय बन्दै गरेको लमजुङको अर्को एक गाउँमा पनि होमस्टे विस्तार गरी राष्ट्रिय अन्तर्राष्ट्रियस्तरमा चिनाउनका लागि निर्माण गरिएको *पुरानकोटको चिनारी* वृत्तचित्र सदरमुकाम बेसीशहरमा प्रदर्शन गरिएको छ।

वृत्तचित्र प्रदर्शनीको बेसीशहर नगरपालिका नगरप्रमुख गुमानसिंह अर्यालले एक विशेष समारोहबीच शुभारम्भ गरे। वृत्तचित्रमार्फत पुरानकोटलाई विश्वभर चिनाउने र गाउँको पर्यटन प्रवर्द्धन गर्ने उद्देश्य रहेको पुरानकोट पर्यटन प्रवर्द्धन कार्यक्रमका संयोजक आरपी गुरुङले बताए। वृत्तचित्रमा पुरानकोटको मौलिक गीत र नृत्य, यानिमाया भाकादेखि घाटु, स्यार्गासहितका नाचको झलक समेटिएको छ। साथमा ऐतिहासिक, भौगोलिक, लोकसंस्कृति, धार्मिक, पर्यटकीय सम्भावनाहरू समग्र सम्पदा तथा विशेषतालाई समेट्ने प्रयास गरिएको छ।

# सोनाम ग्याल्मो हेर्नेको ताँती



तत्कालीन श्री ३ जंगबहादुरलाई जारले काटेको कथामा आधारित नाटक *सोनाम ग्याल्मो* हेर्न परराष्ट्रमन्त्री प्रदीप ज्ञवाली बत्तीसपुतलीस्थित शिल्पी थिएटर पुगेका छन्।

'नाटकमा इतिहासको पुनर्व्याख्या पाएँ। तामाङ सामाजिक जीवनको यथार्थ चित्र प्रस्तुत गरी जंगबहादुरको मृत्युसम्बन्धी रहस्यलाई स्थापित गर्न खोजेको छ नाटकले।' -नाटक हेरेपछि ज्ञवालीले भने। पत्रकार फूलमान बलको लेखन र सोनाम मोक्तानको निर्देशन रहेको नाटक असार ११ गतेदेखि नियमित मञ्चन भइरहेको छ। नाटकले तामाङ मौलिकतालाई रोचक ढंगले पस्केको पनि मन्त्री ज्ञवालीले बताए। 'इतिहासको एउटा कालखण्डमा दुःख पाएकाहरूको कथालाई नाटककार बलले टिपेका छन्', उनले भने- 'नाटकले भिन्न सांस्कृतिक स्वाद पस्केको छ। मन छोयो।'

आधिकारिक इतिहास बन्न नसकेको तर तामाङ समुदायमा लोककथाका रूपमा प्रचलित रहेको कथामाथि लेखिएको नाटक हेर्न मन्त्री ज्ञवालीसँगै पूर्वमन्त्री शान्ता मानवी, दिलमान पाख्रिन, सभासद् एवं अनेरास्ववियु अध्यक्ष नवीना लामा, समालोचक एवं साहित्यकार प्रा. राजेन्द्र सुवेदी, साहित्यकार सरस्वती ज्ञवाली, अनिल पौडेल, राजेन्द्र थापा, प्राज्ञ निमा ग्याम्जो लामालगायत पनि पुगेका थिए। नाटक हेर्न कोरियाका लागि पूर्वराजदूत कमानसिंह लामा, तामाङ नायिका रन्जिता ब्लोन, गायिका रेश्मा बमजनलगायतको समूह शिल्पी पुगेको थियो।

विवाहमा बेहुला र बेहुली राखेर चारदाम (वैवाहिक जीवनको कसम खुवाउने विधि) गर्दै गर्दा नाटक फ्लासब्याकमा जान्छ।

त्यसपछि सर्लाही पत्थरघट्टा आसपासको पुरानो तामाङ समाज र जीवनको उत्तरार्धमा त्यही ठाउँमा शिकार खेल्न गएका जंगबहादुरबीचको संघर्षले नाटकलाई गति प्रदान गर्छ। नाटकमा तामाङ फिल्मकी चर्चित नायिका चाँदनी लामा, सेलो गायक एवं संगीतकारद्वय फूलकुमार बमजन र सुसन लामाको पनि अभिनय छ। मुख्य पात्र सोनाममा निर्देशक स्वयंले खेलेका छन् भने ग्याल्मोको भूमिकामा शान्ति वाइबा छिन्।

यसबाहेक निकिता वाइबा, निशा पाख्रिन, मात्रिका घिमिरे, मनोज तामाङ, सन्तोष तामाङ (बोन्बो), सञ्जीव राई, देविन चौधरी, विजय टुबा, सुनिल तामाङ, साजन लामाले अभिनय गरेका छन्। सेलो थिएटरको प्रस्तुति रहेको नाटक मंगलबारबाहेक हरेक दिन नियमित मञ्चन भइरहेको छ। नाटक असार २५ गतेसम्म मात्रै मञ्चन हुने भनिए पनि दर्शक चापका कारण असार २८ गतेसम्म लम्ब्याइएको सेलो थिएटरकी संयोजक एवं अभिनेत्री शान्ति वाइबाले बताइन्।

आन्तरिक राजस्व विभागको
आर्थिक वर्ष २०७४/०७५ को अनुमानित करको विवरण तथा आयकरको तेस्रो किस्ता बापतको रकम दाखिला गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना
आर्थिक वर्ष २०७४/०७५ मा आयकर ऐन, २०५८ (सं.स.) को दफा ९४ को उपदफा (१) बमोजिम आयकरको किस्ता रकम दाखिला गर्नुपर्ने करदाताहरुले दफा ९५ बमोजिम आर्थिक वर्ष २०७४/०७५ को कारोवारको अनुमानित करको विवरण र सो विवरण अनुसार तिर्नुपर्ने आयकरको तेस्रो किस्ता वापतको सतप्रतिशतले हुने रकम यही २०७५ आषाढ मसान्त भित्रै ठूला करदाता कार्यालय वा सम्बन्धित आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयमा दाखिला गरी ऐन अनुसार लाग्ने शुल्क तथा व्याजबाट बचौं ।
"हाम्रो पौरख हाम्रो कर, राष्ट्र निर्माणको दिगो भर ।"




कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोनः ४-२६११७९, फ्याक्सः ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादकः पुष्करलाल श्रेष्ठ